सर्वाधिक बिक्री हुने

# साप्ताहिक

सबैको लागि सम्पूर्ण पत्रिका

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि.




● वर्ष १६ ● अंक २५ ● काठमाडौं, शुक्रबार, कात्तिक २६, २०६७ ● SAPTAHIK ● Nepali National Weekly ● Friday, Nov 12, 2010 ● पृष्ठ २४ + ८ = ३२ ● मूल्य रु. १२/-

## मिस अर्थमा सहाना

साप्ताहिक समाचार

आउँदो डिसेम्बर महिनाको ४ तारिखमा हुने अन्तर्राष्ट्रिय स्तरको एउटा विशेष समारोहमा सहभागी हुन विश्वका ९० भन्दा बढी मुलुकका सुन्दरीहरू यतिखेर भियतनाममा भेला भएका छन् । 'मिस अर्थ-२०१०' शीर्षकको उक्त विशेष समारोहमा सहभागी हुन नेपालका तर्फबाट मिस नेपाल-२०१० की फर्स्ट रनर्सअप सहाना बज्राचार्य गत साता भियतनामतर्फ लागेकी छिन् । विगान एन्ड लिह कलेजका ब्रोड कास्ट मिडियाका विद्यार्थी २० वर्षीया सहाना ५ फिट ५ इन्च अग्ली छिन् । काठमाडौं निवासी सहानाले विभिन्न टेलिभिजन विज्ञापन, पेपर तथा होर्डिङ एड एवं म्युजिक भिडियोमार्फत मोडलका रूपमा परिचय बनाइसकेकी छिन् । टेलिभिजनमा महिलासम्बन्धी कार्यक्रम 'युगान्तर' सञ्चालन गरेको अनुभव बोकेकी सहानालाई बालबालिका एवं महिलासम्बन्धी क्षेत्रमा विशेषतः टेलिभिजन माध्यमबाट जनचेतना जगाउने कार्यमा विशेष रुचि छ । वृत्तचित्र निर्माणमा पनि झुकाव राख्ने सहानालाई फोटोग्राफीमा पनि उत्तिकै रुचि छ । उनी आफ्नो परिवारलाई आफ्नो ज्ञान, प्रेरणा, साहस एवं उत्साहको स्रोत भएको मान्छिन् ।

मिस अर्थमा आफ्नो उपस्थितिलाई अझ सशक्त बनाउन सहानाले वातावरणीय परिवर्तनका कारण नेपाली समाजमा परेको प्रभावलाई प्रस्तुत गर्ने तीन मिनेटको श्रव्य-दृश्य तयार पारेकी छिन् । उनले आफ्नो श्रव्य-दृश्यमा इम्जा तालमा बढ्दो पानीको सतह र पानीको अभावका कारण भक्तपुर क्षेत्रको कृषि उत्पादनमा परेको प्रभावलाई समेटेकी छिन् ।

आगामी डिसेम्बर ४ मा भियतनामको भिनपर्ल ल्यान्ड, न्हा ट्राङमा सम्पन्न हुने दसौं संस्करणको 'मिस अर्थ-२०१०' की विजेतालाई गत वर्षकी विजेता ब्राजिलकी लारिसा रामोसले ताज पहिर्‍याउनेछिन् । मिस अर्थ विजेताले मिस अर्थ फाउन्डेसन, संयुक्त राष्ट्र संघको वातावरणीय कार्यक्रम तथा वातावरण क्षेत्रमा कार्यरत संस्थाहरूका लागि कार्य गर्नुपर्ने हुन्छ ।



तस्बिर : इशान राई







## मुख खोलिन् नम्रताले

**साप्ताहिक समाचार**

नायिका नम्रता श्रेष्ठको सेक्स टेप प्रकरण नेपाली चलचित्र उद्योगका निम्ति कालो पाटो थियो । खुला र उदार विदेशी चलचित्र उद्योगका सेलिब्रेटीहरूको पनि यस प्रकारको व्यक्तिगत यौनसम्बन्धको भिडियो विरलै सार्वजनिक हुने अवस्थामा नेपाली चलचित्र उद्योगकी आशलाग्दी नायिकाको उक्त प्रकरण वास्तवमै बिर्सनलायक घटना थियो । अगस्ट २००९ को उक्त घटनाले नेपाली समाजमा एक प्रकारको तरंग ल्याएको थियो ।

डिजे तान्त्रिकका नामले चिनिएका संगीतकर्मी किचमान चित्रकारसँगको सेक्स भिडियो सार्वजनिक भएलगत्तै नम्रताको करियर पनि धर्मराउन पुग्यो । नम्रताद्वारा अभिनीत सफल चलचित्र मेरो एउटा साथी छ प्रदर्शनमा आएलगत्तै उक्त टेप सार्वजनिक भएको थियो । उक्त टेप सार्वजनिक हुनुको कारण एवं दोषीका सम्बन्धमा भन्न सक्ने अवस्था अहिलेसम्म नभए पनि धेरैले नम्रताको जीवनमा डिजे तान्त्रिकले खेलबाड गरेको बुझ्े । स्वयं नम्रताले पनि आफूले विश्वास गरेको मानिसबाटै धोका पाएको कुरा आफ्ना निकटस्थहरूलाई बताइन् ।

टेप प्रकरणलगत्तै रेस्टुराँ व्यवसायमा सीमित भएकी नम्रतालाई साथी रेमन श्रेष्ठले बलियो साथ दिएका थिए, तर हाल नम्रता रेस्टुराँ व्यवसायमा रेमनसँग पनि अलग्गिसकेको बताइन्छ ।

सेक्स टेप प्रकरण सार्वजनिक भएपछि नम्रता यो विषयमा सधैं मौन रहन चाहिन् । विभिन्न सञ्चारमाध्यमले उक्त टेप हेरेर त्यसका आधारमा समाचार बनाएको हुनाले उनले पत्रकार सम्मेलन गरेर आफ्नो पक्ष स्पष्ट गर्ने योजना बनाए पनि त्यो योजना त्यत्तिकै तुहियो । त्यसपछि पनि उनले यसका बारेमा कसैसँग कुरा गर्न चाहिनन् । केही समयअघि काठमाडौंबाट प्रकाशित हुने एक अंग्रेजी अखबारमा उनले सेक्सटेप प्रकरणका सम्बन्धमा मुख खोलिन्, जसमा उनले आफ्नो कुनै गल्ती नभएको बताउँदै उक्त घटनाप्रति ग्लानि नभएको बताएकी छिन् ।

अन्तर्वार्तामा भनिएको छ, 'सेक्स टेप प्रकरणपछि धेरै पक्षको जोखिम लिएर पनि नम्रताले आघात सहन सक्ने साहस बटुलेकी छिन् ।' उक्त प्रकरण सार्वजनिक भएको करिब एक वर्षपछि दिइएको भेटवार्तामा भनिएको छ- 'सेक्स टेप प्रकरण छताछुल्ल भएपछि भर्खरै सुरु भएको उनको करियरमा गम्भीर धक्का पुग्यो । सेक्सटेप सार्वजनिक भएलगत्तै उनका सपोर्टर र प्रशंसकहरू नराम्रोसँग झस्किए । केही वर्षअघि सञ्चार माध्यममा नांगो तस्बिर छापिएका कारण एक नायिकाले आत्महत्या गरेको घटनालाई स्मरण गर्नुपर्ने बाध्यता नम्रताको सेक्स टेप प्रकरणले ल्याएको थियो । नम्रताले पनि तिनै नायिकाको बाटो समाउन बाध्य हुनुपर्छ भन्ने अनुमान

पृष्ठ १५ मा जारी

## भित्र

गरे नेपाल मै सम्भव छ
प्रा. डा. रामकण्ठ माकजुसँग अन्तर्वार्ता
पृष्ठ ५

सन्तोष पन्तसँग तीन प्रश्न
पृष्ठ १४

ग्वान्जाउ एशियाडमा नेपाल
पृष्ठ ३० र ३१



## ● क्यासेट ●

### हस्ताक्षर




विधा : आधुनिक
गायन तथा संगीतकार : सत्य/स्वरूपराज आचार्य र अञ्जु पन्त
गीतकार : दुर्गा घले
गीत संख्या : दस
उत्पादक : विन्ध्यवासिनी म्युजिक

### मेरो गीत मेरो प्रयास




विधा : आधुनिक
गायन : स्वरूपराज आचार्य, अञ्जु पन्त
गीत/संगीतकार : रविराम श्रेष्ठ, विनय कार्की, कोसिस क्षेत्री, केशवजंग पाण्डे, किचमान चित्रकार र अजय राना ।
गीत संख्या : दस
उत्पादक : रियाज म्युजिक

### अन द वे




विधा : आधुनिक तथा पप
गायन : सलोमी
संगीतकार : राहुल प्रधान, विकास तथा सुसन लामा
गीतकार : रमेश अधिकारी, सुसन लामा तथा टीका चाम्लिङ
गीत संख्या : सात
उत्पादक : एसियन म्युजिक सेन्टर

## ● रंगमञ्च ●

### शैलीको मानुष

शैली थियटरको प्रस्तुतिमा रुसी साहित्यकार अलेक्जेन्डर पुस्किनको उपन्यास 'दुब्रोभ्स्की'मा आधारित नाटक मानुषको मञ्चन भएको छ । गत साता मञ्चित उक्त नाटकको नाट्य रूपान्तरण तथा निर्देशन नवराज बुढाथोकीले गरेका थिए । कृष्णप्रकाश श्रेष्ठद्वारा अनुवाद गरिएको नाटक 'मानुष' सशस्त्र द्वन्द्वबीच मौलाएको प्रेममा आधारित थियो । नाटकमा क्रान्ति वा प्रेममध्ये के कुराले समाज परिवर्तन गर्न सकिन्छ ? भन्ने कुरा नाटकमा केलाइएको थियो । नाटक 'मानुष' आगामी मंसिर २, ९ र २३ गते साँझ साढे चार बजे पुनः काठमाडौंको कमलपोखरीस्थित रुसी सांस्कृतिक केन्द्रमा मञ्चन हुनेछ ।

### बाघले बच्चा किन खान्छ ?

महाकवि लक्ष्मीप्रसाद देवकोटाले छ दशक अघि सिर्जना गरेको 'बाघले बच्चा किन खान्छ ?' कवितालाई महाकविको १०२ औं जन्मजयन्तीका अवसरमा राजधानीमा नाटकका रूपमा मञ्चन गरिएको छ । नाटककर्मी तथा प्राज्ञ कृष्ण शाह यात्रीको परिकल्पना तथा निर्देशनमा अन्तर्राष्ट्रिय साहित्य समाजको आयोजनामा उक्त कविता नाटक मञ्चन गरिएको हो । कविता नाटकमा विवेक चौधरीले एकल अभिनय गरेका थिए ।

### महिला हिंसाविरुद्ध कचहरी नाटक



दर्शकहरूको समेत अभिनयमा कचहरी गरेर महिला हिंसा रोक्ने उपाय खोज्दै झापाका ५ गाविसमा नाटक प्रदर्शन भएको छ । नाटकका कलाकारले महिला हिंसाको विषयवस्तु उठान गरेपछि महिला कसरी हिंसाबाट मुक्त हुन सक्छिन भन्ने उपाय दर्शकले निकाल्छन् ।*अँध्यारो विरुद्ध* शीर्षकको यो कचहरी नाटक जिल्लाको जलथल, चकचकी, शिवगन्ज, दुहागढी र बनियानीमा प्रदर्शन भएको हो ।

नाटकमा जाँड-रक्सी र जुवा तासका कारण ग्रामीण समाजमा हुने गरेको महिला हिंसाको विषयलाइ प्रस्तुत गरिएको छ । नाटक दमकस्थित गन्तव्य थिएटरका कलाकारहरूद्वारा यो प्रस्तुत गरिएको हो । नाटकको लेखन एवं निर्देशन भूपेन्द्र तिम्सिनाले गरेका हुन् । नाटकमा तिम्सिनाका साथै ममता बुढाथोकी, सुवासचन्द्र खरेल, विमला चिमोरिया, सुमन राई, दिलन समाल, आइत गुरुङ तथा डीपी चौरालीले अभिनय गरेका छन् । महिला हिंसा विरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा घरेलु हिंसाविरुद्धको अभियान पूर्वाञ्चल नेटवर्कले मंसिर ८ देखि १४ सम्म सोही नाटक इलाम, झापा तथा धनकुटाका ६ स्थान प्रदर्शन गर्नेछ ।

- मिलन के राउत

## ● लाइभ ●

**क्लब मोसेज ओपनिङ पार्टी**
आयोजक : क्लब मोसेज एन्ड रेष्टुरां
आकर्षण : डिजे तेन्जिङ, रोज मोक्तान, विजय लामा तथा मिलन लामा
स्थान : क्लब मोसेज एन्ड रेष्टुरां, कमल मार्ग, जोरपाटी
मिति : कात्तिक २६ गते, शुक्रबार । समय : साँझ ६ बजेदेखि

**विविध सांस्कृतिक कार्यक्रम**
आयोजकः द राइजिङ स्टार युथ क्लब
कलाकार : प्रमोद खरेल, हिमाल सागर, तिलकवम मल्ल, राजु परियार, ज्योति मगर, विजय अधिकारी, सागर साह तथा टेलिशृंखला मेरी बास्सैका कलाकारहरू । मिति : मंसिर १ गते बुधबार
समय : दिउँसो १२ बजे । स्थान : शिशाघाट, तनहुँ

**म्युजिक बाइ म्युजियम**
आयोजक : हिटस् एफ एम ९१.२ तथा म्युजिकोलोजी
आकर्षण : संगीतकार न्हयु बज्राचार्यका संगीत रहेका गीतहरू
स्थान : पाटन म्युजियम, मंगलबजार, ललितपुर
मिति : कात्तिक २६ गते, शुक्रबार । समय : साँझ ६ बजेदेखि

**दीपावली मिलन समारोह**
आयोजक : इन्डियन सिटिजन एसोसियसन अफ नेपाल
आकर्षण : डोर प्राइज तथा भारतीय परिकारहरूको फुड स्टलहरू
स्थान : महावीर जैन निकेतन, कमल पोखरी
मिति : कात्तिक २७ गते, शनिबार
समय : बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म
टिकट दर : रु.२५०/- (परिकारहरू निःशुल्क)

## ● ग्यालरी ●



**शरणार्थी शिविरमा एकल रचना**

पूर्वका लोकप्रिय स्रष्टा प्रकाश आङ्देम्बेको एकल रचना वाचन कार्यक्रम झापास्थित सातैवटा भुटानी शरणार्थी शिविरमा सम्पन्न भएको छ । अन्तर्राष्ट्रिय स्रष्टा मञ्चको आयोजना तथा स्थानीय परिवर्तन नाट्य परिवारको सहआयोजनामा सम्पन्न उक्त एकल कार्यक्रम बीआरसी हलमा आयोजना गरिएको थियो ।

## ● सहरमा सिनेमा ●

**गोर्खापल्टन :** गोपीकृष्ण, चाबहिल/बाराही, भक्तपुर/ गुण, ग्वार्को
**डर :** गोपीकृष्ण, चाबहिल/विश्वज्योति, जमल/गंगा, बालाजु/पुष्पाञ्जली, जडिबुटी/ बाराही, भक्तपुर/गुण, ग्वार्को
**कसले चोर्यो मेरो मन :** गोपीकृष्ण, चाबहिल/बाराही, भक्तपुर/गुण, ग्वार्को/अष्टनारायण, बालाजु
**गोलमाल श्री :** सेन्ट्रल सिनेमा, सिभिल मल/जयनेपाल, हात्तीसार/कुमारी, कमलपोखरी/गोपीकृष्ण, चाबहिल/गुण, ग्वार्को/विग सिनेमा, सिटीसेन्टर
**एक्सन रिप्ले :** सेन्ट्रल सिनेमा, सिभिल मल/जयनेपाल, हात्तीसार/कुमारी, कमलपोखरी/गोपीकृष्ण, चाबहिल/गुण, ग्वार्को/विग सिनेमा, सिटीसेन्टर

## ● पुस्तक ●




कवि तथा नाटककार सरुभक्त आफ्ना १ सय मुक्तकका साथ एकपटक फेरि पाठकहरूमाझ आएका छन् । साहित्यकार सरुभक्त सरोकार केन्द्र, पोखराले प्रकाशित गरेको सरुभक्तको पछिल्लो कृति प्रेमयात्रा नेपाली मुक्तकको क्षेत्रमा एउटा कोसेढुंगा सावित हुनसक्छ । प्रेम, प्रेमी र प्रेमिकाका विशेषता एवं वैचारिक भावनामा केन्द्रित सरुभक्तका यी मुक्तकहरू नयाँ-नयाँ प्रेमीदेखि अनुभवले खारिएका प्रेमीहरूसम्मका लागि संवेदनशील रूपमा देखा परेका छन् । १ सय ३८ पृष्ठमा विस्तारित प्रस्तुत कृतिमा १ सयवटा मुक्तकबाहेक नेपाली मुक्तकको विशेषता एवं इतिहाससमेत प्रस्तुत गरिएको छ । पुस्तकको मूल्य १ सय रुपैयाँ छ ।

## ● सहरको स्वाद ●



### मम मन्त्रको मम

काठमाडौंको पुरानो बानेश्वरबाट रत्नराज्य स्कुल जाने मूलबाटोको देब्रे किनारास्थित ममका लागि प्रसिद्ध मम मन्त्र रेष्टुराँमा तीन थरीका ममः पाइन्छ । काठमाडौंका ममका पारखीहरू माझ चर्चित उक्त रेष्टुराँका तीनै प्रकारका मम र अचारले धेरैको भोक मेटाएको छ । पार्किङको समस्या भए पनि आफ्ना सवारी साधन टाढा कतै पार्किङ गरेर भए पनि मानिसहरू उक्त रेष्टुराँमा पुग्छन् । मम मन्त्रमा होम प्याकिङ गराउनेहरू पनि निकै हुन्छन् ।

प्रतिप्लेट मूल्य दर : भेज मम- रु.४०, बफ मम रु.५० र चिकेन मम ७० ।

## तपाईंको यो साता




ज्यो. पं. ओजराज उपाध्याय लोहनी

### मेष

प्रसन्नता बढ्नेछ । मानसम्मान पाइने, काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुनेछन् । बुधबार र बिहीबार गलत विचार, खर्च एवं चिन्ता बढ्ने, काममा अवरोध आउने तथा स्वास्थ्य गडबड हुने योग छ । घरेलु समस्याले पनि सताउन सक्छ ।

### मिथुन

स्वास्थ्य गडबड हुन सक्छ । काममा अवरोध आउनुका साथै मन उदास रहनेछ । गलत विचार बढ्न सक्छ । अरूको आलोचनाको सामना गर्नुपर्ला । आइतबारदेखि काममा सफलता मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । व्यवसायमा गरिएको लगानी फलदायी रहनेछ । अरूको विश्वास जित्न सकिनेछ ।

### सिंह

काममा सफलता पाउन प्रयत्न गर्नुपर्ला । कुरा काट्नेहरूबाट सावधान रहनुहोला । स्वास्थ्य गडबड हुने भएकाले सजगता अपनाउनुपर्ने बेला छ । पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ । धन आर्जन पनि हुन सक्छ । बुधबार र बिहीबार समय प्रतिकूल रहनेछ ।

### तुला

खर्च बढ्नुका साथै विवादको सामना गर्नुपर्नेछ । स्वास्थ्य गडबड हुन सक्छ । अध्ययनमा अवरोध आउने क्रम यथावत् रहनेछ । घरेलु समस्याले सताए पनि मान-सम्मान मिल्ने तथा काममा सुधार आउने योग छ । पहिलो भेटमै अरुको विश्वास जित्न सकिनेछ । धन आर्जन गर्ने अवसर पनि जुट्नेछ ।

### धनु

काममा सफलता प्राप्त हुनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ । आफन्तहरूको सहयोग मिल्नेछ । नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ । अध्ययनमा सफलता पाइनेछ । गलत विचारका साथै खर्च, विवाद एवं चिन्ता बढ्ने योग भएकाले धैर्यता अपनाउनुहोला ।

### कुम्भ

खर्च एवं विवादले सताउनेछ । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । आइतबारदेखि काममा सुधार आउनेछ । अरूको विश्वास जितेर अघि बढ्न सकिनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ । आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् ।

### वृष

काम सफल हुनुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ । भेटघाटमा मन रमाउनेछ । पहिलो भेटमै अरूको मन जित्न सकिनेछ । व्यवसायमा सफलता पाउनुहोला । प्रेम गर्ने अवसर मिल्नेछ । नोकरी तथा राजनीतिमा राम्रै स्थान पाउनुहोला । प्रतिस्पर्धीहरू पराजित हुनेछन् । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् ।

### कर्कट

पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । धन आर्जन पनि हुन सक्छ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् । भेटघाटमा प्रसन्नता बढ्नेछ । आइतबार तथा सोमबार काममा अवरोध आउनेछ । घरेलु समस्याले सताउन सक्छ । मित्र बनेर दुःख दिनेहरू प्रशस्तै हुनेछन् । रिसको वेग बढ्नेछ ।

### कन्या

स्वास्थ्य गडबड भए पनि पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम पाइने योग छ । आफन्तहरूको सहयोग जुट्नेछ । आइतबार, सोमबार तथा शुक्रबार विवाद बढ्ने, धन नाश हुने एवं काममा अवरोध आउने भएकाले महत्वपूर्ण काममा अघि नबढ्नुहोला ।

### वृश्चिक

पराक्रम बढ्ने, अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ । भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ । आफन्तहरूको सहयोग तथा अध्ययनमा सफलता प्राप्त हुनेछ । बोलीको प्रभाव बढ्नेछ भने खर्च बढे पनि प्रशस्त आम्दानी हुनेछ । स्वास्थ्य गडबड हुने भएकाले खानपानमा विचार पुर्‍याउनुहोला ।

### मकर

सोचेका धेरै कुरा पूरा हुनेछन् । अरूलाई विश्वास दिलाउन सकिनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम पूरा हुने तथा नयाँ काम हात पर्ने योग छ । नोकरी तथा राजनीतिमा महत्वपूर्ण स्थान प्राप्त होला । आफन्तहरूको सहयोग मिल्नेछ । धन आर्जन पनि हुन सक्छ । प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् ।

### मीन

स्वास्थ्यमा सुधार आउनेछ । अरूलाई विश्वास दिलाउन सकिनेछ । ठूला व्यक्तिले परामर्श लिनेछन् । अध्ययनमा सफलता प्राप्त हुनेछ । आइतबार र सोमबार समयमा निर्णय नहुँदा हात परेको काम पनि फुत्कन सक्छ । झूटा आरोप लाग्न सक्ने भएकाले काम गर्दा होस पुर्‍याउनुहोला ।

## यो साताको पञ्चाङ्ग

कात्तिक २६ गते : छठ पर्व, २८ गते : अन्तर्राष्ट्रिय मधुमेह दिवस, २९ गते : कुष्माण्ड नवमी, ३० गते : बलम्बु महालक्ष्मी जात्रा, मंसिर १ गते : हरिबोधिनी एकादशी, अन्तर्राष्ट्रिय विद्यार्थी दिवस, वराह क्षेत्र मेला प्रारम्भ, २ गते : चाँगुनारायण अखण्ड दीप दर्शन ।

# वीरगन्जका उद्योगी-व्यवसायी पुनः आतंकित

वीरगन्ज- विभिन्न आपराधिक संगठनले फेरि एकपटक निशाना बनाउन थालेपछि आर्थिक नगरी वीरगन्जका उद्योगी-व्यवसायीहरू पुनः आतंकित भएका छन् । केही महिनायता शान्ति-सुरक्षाको स्थितिमा सुधार आएर निर्धक्क साथ घुमफिर तथा कारोबार गर्न थालेका यहाँका उद्योगी-व्यवसायी गत कात्तिक ११ गते बिहीबार सम्साँझै कपडा-व्यवसायी गोपी क्यालउपर गोली प्रहार भएपछि आतंकित भएका हुन् । युवा व्यवसायी तथा वीरगन्ज उद्योग वाणिज्य संघका महासचिव गोपाल केडियामाथि जेठमा भएको गोली प्रहारको घटनापछि यस क्षेत्रमा यस्ता घटना भएका थिएनन् । दीपावली र छठ पर्वजस्ता तराईका मुख्य पर्वको मुखमा लुकेर बन्द व्यापार गर्नुपर्दा व्यवसायीहरू नरमाइलो महसुस गर्दैछन् । क्यालउपर भएको गोली प्रहारको घटनाको सशस्त्र भूमिगत संगठन संयुक्त जनतान्त्रिक तराई मुक्तिमोर्चाले जिम्मेवारी लिएको छ ।

आक्रमणको घटना पुनः सुरु भएपछि स्थानीय उद्योगी-व्यवसायीले गत कात्तिक १२ गते शुक्रबार गृहमन्त्रीलाई ज्ञापनपत्र पठाई ज्यूज्यानको सुरक्षाको माग गरेका थिए । वीरगन्ज उद्योग वाणिज्य संघका एक वरिष्ठ पदाधिकारी पाँच वर्षयता वीरगन्जका करिब ४० उद्योगी-व्यवसायीउपर गोली र बम प्रहारका घटना भएको बताउँछन् । स-साना आक्रमणका घटना यसभन्दा बढी हुन सक्छन् । गत वर्ष असोज २७ गते १० मिनेटको अन्तरमा कपडा व्यापारीहरू राजु साह र मनोज अग्रवाललाई गोली प्रहार गरीएकोमा मनोजको मृत्यु भएको थियो । उनीहरूउपर गोली प्रहार भएकै साता वीरगन्जका अर्का व्यापारी विनोद अग्रवालको अज्ञात समूहले धारिलो हतियार प्रहार गरी हत्या गरेको थियो । ती घटनाको विरोधमा उद्योगी व्यवसायीले गत वर्षको दीपावलीका दिन ब्ल्याक आउट गरेका थिए ।

मंसिर २२ गते उद्योगी राजन तुल्स्यानको बिर्तास्थित घरमा प्रवेश गरेको आपराधिक समूहले चलाएको गोली लागेर उनीहरूकै समूहका एक सदस्यको मृत्यु भएको थियो । वीरगन्ज आदर्शनगरस्थित पशुपति रोड क्यारियर्सका प्रबन्धक राजेश्वर दुबेको मंसिर २५ गते गोली हानी हत्या गरिएको थियो । परवानीपुरका औषधी व्यवसायी उद्धव अर्यालको माघ २४ गते राति उनको घरबाटै नाटकीय शैलीमा अपहरण गरेर फागुन ७ गते हत्या गरिएको थियो । अघिल्लो वर्ष युवा व्यापारी राजेश क्यालको पनि हत्या भएको थियो ।

मुलुकको कुल राजस्वमध्ये करीब ६० प्रतिशत राजस्वको स्रोत मानिने पर्सा-बारा औद्योगिक करिडोर एवं आर्थिक नगरी वीरगन्जका उद्योगी-व्यवसायी भने राज्यलाई आफूहरूले कर मात्र तिरिरहेको तर त्यसबापत सुरक्षा पाउन नसकेको गुनासो गर्छन् ।

'आफूउपर आक्रमण भयो भन्दैमा उद्योगी-व्यवसायीले बन्दुक बोकेर हिँड्ने र आफ्नो सुरक्षाको व्यवस्था आफैं गर्ने कुरा आउँदैन,' एक उद्योगीले बताए । उद्योगी-व्यवसायीउपर हुने अधिकांश घटनामा भारतीय आपराधिक समूहहरूले आफ्नो जिम्मेवारी दाबी गर्ने गरेका छन् । छोटेलाल सहनीदेखि पछिल्लो पटक चर्चामा आएको बागड बिल्ला समूहसम्म करिब एक दर्जन भारतीय आपराधिक समूहले वीरगन्ज र आसपासका उद्योगी-व्यवसायीलाई निशाना बनाउँदै आएका छन् । त्यसबाहेक पप्पु शर्मा, मुन्ना शर्मा आदि भारतीय आपराधिक समूहले पनि विगत पाँच वर्षयता आतंक मच्चाउँदै आएका छन् ।

आक्रमणको सिलसिला नरोकिएपछि कतिपय उद्योगी-व्यवसायीले वीरगन्जबाहिर बसेर वीरगन्जको कारोबार हेर्ने, कतिपयले प्रहरीलाई सुरक्षा गार्ड राखेर कारोबार गर्ने, कतिपयले कारोबार नै बेचबिखन गरेर वीरगन्ज मात्र नभई मुलुक नै छोड्नेसम्मको कदम उठाइसकेका छन् ।

वीरगन्जमा भारतीय अपराधीहरूको चलखेल बढ्नुको कारण भारतिय मोबाइलको यहाँसम्म सहज पहुँच हुनु पनि प्रमुख कारण रहेको उद्योगी व्यवसायीहरू बताउँछन् । भारतमै बसेर नेपालमा हैकम चलाउन सफल भारतीय अपराधीहरूले आफूहरूले धम्की मात्र दिन होइन, भौतिक कारबाहीसम्म पनि गर्न सक्छौं भनेर बेला-बेलामा वीरगन्जका उद्योगी व्यवसायीहरूउपर गोली प्रहारका घटना गर्ने गरेका छन् ।

वीरगन्ज उद्योग-वाणिज्य संघका अध्यक्ष ओमप्रकाश सिकारिया केही महिना सुध्रिएजस्तो देखिएको वीरगन्जमा पुनः सम्साँझै उद्योगी-व्यवसायीउपर गोली प्रहार हुन थालेपछि आफू अत्यन्त चिन्तित भएको बताउँछन् । समयमै प्रहरी प्रशासन सक्रिय नहुने हो भने पुरानै अवस्था फर्कन सक्ने आशंका उनको छ ।

पर्साका प्रहरी उपरीक्षक राजेन्द्रमान श्रेष्ठ क्यालउपर भएको गोली प्रहारको घटनापछि वीरगन्जको सुरक्षा व्यवस्था थप कडा बनाइएको दाबी गर्छन् । श्रेष्ठले नगरमा थप सुरक्षाकर्मी परिचालन गरिएको बताए । क्यालको घटनामा संलग्न व्यक्तिको पहिचान भैसकेकाले उनीहरूलाई पक्राउ गर्न सक्दो प्रयास भैरहेको दाबीसमेत श्रेष्ठले गरे ।

**-शंकर आचार्य**






# नेपालमा केही हुँदैन भन्नेहरूले मलाई भेटून्



प्रा.डा.रामकण्ठ माकजु, निर्देशक, धुलिखेल अस्पताल

**धुलिखेलको सामान्य किसान परिवारमा जन्मिएका वरिष्ठ सर्जन रामकण्ठ माकजु नेपालको स्वास्थ्य क्षेत्रमा सामान्य चासो राख्नेका लागि पनि आदरणीय नाम हो । १६ वर्षअघि अष्ट्रियाको अन्तर्राष्ट्रिय फोराल्वर्ग सिटी अस्पतालमा सर्जनको आकर्षक पद र आम्दानी छाडेर नेपाल फर्किएका रामकण्ठले आफ्नो थाकथलोमा विश्व स्वास्थ्य संघठनले निर्धारण गरेको युरोपेली मापदण्डको अस्पताल बनाएका छन् । करिब १ सय ४८ रोपनीमा फैलिएको उक्त अस्पताल कुनै त्यस्तो सेवाबाट अछुतो छैन, जुन राजधानीका प्रमुख अस्पतालले उपलब्ध गराउँछन् । करिब ३ सय ६० शय्याको यो अस्पतालले काठमाडौं विश्वविद्यालयको मेडिकल साइन्ससँग सम्बन्धित सबै विषयका सहायक एवं विशेषज्ञहरू पनि उत्पादन गर्दै आएको छ । यो एउटै अस्पतालले नेपालका दुर्गम गाउँमा स्वास्थ्य केन्द्र पनि स्थापना गरेको छ, जसमा यही अस्पतालका विशेषज्ञ एवं इन्टर्न चिकित्सकहरूबाट स्वास्थ्य सेवा पनि प्रदान गर्छ । अध्यापन एवं चिकित्सकीय सेवा दिइरहेको यो अस्पतालले आफ्नो कार्यलाई विस्तार दिँदै मेडिकल अनुसन्धानको काम पनि गरिरहेको छ । तातोपानीमा सुत्केरी गराउने जस्ता दर्जनौं नवीनतम प्रविधि नेपालमा भित्र्याएका कारण यसले केही अन्तर्राष्ट्रिय पुरस्कार पनि प्राप्त गरेको छ ।**

**१५ वर्षअघि दुई कोठामा स्वास्थ्य सेवा प्रारम्भ गर्दा धुलिखेल अस्पताल यो रूपमा आउला भन्ने कल्पना गर्नुभएको थियो ?**

इन्जिनियरले नक्सा नकोरी भव्य भवन बन्न सक्ला ? युरोपको प्रगति कसरी भयो ? आज जे सम्भव देखिएको छ, त्यसको योजना बुनिएको थियो कि थिएन भन्ने कुरा बुझ्रेपछि यो प्रश्न गौण हुन्छ । तपाईं जुन काम प्रारम्भ गर्दै हुनुहुन्छ, त्यहीबेला त्यो कहाँसम्म पुऱ्याउँछु भन्ने सोच्नुहुन्छ, त्यो त्यहीँ पुग्छ । तपाईं धुलिखेल अस्पतालको यो रूपलाई धेरै ठूलो देखिरहनु भएको छ । यो साच्चै नै आम मानिसले कल्पना गर्ने अस्पतालभन्दा भन्दा फरक छ । यसको अर्थ यसको परिधि यति मात्र हो भन्ने होइन ।

**धुलिखेल ठूलो स्थान होइन, तर तपाईंको अस्पतालको कल्पना र योजना अन्तर्राष्ट्रिय स्तरका छन्, यस्तो काम त राजधानीमै गर्नुपर्ने होइन र ?**

राजधानीमा सरकारले पनि आफ्नो ठूलो संयन्त्र लगाएकै छ । प्राइभेट अस्पतालहरू पनि त्यहीँ व्यवसाय गरिरहेकै छन् । यदि म सेवा गर्छु भनेर त्यही थुप्रिने हो भने त्यो सेवा हुनेछैन । सेवा गर्न त गाउँमा पो जानुपर्छ । मैले मेरो गाउँको छेऊमा यो अस्पताल खोलें । मेरा बुवालाई यहीँ अप्रेसन गरेर बचाएँ । राजधानी पुऱ्याउन नभ्याउने, आर्थिक अवस्था नाजुक भएका यताका जनतालाई एउटै स्थानमा सबै सेवा दिएँ भने पो मैले सेवा गरेको ठहरिन्छ । सेवा गरें भन्नु र साँच्चै महसुस हुने गरी सेवा गर्नु फरक कुरा हुन् ।

**तैपनि सानो स्थानमा ठूलो कामको आँट गर्नु ....?**

प्राचीनकालदेखि नै धुलिखेल पूर्वी पहाड तथा तराईको संगम स्थल थियो । बीपी राजमार्ग बनेपछि पूर्वी तराईसँग यसको नाता अझै गहिरिएको छ । धुलिखेल अस्पतालले पूर्वका पहाड र तराई दुवै क्षेत्रलाई समेटेको छ । त्यसैले पनि यहाँ वार्षिक १० हजारभन्दा बढी अप्रेसन हुन्छ । दुई हजारले प्रसूति सेवा गराउन थालेका छन् । करिब डेढ लाखले वाहिरंग सेवा लिइरहेका छन् । त्यसैले यो सानो क्षेत्र होइन । फेरि ठूलो काम गर्न ठूलै ठाउँ चाहिन्छ भन्नु अज्ञनता हो । राम्रो गरेपछि सानो स्थान पनि ठूलो हुन्छ । राजधानीका मानिस पनि यहाँ उपचार गर्न आउनु यसैको प्रमाण हो ।

**बाटोको अभावका कारण गाउँमा एम्बुलेन्स पुग्दैन, उनीहरूलाई कसरी सेवा दिनुहुन्छ ?**

यो मेरो पनि चिन्ताको विषय थियो । अब त्यो चिन्ता हटेको छ । अब बिरामी डाक्टरकहाँ होइन, डाक्टर बिरामीको घरमा जानुपर्छ । यसका लागि धुलिखेल अस्पतालको सेवा आवश्यक मानिएको गाउँमा एउटा स्वास्थ्य केन्द्र बनाइन्छ । त्यसमा हाम्रा इन्टर्न डाक्टर, सक्षम नर्स एवं स्वास्थ्य सहयकहरू बस्छन् । महिनामा एकपटक विशेषज्ञ चिकित्सकको टोली ती स्वास्थ्य चौकीमा पुग्छन् । कुन दिन कुन रोगका विशेषज्ञ त्यहाँ पुग्छन्, त्यसको सूचना अगावै दिइन्छ । थप उपचारको आवश्यकता भए उनीहरूले नै धुलिखेल लिएर आउँछन् । अहिलेसम्म रामेछाप, काभ्रे, सिन्धुपाल्चोक, धादिङ, सोलुखुम्बु, गोरखा जिल्लाका १७ गाउँमा यस्ता स्वास्थ्य केन्द्र खोलिइसकेका छन् । यसलाई दुर्गम जिल्लाका सबैतिर विस्तार गर्ने योजना छ ।

**धुलिखेल अस्पतालको भव्यता एवं यसको मेसिनरीमा करोडौं खर्च लागेको देखिन्छ । त्यसमा पनि गाउँ–गाउँमा स्वास्थ्य केन्द्रहरूको स्थापनाले खर्च बढेको छ, यत्रो रकम कहाँबाट प्राप्त हुन्छ ?**

तपाईं राम्रो काम गर्छु भनेर लाग्नुहोस्, सहयोग गर्ने हातहरू जताततै भेट्नुहुन्छ । आजभन्दा १५ वर्षअघि यो स्थान स्याल कुध्ने डाँडा थियो, मानिसहरू एक्लै आउन सक्दैनथे, तर तपाईंसँग साँच्चै नै सपना छ, त्यसलाई पूरा गर्ने आँट, विश्वास एवं लगनशीलता छ भने सबैले सहयोग गर्छन् । धुलिखेलका जनता, स्थानीय निकाय एवं देश र विदेशका सहयोगी हातहरूले नै धुलिखेल अस्पताल यहाँसम्म आइपुगेको हो । यद्यपि यो काम कल्पना गरेजस्तो सजिलो थिएन । यस्तो काम गर्न हृदयमा इमानदारी र काँधमा जिम्मेवारी बोकेर हिँड्नुपर्छ । एक शब्द, एक पाइला एवं एक योजना पनि यताउति भैदियो भने सम्झनुहोस्, ठूलो कुरा बन्दाबन्दै भत्कन सक्छ ।

**तपाईं पनि आम नेपाली जस्तै पारिवारिक मान्छे, यति धेरै शक्ति र समय कसरी प्राप्त गर्नुहुन्छ ?**

हो म एक अष्ट्रियन श्रीमती र एउटी छोरीको पीता हुँ । सर्जनको नाताले मेरो काम रोगीहरूको अप्रेसन गर्नु हो । किनभने यी मेरा हात भगवान्ले यसकारणले कौसलयुक्त बनाइदिए, ताकि म सरल रूपमा रोगीको अप्रेसन गर्न सकौं । तपाईं एउटा परिवारको मात्र अभिभावक हुने कि सारा नेपालीको अभिभावक हुने ? सबैको परिवार चाहन्छ, मेरा अभिभावकलाई सबैले माया र सम्मान गरुन् । यदि असल काम गर्न तपाईं सँग स्पष्ट भिजन छ भने तपाईंलाई परिवारले पनि साथ दिन्छन् । ईश्वरले शक्ति दिन्छन् । श्रीमती र छोरी मात्र होइन, यो अस्पतालमा काम गर्ने ५ सय ५० व्यक्ति मेरा परिवार हुन् । यी सबैको सहयोग र मायाले मलाई सघाइरहेको छ ।

**अस्पतालको स्वरुप बढ्दै जाँदा तपाईंले आफूलाई कसरी परिवर्तन गर्दै आउनु भएको छ, किनभने हिजोको रामकण्ठ र आजको रामकण्ठमा धेरै परिवर्तन आइसक्यो, होइन ?**

छैन, म सधैं ४ बजे उठिसक्छु । एक घन्टा शारीरिक एवं मानसिक व्यायाम गर्छु । किनभने लामो एवं स्वास्थ्य जीवन बाँच्न व्यायाम आवश्यक छ । साढे सातबजेसम्म घरमा नास्ता गरेर ८ बजेसम्म अस्पताल आइसक्छु । ठीक ८ बजे सबै विभागका प्रमुखसँग दिनभरि गर्ने कामको मिटिङ हुन्छ । ९ देखि ११ बजेसम्म अस्पतालमा बिरामीको रिपोटिङ लिने काम हुन्छ । ११ बजेपछि म त्यस दिन गर्ने सबै अप्रेसन सक्छु । त्यसपछि अस्पताल हातामै रहेको संयुक्त क्यान्टिनमा खाना खान्छु । खानापछि दिनभरि प्रशासनिक काम गर्छु । साँझदेखि घरपुग्नु अघिसम्म दाता, शुभचिन्तक एवं विशेषज्ञहरूसँग भेटघाट गर्छु । घर पुग्दा नौ बज्छ ।

पृष्ठ १५ मा जारी

आवश्यकता
NAO प्रोजेक्टमा कर्मचारीहरुको आवश्यकता । part time/ full time job को ब्यबस्था ।
तलब– १९५००
संख्या–१० लेडिज/१० पुरुष
योग्यता: SLC above + Basic computer जान्ने
सम्पर्क:
९८४११९९११९, ९८०३०७५९८१, ९७५१००३९२९ मित्रपार्क
UTL टावरको पहिलो तल्ला
नोट: विद्यार्थी लाई आफ्नो समय अनुकुल part time job को ब्यवस्था शनिवार अफिस खुल्ला हुनेछ ।


एक दशक देखि निरन्तर प्रतिबद्ध नेपाल का प्रसिद्ध रेडियो कान्तिपुरका प्रस्तोता तथा Most Demanded Public Speaker/RJ/MC/Terai T.V. का VJ/ नेपालका ३५ जिल्लामा तालिम दिएका Master Trainer "हेम सुबेदी" तपाईलाई आफ्नै अत्याधुनिक Studio मा स्तरिय तालिम दिएर व्यवसायिक उद्घोषक बनाउनु हुनेछ ।
मंसिर देखि आकर्षक Package
We have made many professionals
Now it's your turn! Call Now or Never...
Boom Media
Baghbazar, Ktm., Nepal
4260125, 9841666875

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
BPH. B. Pharmacy, PBN, B.Sc Nursing & CMLT
- फर्म भर्ने अन्तिम मिति: २०६७।०७।३०
- PBN र B.Sc Nursing को लागि प्रवेश परिक्षा मिति: २०६७।०८।०४, दिउसो १२:०० बजे देखि २:०० बजे सम्म।
- BPH र B. Pharma प्रवेश परिक्षा मिति २०६७।०८।०५, BPH परिक्षा समय ११:०० बजे देखि १:०० बजे र B.Pharma २:०० बजे देखि ४:०० बजे सम्म ।
- CMLT को फर्म भर्ने अन्तिम मिति: २०६७।०७।२८ र प्रवेश परिक्षा २०६७।०७।३०

उपलब्ध सेवा तथा सुविधाहरु:
१) आफ्नै भवनमा कक्षा संचालन ।
२) कलेजको आफ्नै अस्पताल भएको ।
३) पूर्वाञ्चल विश्वविद्यालयको सबै भन्दा पूरानो कलेज ।
४) B. Pharmacy मा Gold Medal ल्याउन सफल।
५) यातायात तथा छात्रवासको सुविधा भएको ।
६) अनुभवी प्रध्यापकहरुबाट अध्ययन गराइने ।

ASIAN COLLEGE FOR ADVANCE STUDIES
Affiliated to Purbanchal University & CTEVT
Satdobato, Lalitpur
Phone No : 5540183
: 2230359
Fax : 01-5543192
E-mail: info@acas.edu.np, Web: www.acas.edu.np

BE A Ship Officer & Ship Engineer
Achieve Internationally Respected Career
Highly Demanded Job all over the World
@ Barter International Maritime Studies (Bangkok, Uk, Australia & Fiji)
Eligibilty for Ship Officer- SLC
Duration -1 year
Age-18-24
Intake-December
Hurry up!! Admission going on for December intake...



Eligibility for Ship Engineer - Bachelor Degree in Electronics, Electrical, Mechanical, Computer Engineering
Duration - 15 Months
Intake -January.
Starting Salary - 3000$-3500$
Please visit office for detail information no phone counselling..
CAREER GUIDANCE NEPAL
Battisputali, Kathmandu
Ph:01-4462210, 9841488721
www.careerguidance.com.np

# समस्यामा रुमलिएको त्रिभुवन विश्वविद्यालय

● **सुदीप लामिछाने**

त्रिभुवन विश्वविद्यालयको स्थापना वि.सं.२०१५ सालमा भएको हो। स्थापनाकालदेखि विविध विषयमा अध्यापन गराउँदै आएको त्रिभुवन विश्वविद्यालय नेपालको सबैभन्दा ठूलो विश्वविद्यालय हो। देशभर विभिन्न आङ्गिक क्याम्पसबाट अध्ययन गराउँदै आएको त्रिभुवन विश्वविद्यालय स्वायत्त संस्था हो। लाखौं विद्यार्थीको भविष्यमाथि प्रत्यक्ष सरोकार राख्ने त्रिभुवन विश्वविद्यालय यतिबेला समस्यै समस्यामा रुमलिएको छ।

त्रिभुवन विश्वविद्यालयले प्राविधिक क्षेत्रमा सीमित लगानी गरेकाले सीमित विद्यार्थीले मात्र प्राविधिक विषय अध्ययन गर्ने अवसर पाएका छन्। स्थापनादेखि हालसम्म आइपुग्दा त्रिभुवन विश्वविद्यालयमा धेरै उतार चढाव आएका छन्। यस वर्षदेखि त्रिभुवन विश्वविद्यालयले विद्यार्थी संगठनको चर्को विरोधका बाबजुद प्रमाणतह खारेज गऱ्यो। प्रमाणतह हटाउने निर्णयसँगै गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गरिने, प्रत्येक क्षेत्रमा उच्च माध्यमिक विद्यालय खोल्ने र प्रत्येक जिल्लामा कम्तीमा एकवटा विज्ञानशास्त्र संकाय अध्ययन हुने उच्च माध्यमिक विद्यालय खोल्ने निर्णय गरिए पनि त्यसको कार्यान्वयन भने हुन सकेको छैन।

त्रिभुवन विश्वविद्यालयले आगामी शैक्षिक सत्रदेखि चारवर्षे स्नातक कार्यक्रम ल्याउने निर्णय गरेको छ। सन् १९९२ देखि दुईवर्षे ब्याचलरबाट तीनवर्षे स्नातक बनाएको त्रिभुवन विश्वविद्यालयले अन्तर्राष्ट्रिय मापदण्डअनुसार सबै संकायको चारवर्षे स्नातक बनाउन लागेको हो। यो निर्णय कार्यान्वयनमा हुन्छ कि हुँदैन वा के कति प्रभावकारी हुन्छ? अबको चारवर्षे स्नातकले अन्तर्राष्ट्रिय बजारमा के कति प्रतिस्पर्धा गर्न सक्छ? कौतूहलकै विषय बनेको छ।

गत वर्ष त्रिभुवन विश्वविद्यालयले शैक्षिक गुणस्तर बढाउने उद्देश्यले ५ गुणा शुल्क वृद्धि गऱ्यो। भौतिक पूर्वधारको उचित व्यवस्थापन नियमित अध्यापन गराउने, आन्तरिक परीक्षा गर्ने, क्याम्पसका नियमहरू कडाइका साथ कार्यान्वयन गर्ने, परीक्षा समयमै गर्ने, समयमै नतिजा प्रकाशन गर्ने जस्ता विषयमा विद्यार्थी संगठनसँग वार्ता गरे पनि त्यसको कार्यान्वयन भने हुन सकेको छैन। त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसको अवस्था दयनीय हुँदै गएको छ। आवश्यक भौतिक पूर्वाधारको अभावबाट गुज्रिरहेको त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पसमा उपयुक्त कक्षा कोठाको अभाव छ।



विद्यार्थी चापका कारण त्रिभुवन विश्वविद्यालयका केही क्याम्पसमा विद्यार्थीहरू उभिएरै पढ्न बाध्य छन्। उचित खेल मैदानको अभावमा खेलप्रेमी विद्यार्थीहरू खेल खेल्ने अवसरबाट वञ्चित छन्। खेल मैदान पनि उचित व्यवस्थापनको अभावले जीर्ण अवस्थामा छ। अधिकांश कलेजमा पुस्तकालय भए पनि पुस्तकको अभाव छ। विज्ञान प्रयोगशालामा सामग्रीको अभाव विद्यार्थीहरू ठूलै समस्यामा परेका छन्। प्रयोगशालामा सबै सामग्री नभएको मात्र होइन, भएका सामग्री पनि उचित तवरले उपयोग हुन सकेका छैनन्।

एकातर्फ भौतिक पूर्वाधारको अभाव अर्कातर्फ प्राचार्य तथा विद्यार्थीको लापरबाहीले त्रिभुवन विश्वविद्यालयको पढाइ अस्तव्यस्त बन्न पुगेको छ। प्राचार्यले पुरानै तरिकाले पठन-पाठन गराउनाले पढाइको स्तर खस्कँदै गएको छ।

त्रिभुवन विश्वविद्यालयले अनुगमन तथा निगरानी पटक्कै छैन। क्याम्पस प्रशासनको लापरवाहीसँगै विद्यार्थीको लापरबाहीका कारण त्रिभुवन विश्वविद्यालयको शैक्षिक गुणस्तरमाथि प्रश्न चिह्न खडा भएको छ। बढ्दो राजनैतिक हस्तक्षेपले त्रिभुवन विश्वविद्यालयको पढाइलाई कमजोर बनाएको छ। त्रिभुवन विश्वविद्यालय राजनैतिक आन्दोलनको केन्द्र बन्दै आएको छ। विभिन्न राजनैतिक दलले त्रिभुवन विश्वविद्यालयका विद्यार्थी प्रयोग गर्ने गरेका छन्। विद्यार्थीहरूको समस्या समाधानका निम्ति खोलिएको स्वतन्त्र विद्यार्थी युनियन कतिपय स्थितिमा विद्यार्थीका निम्ति समस्या बनेको छ। विद्यार्थी संगठनहरूको अस्वस्थ प्रतिस्पर्धाले त्रिभुवन विश्वविद्यालयलाई तनावपूर्ण बनाएको छ।

विद्यार्थी संगठनबीच मनमुटाव, झैझगडा र तोडफोड बढ्दो छ। विद्यार्थी संगठनले समय-समयमा विभिन्न माग राखी त्रिभुवन विश्वविद्यालयको अध्ययन नै ठप्प पार्ने गरेका छन्। विभिन्न विद्यार्थी संगठनले चर्चामा आउनैका निम्ति कलेज बन्द गरी विद्यार्थीको पढ्न पाउने अधिकारबाट वञ्चित गराएका छन्।

त्रिभुवन विश्वविद्यालयमा सरकारले बर्सेनि अर्बौं रुपैयाँ लगानी गर्दै आएको छ। क्याम्पस व्यवस्थापन र विविध प्रयोजनका निम्ति आएको रकमको सदुपयोग हुन सकेको छैन। विभिन्न विद्यार्थी संगठनहरू, प्राचार्य, क्याम्पस प्रशासन आदिको मिलोमतोमा बर्सेनि करोडौं रकम हिनामिना भएको पाइन्छ। उचित समयमा परीक्षा नगर्ने र नतिजा समयमा प्रकाशित नगर्नाले राम्रो करिअर निर्माण गर्ने उद्देश्यले अध्ययनरत सम्पूर्ण विद्यार्थी ठूलै मर्कामा परेका छन्। त्रिभुवन विश्वविद्यालयले सबै क्याम्पसमा आन्तरिक परीक्षा गर्ने भने पनि त्यसलाई मर्यादित एवं व्यवस्थित बनाउन सकेको छैन।

त्रिभुवन विश्वविद्यालयले परीक्षा सकेको आठ-नौ महिनासम्म नतिजा प्रकाशित नगर्नाले विद्यार्थीको अध्ययनमा निरन्तरता कायम हुन सकेको छैन। धेरै समस्यामा रुमालिएको त्रिभुवन विश्वविद्यालयको नतिजा पनि दयनीय छ। त्रिभुवन विश्वविद्यालयको स्नातक तहको नतिजा हेर्ने हो भने विशिष्ट श्रेणी वा प्रथम श्रेणीको त कुरै छाडौं, उत्तीर्ण हुने विद्यार्थी संख्या पनि निकै कम छ। स्नातक तहमा बर्सेनि ५-६ प्रतिशत मात्र उत्तीर्ण हुने गरेका छन्। त्रिभुवन विश्वविद्यालयको नतिजाले के स्पष्ट हुन्छ भने त्रिभुवन विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिन सकेको छैन।

त्रिभुवन विश्वविद्यालय यतिबेला समस्यै समस्याका बाबजुद पनि अघि बढिरहेको छ। त्रिभुवन विश्वविद्यालयले व्यवस्थापन पक्षमा निकै सुधार गर्नुपर्ने देखिन्छ। उचित पाठ्यक्रम र उचित मूल्यांकनको अभावमा गुज्रिरहेको त्रिभुवन विश्वविद्यालयबाट उत्पादित विद्यार्थीले अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्छन् कि सक्दैनन् भन्ने कुरा पनि शंकाको विषय बनेको छ।

# कलेज जीवनमा कसरी एडजस्ट हुने ?



एसएलसी उत्तीर्ण विद्यार्थीहरूले आफ्नो योग्यता, क्षमता एवं रुचिअनुसार उपयुक्त कलेज र विषय छनोट गरिसकेका छन् सँगै सम्पूर्ण विद्यार्थीले आफ्नो अध्ययनलाई निरन्तरता दिएका छन्। स्कुले जीवन बिदा भै कलेज जीवनको आगमनले विद्यार्थीहरूलाई एकातिर हर्षित तुल्याएको छ भने अर्कातर्फ केही समस्या पनि थपेको छ। स्कुल र कलेजको पढाइमा केही भिन्नता पाइन्छ। त्यसैले कलेज अध्ययनमा केही समस्या आउनु स्वाभाविक हो। १० वर्षसम्म पढेको स्कुल, शिक्षक तथा साथीभाइलाई छाडेर नयाँ ठाउँ, नयाँ परिवेश, नयाँ शिक्षक, नयाँ साथीले सबैलाई केही नौलो अनुभूति दिन्छन्।

सहरी क्षेत्रका अंग्रेजी माध्यमबाट पठनपाठन गरी आएका विद्यार्थीलाई नयाँ कलेजमा घुलमिल हुन केही सहज हुन्छ भने ग्रामीण वातावरणमा हुर्किएका, नेपाली माध्यममा अध्ययन गरेका विद्यार्थीलाई कलेज जीवनमा एडजस्ट हुन केही अप्ठ्यारो हुन्छ। नयाँ कलेजमा प्रवेश गर्दा आइपरेका समस्यालाई विस्तारै समाधानतर्फ लानुपर्छ। कलेज अध्ययनमा परेका समस्यालाई आफू अनुकूल बनाउँदै जानुपर्छ। आफ्नो भविष्यलाई उज्वल बनाइ सफलताको मार्गमा अघि बढ्नेहरूका निम्ति यतिबेलाको समय अत्यन्तै महत्त्वपूर्ण छ। कलेजको सुरुवातसँगै विभिन्न उतारचढाव आउँछन्।

किशोर अवस्थाको प्रमुख अवस्था भएकाले मनमा केही नकारात्मक विचार आउनु स्वाभाविक हो। ती नकारात्मक सोचलाई विस्तारै सकारात्मक दिशातर्फ लानुपर्छ। यतिबेला विद्यार्थीहरू लागूपदार्थ दुर्व्यसन तथा खराब कामतर्फ प्रेरित हुन्छन्। यस्ता क्रियाकलापबाट आफूलाई टाढा राख्नुपर्छ। राम्रो भविष्य निर्माणका निम्ति बेलैमा विचार पुऱ्याउनु आवश्यक पर्छ।

### उपयुक्त साथीको छनौट

कलेज अध्ययनमा अधिकतम अंक ल्याउन उपयुक्त साथीको छनौट गर्नुपर्छ। असल, बुद्धिमान कर्तव्यनिष्ठ, अध्ययनमा रुचि राख्ने तथा सामाजिक भावना भएको साथी छनौट गर्नुपर्छ। खराब साथीको संगतले खराब आचरणको विकास हुनुका साथै बिकृतितर्फ उन्मुख भइन्छ फलस्वरूप सफलता हात पार्न सकिँदैन। साथी बनाउँदा मनको भावना बुझ्ने, अध्ययनमा सहयोग गर्ने तथा आफू सहरको साथी बनाउनुपर्छ। असल साथीको छनौटसँगै अध्ययनमा आएका समस्या छलफल गर्दै अध्ययनलाई निरन्तरता दिनुपर्छ।

### नियमित उपस्थिति तथा गृहकार्य

कलेज अध्ययनमा कक्षा छोड्नु अहिले प्रमुख समस्या बनेको छ। जसको मारमा विद्यार्थी आफैं परेका छन्। कलेजमा नियमित उपस्थिती नहुनाले अध्ययनमा नकारात्मक प्रभाव पर्छ। सुरुदेखि नै नियमिति रूपमा कक्षामा उपस्थित हुनुपर्छ साथै दैनिक गृहकार्य गर्न्नुपर्छ। एकदिन क्लास मिस गर्नाले धेरै दिनसम्म पढाइमा हेम्पर हुन्छ। जसको प्रत्यक्ष प्रभाव परीक्षा देखिन्छ। दैनिक गरेको गृहकार्य नोट बनाइ संकलन गर्दै जानुपर्छ।

### स्वअध्ययन

कलेज जीवनको प्रारम्भसँगै दैनिक स्वअध्ययन गर्नुपर्छ। स्वअध्ययन उच्च अंकको आधारभूत तत्व हो। दैनिक समय विभाजन गरेर सबै विषय अध्ययन गर्नुपर्छ। शिक्षकले पढाएको कुरा घरमा आएर अध्ययन गर्नुपर्छ। पढाइ हुने च्याप्टर शिक्षकले पढाउनुपूर्व नै अध्ययन गर्नुपर्छ। एकपटक अध्ययन गरेको कुरालाई पटक-पटक स्मरण गर्नुपर्छ।

### प्राक्टिकलमा उपस्थिति

प्राक्टिकलमा नियमित सहभागी हुनुपर्छ। प्राक्टिकल थ्यौरी जत्तिकै महत्त्वपूर्ण हुन्छ। प्राक्टिकल गर्नाले व्यावहारिक ज्ञान प्राप्त हुन्छ साथै विषय लामो समयसम्म स्मरणमा रहन्छ। प्राक्टिक्लमा थ्यौरीमा नबुझेको कुरा स्पष्ट हुन्छ। प्राक्टिकलका निम्ति आवश्यक सामग्रीको पूर्व तयारी गर्नुपर्छ। प्राक्टिकलमा नियमित उपस्थित भए उच्चतम अंक ल्याउन मद्दत पुग्छ।

### अतिरिक्त क्रियाकलाप

अध्ययनका अलावा अतिरिक्त क्रियाकलापमा पनि सहभागी हुनुपर्छ। विद्यार्थीको चौतर्फी विकासका निम्ति अतिरिक्त क्रियाकलाप महत्त्वपूर्ण हुन्छ।

कलेज अध्ययनसँगै अतिरिक्त क्रियाकलापमा सहभागी हुँदा आफ्नो रुचिअनुसार विभिन्न गेम खेल्नुपर्छ। जसले शारीरिक एवं मानसिक सन्तुलन कायम राख्न मद्दत गर्छ। यसबाहेक विभिन्न कार्यक्रममा सहभागी हुन सकिन्छ। क्वीज, कविता वाचन, निबन्ध लेखन, नृत्य प्रतियोगिता आदि कार्यक्रममा सहभागी हुनुपर्छ। यस्ता कार्यक्रमहरू आफैंले पनि आयोजना गर्न सकिन्छ। साथीहरू मिली विभिन्न ठाउँहरू घुम्ने, रमाइलो गर्ने, पिकनिङ जाने आदि काम गर्नुपर्छ।


**हाईट बढाउने ?**
३ महिनामा ४" उचाई बढाउने
- केश झर्न तुरुन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउने र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)

**नेचुरल हेल्थ केयर**
ललितपुर, लगनखेल, (पाटन हस्पिटल अगाडी)
फोन : 5004046, 5550195
मोबाइलः 9851112675, 9808502611

**कस्मेटिक सर्जरी**
- शरिरमा भएको दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा आगोले पोलेर भएको समस्याको लागी
- नाक, कान, आाखा सम्बन्धि कस्मेटिक सर्जरी
- मंगोलियन आाखाको उपचार
- टाउकोमा केश उमार्न
- अनुहारको चाउरीपन हटाउन
- स्तनसम्बन्धि कस्मेटिक सर्जरी

**नेपाल प्लाष्टिक सर्जरी अस्पताल**
हरिशिद्धी, ललितपुर
५२५०६६५, ९८०३८८३५७७

**होटल तालिम होटल खुमजुङ्मा**
Cook/Waiter/House Keeping /Barman/Laundry/Caregiver /Domestic Helper/Bakery लगायत सम्पूर्ण होटल सम्बन्धि तालिममा भर्ना धमाधम लिईदैछ। विदेशमा जानेहरुकालागि र House Wife हरुका लागि Short Course को व्यवस्था छ। विदेशमा Training प्राप्त Teacher हरुद्वारा Beautician Course को कक्षा संचलन भैरहको छ।
**HOTEL KHUMJUNG PVT. LTD.**
फोन नं. : 4016111/4016194
महाराजगंज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व।

**होटेल तालिम मोडर्नमा**
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ।
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
**MODERN HOTEL Training Center** Pvt. Ltd. महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 9721315801

बेदाग गोरो बनाउने आयुर्वेदिक **रूपअमृत** Rs. 1650/- मात्र
Anti Pimple (Rose Sunscream Free)
*मुहारको दाग चाँया पोतो हटाउने Dr. Japan - Rs.350/-
*मुहारको चाउरीपन हटाउने Cream - Rs.1250/-
*स्तन घटाउने तथा बढाउने Cream - Rs.1650/-
*शरिरको Weight घटाउने Dr. Slim Tea - Rs.1250/-
शरीरको तौल + उचाई बढाउने
जाँड-रक्सीको कुलत बाट छुटाउने
No side effect 100% Garantee
सफल आर्युवेदिक प्राकृतिक उपचार
**केश** झर्न तुरुन्तै रोकी उमार्ने तेल Harbal 44 Rs. 750/-
**आस्था हेल्थ केयर**
काठमाडौं, गोशाला (द्वारिका हाटल अगाडि)
Tel.: 4498929, 9841330144
9845275046 Chitwan, 9842083409 इटहरी



# कलेज छनोटको समस्या

धेरै विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि उचित परामर्श एवं जानकारीको अभाव हुन्छ। विशेष गरी कस्तो विषय छनोट गर्ने, आफूले रोजेको विषयको भविष्य कस्तो छ, आफूले रोजेको विषय कहाँ पढ्न पाइन्छ, कस्तो कलेज छनोट गर्नु उपयुक्त हुन्छ इत्यादि। अधिकांश विद्यार्थीको पहिलो रोजाइ डाक्टर, इन्जिनियर, पाइलट तथा वकिल बन्ने पाइन्छ तर त्यसका लागि बढी परिश्रम र मेहनतको आवश्यकता हुन्छ। हाम्रो समाजमा विशिष्ट र प्रथम श्रेणीमा उत्तीर्ण व्यक्तिले विज्ञान पढ्नुपर्छ भन्ने गलत मानसिकता छ। वाणिज्य शास्त्र, विज्ञान, मानविकी तथा शिक्षा शास्त्रजस्ता विषयको अध्ययनबाट पनि आफ्नो भविष्य उज्ज्वल तुल्याउन सकिन्छ। जुनसुकै विषय पढे पनि उक्त विषयको गहन अध्ययन गरे अवश्य सफल भइन्छ।

नेपालजस्तो विकासोन्मुख देशमा प्राविधिक शिक्षालाई बढी प्राथमिकता दिनुपर्छ। नेपालमा प्राविधिक शिक्षा सरकारी एवं निजी शैक्षिक संस्थाहरूले प्रदान गर्दै आएका छन्। सरकारी कलेजमा थोरै कोटा हुने भएकाले नाम निकाल्न निकै मेहनत गर्नुपर्छ, साथै अध्ययन शुल्क न्यून हुन्छ तर निजी शैक्षिक संस्थाहरूमा निश्चित छात्रवृत्ति कोटाबाहेक केही महँगो र साधारण अभिभावकको पहुँचभन्दा बाहिर हुन्छ। एसएलसी उत्तीर्ण विद्यार्थीले प्राविधिक क्षेत्रमा प्रमाण पत्र स्तरको मेडिकल, इन्जिनियरिङ, कृषिविज्ञान, वनविज्ञान, जलवायु विज्ञान आदि क्षेत्रमा अध्ययन गर्ने अवसर पाउँछन्। मेडिकल क्षेत्रमा स्वास्थ्य सहायक नर्सिङ, ल्याब टेक्निसियन, रेडियोग्राफी, आयुर्वेद सहायकजस्ता क्षेत्रमा अध्ययनको अवसर खुला हुन्छ। त्यस्तै इन्जिनियरिङ क्षेत्रमा ओभरसियर, रेन्जर वर्षजस्ता विषय अध्ययन गर्न सकिन्छ। कृषि, भेटनेरी, सर्भे, अमिन सहायक, डेन्टल हाइजेनिक, डिप्लोमा इन फार्मेसीजस्ता विषय अध्ययन गर्दा अध्ययनपश्चात् सजिलै रोजगारी पाउन सकिन्छ।

आजभोलि छात्राहरूको पहिलो रोजाइ नर्सिङ बनेको छ। आकर्षक आम्दानी, उच्च सामाजिक प्रतिष्ठा साथै अध्ययनपश्चात् सजिलै विदेशमा रोजगारी र बसाइको बढी सम्भावना भएकाले यस क्षेत्रमा छात्राहरूको आकर्षण बढेको पाइन्छ। एसएलसी उत्तीर्ण विद्यार्थीले सरकारी तथा सीटीईभीटीद्वारा सम्बन्धनप्राप्त कलेजमा अध्ययनको अवसर पाउँछन्। सीटीईभीटीद्वारा सम्बन्धन प्राप्त कलेजमा अध्ययन गर्दा लगभग ४ देखि ५ लाख लाग्छ, जुन सामान्य अभिभावकको हैसियतभन्दा बाहिर हुन्छ।

एसएलसीको नतिजा प्रकाशन भएलगत्तै च्याउसरि उम्रिएका कलेजहरूले टेलिभिजन, पत्रपत्रिका, रेडियो एवं एफएममा कलेजका आकर्षक, गुलिया र लोभलाग्दा विज्ञापन प्रकाशित हुन्छन्। सबै कलेजले प्रायःजसो आफ्नो कलेज अरूभन्दा पृथक्, शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउन सफल, अनुभवी शिक्षकबाट पढाइने साथै उत्कृष्ट विद्यार्थी अध्ययनरत रहेको भनेर प्रचार-प्रसार गरिएको पाइन्छ र विशेष गरी मनै लोभ्याउने गरी मुख्य सडकहरूमा ब्यानर पम्पलेट र रङ्गीन पर्चाहरू बाँडिएको वा टाँगिएको पाइन्छ। नेपालको निजी शिक्षा निकै महँगो भैसकेको छ, साधारण अभिभावकले आफ्ना छोराछोरीलाई निजि शैक्षिक संस्थामा पढाउनु भनेको फलामको चिउरा चपाउनुजस्तै भएको छ। सरकारी कलेजमा कम पढाइ हुने, सधैं हड्ताल बन्द, विशेष गरी राजनीतिक संगठनको अखडा भएकाले प्राय निजी कलेजमा राम्रै पढाइ हुने आशा हुन्छ, तर कलेजको आकर्षक विज्ञापन गुलियो आश्वासन एवं साथीभाइको लहलहैमा लागेर भर्ना हुनु हुँदैन। कलेज छनोट र भर्ना गर्दा उक्त कलेजको शैक्षिक वातावरण, आवश्यक शैक्षिक सुविधा साथै आफूले पढ्ने विषयको यथार्थ जानकारी लिएर भर्ना लिनुउचित हुन्छ। यसका लागि अग्रजहरू, विषयगत विज्ञ एवं अभिभावकको परामर्श र सल्लाह-सुझावमा विषय छनोट गर्न तथा कलेज भर्ना लिन सकिन्छ।

● **कुमार शिवाकोटी**

# कसरी सुधार गर्ने ह्यान्डराइटिङ ?



पारस र तिलक ११ कक्षामा सँगै पढ्थे। पढाइमा तिलकभन्दा पारस तेज थिए। परीक्षा सकिएपछि सबैको अनुमान थियो, पारस नै प्रथम हुन्छ। तिलकले पनि आफूलाई दोस्रो स्थानमा राखिसकेका थिए, तर परीक्षामा तिलकले ९० र पारसले ७५ प्रतिशत अंक ल्याए। कारण पारस पढाइमा तेज थियो, तर उनको ह्यान्डराइटिंग राम्रो थिएन। जबकि तिलकको लेखाइ एकदम सफा र आकर्षक थियो। राम्रो लेखाइका कारण नै तिलक पारसलाई उछिन्न सफल भए।

जसको लेखावट ठीक हुँदैन उसको उत्तरपुस्तिका पढ्न धेरै मुस्किल हुन्छ, चाहे उसले उत्तर ठीक नै लेखेको किन होस्? जब लेखिएको कुरा नै पढ्न मुस्किल हुन्छ तब राम्रो अंक कसरी आउँछ? सुन्दर लेखावट राम्रो अंकको आधार हो। कुनै पनि उत्तर राम्रो हुँदाहुँदै पनि सुन्दर लेखाइबिना जाँचकीलाई आकर्षित गर्न सकिँदैन। राम्रो नम्बरका लागि लेखनमा सुधार आवश्यक छ।

धेरैजसो विद्यार्थी ठाडोतेर्सो लेख्छन्, जबकि कापीमा लाइन तानिएको हुन्छ। कतिपयले त देवनागरीलाई पनि अंग्रेजीजस्तै लाइनको माथि लेख्छन्। कतिले शब्दको माथि लाइन तान्छन्। यसैगरी कसैले धेरै सानो वा मसिनो शब्द लेख्छन् भने कसैले धेरै ठूलो।

कतिपय मानिसको धारणा छ–बाल्यकालमा जस्तो लेख्ने बानी पर्छ, त्यसलाई सुधार गर्न सकिँदैन। जबकि वास्तविकता के हो भने लेखाइमा सुधार अभ्यासबाटै आउँछ। सानो उमेरमा मात्र होइन, ठूलो उमेरमा पनि लेखन सुन्दर बनाउन सकिन्छ। विद्यार्थीले आफ्नो ह्यान्डराइटिङ सुधार्न निम्न कुरामाथि ध्यान दिनु आवश्यक छ।

- लेखाइ सुन्दर बनाउन सबैभन्दा पहिले पेन्सिलको प्रयोग ठीक हुन्छ, जसले गर्दा गल्ती भए सुधार्न सकिन्छ।
- सुरुमा लाइन र सेप बनाउन सिक्नुपर्छ, जसले गर्दा अक्षर बनाउँदा त्यसलाई ध्यानमा राख्न सकिन्छ। विद्यार्थीलाई अक्षरको मात्रा, दूरी र अन्तरका बारेमा पनि सिकाउनुपर्छ। नेपालीमा लेख्नु छ भने २ लाइन र अंग्रेजीको छ भने ४ लाइन कापीको प्रयोग गर्नुपर्छ। जहाँसम्म सम्भव छ अक्षरलाई सीधा लेख्नुपर्छ।
- आफ्नो ह्यान्डराइटिङ सुधार्न लेख्ने अभ्यास निकै गर्नुपर्छ। छिटो लेख्दा पनि ह्यान्डराइटिङ सुन्दर देखियो भने ह्यान्डराइटिङ पर्फेक्ट भएको मानिन्छ। आफ्नो ह्यान्डराइटिङ सुधार्न घरका ठूला सदस्य वा शिक्षकको मद्दत लिन सकिन्छ।
- घरको सपिङ लिस्ट वा अरू केही लेख्ने काम आफ्नो जिम्मा लिन सकिन्छ। प्रत्येक दिन डायरी लेख्न सकिन्छ। आफ्नो ह्यान्डराइटिङमा पहिलेको तुलनामा सुधार भैरहेको छ कि छैन, विचार पुऱ्याउनुपर्छ।
- पुस्तकको पाठलाई कापीमा लेखेर आफ्नो ह्यान्डराइटिङ सुधार गर्ने प्रयास गर्न सकिन्छ।
- जसको ह्यान्डराइटिङ आफूलाई धेरै सुन्दर लाग्छ ऊसँग प्रेरणा लिनुका साथै सिक्न पनि सकिन्छ।
- आफ्नो साथीसँग डिक्टेसन लिने अभ्यास गर्न सकिन्छ। यसले छिटो लेख्नुका साथै सुन्दर पनि लेख्न सकिन्छ।
- धेरैजसो विद्यार्थी सुन्दर र सफा लेख्छन्, तर परीक्षामा हडबडाएर, आफ्नो लेखाइ बिगार्छन्। त्यसैले परीक्षाभन्दा पहिले आफ्नो परीक्षा आफैं लिंदै उत्तर लेख्ने अभ्यास गर्नुपर्छ।
- अंग्रेजीमा लेख्दा अक्षरलाई हल्का तेर्सो गर्न सकिन्छ, तर नेपालीमा सीधा नै आकर्षक देखिन्छ। अक्षरमा समान अन्तर र एकरूपता हुनुपर्छ।

लेखाइ सुधार्ने वा बिगार्ने कुरा आफैंमाथि भर पर्छ। लेखाइ सुन्दर बनाउन लेख्न हतार गर्नुहुँदैन। धैर्यतापूर्वक काम लिनुपर्छ। लेखिसकेपछि त्यसलाई पढ्न सकिन्छ कि सकिँदैन भनेर एकपटक आफैंले पढेर हेर्नुपर्छ।

● **श्यामकुमार सिंह**

के तपाईंले ५, ६, ७, ८ फेल भई बिचैमा पढाई छोड्नु भयो ?
अब फिर नमान्नुहोस
कक्षा-८ सजिलै पास गरौं
नोटः यस विद्यालयबाट कक्षा-८ पास पछि कक्षा ९ नपढी १ वर्षमै SLC दिन पाइने छ
अन्तिम भर्ना खुल्यो
स्याण्ड्रा नमूना मा.वि.
सोऱ्हखुट्टे: ४३६१७१२
बानेश्वर: ०१६२२३२५१ भोटाहिटी: ४२३२२०३
कोटेश्वर: ४६००३३५ लगनखेल: २१२०६१३
चावहिल: ९८५१००२८०४ भक्तपुर: ९८५१०५४६७०
महाराजगञ्ज: ९८४१५९६४४८ धरान: ९८४२०३८७२१
कालिमाटी: ९८४१३७२४४० चितवन: ९८४५०५२०११
कुनै पनि जिल्लाबाट सम्पर्क राख्न सक्ने छन्

तालिमको अवसर
Valley Banquet Training Center मा Cook, Helper, Banquet Manager, Reservation Manager, Waiter, Waitress, Storekeeper र Utility Supervisor को तालिम दिइरहेको हुँदा सम्बन्धित तालिम लिन इच्छुक महानुभावहरुलाई तुरुन्त सम्पर्क गर्न अनुरोध गरिन्छ।
यहाँ तालिम पछि रोजगारीको पनि व्यवस्था छ।
VALLEY Banquet Training Center
9851085519
सातदोबाटो, ललितपुर
(यातायात कार्यालयको अगाडि)

Language & Computer
English: Elementary, Intermediate & Advanced Courses
(Supervised by P. Swoveet, free books, cassettes, audio-visual/lab practice)
TOEFL/IELTS/SAT/GRE Pre.
(Free Books/ materials/ Lab & Online practice/ weekly tests)
Japanese/German/Chinese/French/Spanish classes
Computer: Basic/Advanced/Accounting/Graphic.. courses
Our Products: Language books/Cassettes/CDs/Video DVDs ....
Easy Learning Language Book, Cassettes/CDs Basic to Advanced
Easy Way
Prem Swoveet's best language books with Audio Video DVDs has recently come in the market!
Price: 145/- only
Upto date Essays for TOEFL/IELTS
201 Essays Rs.188/-
Face to Face Language Videos
Price: Rs. 160/-
Boost Vocabulary
Enhance word power
Price: 50 & 60/-
-OLC's Publications, 4-247897
O'seas Academy (OLC) Head office Bag Bazar, 4-268945
OLC Jamal-Branch, 4-244741
(Institute run by P. Swoveet!) Web site: creativeoseas.com email: olc_swoveet@wlink.com.np

Miss National 2011
Participants form open
Requirement
minimum +2 running
Age between 16-24
Nepali Citizenship
Height 5"1'
Everest Fashion Home
Bagbazar-31, Ktm, Nepal
Call Now : 9851008321, 9813132507



# लुम्बिनी अञ्चलमा मेला-महोत्सवको लहर

बुटवल- दसैं-तिहारजस्ता ठूला चाडपर्वको रमाइलो सकिन नपाउँदै लम्बिनी अञ्चलका रूपन्देही, नवलपरासी र कपिलवस्तु जिल्लामा औद्योगिक व्यापार मेला एवं महोत्सवको रमाइलो सुरु हुँदैछ। विगत वर्षजस्तै जाडोयाम सुरु भएलगत्तै ती जिल्लामा मेला हुन लागेको हो। मेला महोत्सवका नाम र उद्देश्य जे भए पनि सबै मेलामा राष्ट्रिय स्तरका ख्यातिप्राप्त कलाकारको प्रस्तुति एउटै मञ्चमा हेर्न पाइने र नयाँ-नयाँ उत्पादनहरू सहुलयित मूल्यमा किनमेल तथा मेलामा घुमफिर गर्न पाइने भएकाले यस क्षेत्रका बासिन्दाले यस्ता मेला-महोत्सवलाई रमाइलो पर्वकै रूपमा लिने गरेका छन्। यसपटक अञ्चलमा महोत्सवको सुरुवात नवलपरासीको सदरमुकाम परासीबाट हुँदैछ। उद्योग वाणिज्य संघ नवलपरासीको आयोजनामा परासीमा पहिलो पटक आगामी मंसिर १५ देखि २१ गतेसम्म पश्चिमाञ्चलस्तरीय औद्योगिक ब्यापार मेला आयोजना हुन लागेको छ। कृषि, पर्यटन, उद्योग, ब्यापार प्रवर्द्धन एवं सूचना-प्रविधिको प्रदर्शनीका लागि एक हप्तासम्म सञ्चालन हुने मेलामा २ लाख दर्शकले अवलोकन गर्ने तथा ४ करोड रुपैयाँसम्मको आर्थिक कारोबार हुने लक्ष्य राखेको आयोजक संस्थाका अध्यक्ष वैजनाथ जैसवालले बताए।

परासीपछि लगत्तै रूपन्देहीको भैरहवामा मंसिर २३ गतेदेखि चौथो लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औद्योगिक ब्यापार मेला हुँदैछ। 'सिद्धार्थनगर लुम्बिनीको प्रवेशद्वार, पर्यटन, उद्योग र व्यापार हाम्रो आधार' भन्ने मूल नाराका साथ सिद्धार्थ रंगशालामा चल्ने मेलामा तीन लाखभन्दा बढी दर्शकलाई मूल्यका बारेमा उपभोक्ताहरूलाई जानकारी दिने, स्थानीय स्तरमा उत्पादित वास्तुकला तथा हस्तकलाका सामग्रीको बजार प्रवर्द्धन गर्ने, सिद्धार्थनगर क्षेत्रलाई पर्यटकीय, औद्योगिक तथा व्यापारिक केन्द्रका रूपमा विस्तार गर्ने, लुम्बिनी क्षेत्रमा आन्तरिक एवं बाह्य पर्यटनलाई प्रवर्द्धन गर्ने आदि उद्देश्य राखिएको छ। ११ दिनसम्म सञ्चालन हुने मेलामा हस्तकला, काष्ठकला, होजियारी, तयारी पोसाक, खाद्यान्न, मेसिनरी, अटोमोबाइल्स, सूचना प्रविधिका गरी २ सय ५० स्टल रहने संघले जनाएको छ।

उता कपिलवस्तुको जितपुरमा पुस ३ गतेदेखि १० गतेसम्म दोस्रो कपिलवस्तु महोत्सव एवं कृषि एवं पर्यटन तथा औद्योगिक प्रदर्शनी हुने भएको छ। 'हाम्रो स्वाभिमान कपिलवस्तु, महोत्सव हाम्रो पहिचान' नाराका साथ कपिलवस्तु भित्र्याउने लक्ष्य लिइएको आयोजक समितिका संयोजक तथा सिद्धार्थनगर उद्योग वाणिज्य संघका अध्यक्ष महेन्द्रकुमार श्रेष्ठले बताए।

महोत्सवमा स्वदेशी तथा गुणस्तरीय वस्तु तथा सेवाहरूको उपभोगप्रति उपभोक्ताहरूलाई जागरूक बनाई सीमावर्ती बजारमा पाइने सामानहरूबीचको तुलनात्मक व्यापार संघ र नेपाल घरेलु उद्योग महासंघ, कपलवस्तुको आयोजनामा जितपुरस्थित बुद्ध रंगशालामा महोत्सव हुन लागेको हो। महोत्सव संयोजक विष्णु न्यौपानेका अनुसार राष्ट्रिय, अन्तर्राष्ट्रिय औद्योगिक उत्पादन, स्थानीय घरेलु उद्योग, हस्तकलालगायतका गरी २ सय ५० स्टल रहने महोत्सवमा १ लाख दर्शकले अवलोकन गर्ने तथा ३ करोडको कारोबार हुने लक्ष्य छ।

पश्चिमाञ्चलको सबैभन्दा ठूलो व्यापार मेला गर्दै आएको बुटवल उद्योग वाणिज्य संघ बुटवलले पुस ९ गतेदेखि २१ गतेसम्म औद्योगिक व्यापार मेला तथा कृषि एवं पर्यटन महोत्सव आयोजना गर्ने भएको छ। औद्योगिक व्यापार मेलाको ११ औं संस्करणका रूपमा रामनगरस्थित बुटवल मण्डपमा आयोजना हुन लागेको मेला तथा महोत्सवमा स्वदेशी तथा अन्तर्राष्ट्रिय औद्योगिक उत्पादन, स्थानीय घरेलु उद्योग, महिला उद्यमी, अटोमोबाइल्स, सूचना-प्रविधि आदिका २ सय ५० स्टल रहने तथा ९ लाख दर्शकले अवलोकन गरी २० करोडको कारोबार हुने आयोजक संस्थाका अध्यक्ष शंकर श्रेष्ठले बताए।

**– टोपराज शर्मा**



# दीपकसँगै नाच्यो धरान

धरान- प्रथम नेपाली तारा दीपक लिम्बूले मंगलबार धरानमा आयोजित सागितिक कार्यक्रममा आफ्नो चचित गीत मुटु माग्यौ तिमीले, नाइँ नभन्नु ल, ढल्क्यो-ढल्क्यो जोबन मेरो तिमीतिर आदि सुनाएर उपस्थित दर्शकहरूलाई मज्जाले नचाए।

कार्यक्रममा उनको गीतमा वान्स मोर माग्नेहरूको कमी थिएन। त्यसमाथि गरिमा डान्स सेन्टर तथा सुनुवार सेवा समाज धरानले पनि नेपाली, हिन्दी नम्बरका आकर्षक नृत्य प्रस्तुत गरेर थप मनोरञ्जन प्रदान गरे। दर्शकको बाक्लो उपस्थितिबीच जमेको सांगीतिक कार्यक्रममा धरान आइडल कुशल थलङले दर्शकको निकै साथ पाएका थिए।

धरान खेलकुद मञ्चको आयोजनामा पब्लिक उच्च माविको खेल मैदानमा सम्पन्न सांस्कृतिक कार्यक्रममा गायक कञ्चन थलङको प्रस्तुतिले पनि दर्शकको निकै ताली पायो। हाल नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको कार्यक्रम खोजी प्रतिभाको गायनतर्फबाट टप १६ मा पुग्न सफल प्रतिस्पर्धी हेमा लिम्बू तथा उत्तमजग लिम्बूले कार्यक्रममा रोचकता थपेका थिए।



# दीपावली साँझलाई रविनको साथ

मोरङ- लक्ष्मीपूजापछि हतारिँदै छुट्टाछुट्टै रूपमा देउसी-भैलीमा रमाउने युवायुवीतहरू यसपालि भने मञ्जाले सामूहिक सांगीतिक वातावरणमा रमे। मोरङ जाँतेस्थित किराँत चोकमा स्थानीय पूर्वेली ब्यान्ड तथा रमाइलो युवा क्लबले शुक्रबार संयुक्त रूपमा 'शुभ दीपावली साँझ-२०६७' कार्यक्रम गरी गाउँलेहरूलाई निःशुल्क संगीतिक तथा सांस्कृतिक मनोरन्जन प्रदान गरे।

कार्यक्रममा उदयमान गायक रविन कन्दङ्वा, देव गुरुङ, केके अभिलासीको गीत, विभिन्न ब्यान्ड तथा नृत्यकलाकारहरूले गाउँ नै उल्टेर आएका दर्शकलाई विभिन्न सांगीतिक स्वाद चखाएका थिए। कार्यक्रमकै आकर्षकका रूपमा रहेका गायक रविन कन्दङ्वाको गीत सुन्न दर्शक श्रोताले निक्कै समय कुर्नुपरेको थियो। भर्खरै 'दीलहीरा' गीति एल्बम बजारमा ल्याएका कन्दङ्वाले नवराज लम्सालको शब्द तथा हरि लम्सालको संगीतको 'तिमी मेरी दिलहीरा, तिमी मेरी दुनियाँ गीत गाएर दर्शकहरूलाई लट्ठ पारेका थिए। कार्यक्रममा गायक देव गुरुङले आफ्नै एल्बमको 'बिकम बारुलै' गीत गाएका थिए भने अर्का गायक केके अभिलाषीले पनि उपस्थित दर्शकको संगीतिक प्यास मेटेका थिए। कार्यक्रममा जाँतेकै गडुल ग्रुप तथा झापा धरमपुरको टेट्रा ब्यान्डले गीत प्रस्तुत गरेका थिए भने लेटाङ डान्स सेन्टरका कलाकारहरूको नृत्यले कार्यक्रममा आकर्षण थपेको थियो।

**अर्जुन जम्नेली राई**

# हाँसपोसामा शुभकामना साँझ

तरहरा- नेपाली संस्कार, संस्कृति तथा परम्परालाई निरन्तरता दिऊँ भन्ने अनुरोधका साथ अतिथिहरूलाई गुन्द्रुकको अचार, आलुदम, सेलरोटी र वेलकम ड्रिंक्स ख्वाउँदै क्लब मैनाका लागि एन.जी. इन्टरटेनमेन्ट, नेपालले तिहारको अवसरमा सुनसरीको हाँसपोसा गाविस, तरहरा बजारमा शुभकामना साँझको आयोजन गरेर गाउँवासीलाई मनोरन्जन प्रदान गर्‍यो।

कार्यक्रमको प्रमुख आकर्षण गायक खेमराज गुरुङको काका बलबहादुर गुरुङ थिए। उनले लोकभाकाका गीतसँगै सखुवासभामा रचेका पूर्वेली गीतहरूसमेत गाए। उनलाई मादलवादक सुवास आले मगरले साथ दिएका थिए। स्थानीय एकता युवा क्लब, शान्तिनगर तथा तमु ह्युला छोंज धिं, सुनसरीले सांस्कृतिक एवं आधुनिक नृत्य प्रस्तुत गरेको कार्यक्रममा गायक राकेश किराँती, तीर्थ बस्नेत, रोशन राई तथा बिनु गुरुङ र उर्मिला राईले विभिन्न गीत सुनाएका थिए।

**– भीषण राई**

# अञ्जु पन्त तथा मिङ्मा शेर्पा युएईमा

गत शुक्रबार लक्ष्मीपूजाका दिन युएईको दुबईस्थित अस्टोरिया होटलमा अन्जु पन्त तथा मिङ्मा शेर्पाले युएईका दर्शकहरूलाई छमछम्ती नचाए। गायिका अञ्जु पन्त पहिलो पटक युएईका दर्शकहरूसामु उपस्थित भएकी थिइन्। उक्त अवसरमा पन्तले सातवटा गीत प्रस्तुत गरेकी थिइन्। उनलाई दर्शकहरूले बीच-बीचमा नाचेर गीतका टुक्का निकाल्दै साथ दिएका थिए। उक्त कार्यक्रममा लोक-पपगायक निङ्मा शेर्पा युएईका दर्शकहरूसँग दोश्रो पटक भेट्दै थिए। उनका चर्चित पप तथा लोकपपमा दर्शकहरू उफ्री-उफ्री नाचे।



गायक शेर्पाको प्रस्तुतिले पनि दर्शकहरूलाई तताएको थियो।

युएईका स्थानीय कलाकार ज्ञान लामा, भावना ढकाल तथा उनका सहयात्रीहरूको भैलिनी नृत्यबाट प्रारम्भ भएको दीपावली साँझ कार्यक्रम तोकिएको समयभन्दा धेरै ढिलो सुरु भएको थियो। कार्यक्रमको बीच-बीचमा डिजे तिवारीको प्रस्तुतिले कार्यक्रमको रौनक बढाएको थियो।



# पथरीमा दीपावली साँझ

मोरङ- 'बालबालिकालाई शिक्षाको ज्योतिबाट वञ्चित नगरौं' एवं 'वातावरण संरक्षण गरौं' भन्ने नाराका साथ मोरङको पथरीमा शुभ दीपावली सांस्कृतिक साँझ-२०६७ सम्पन्न भएको छ। यलम्बर युवा समूहले आयोजना गरेको सांस्कृतिक साँझमा सुरुवातमा समूहिक स्वागत नृत्य प्रस्तुत भैसकेलगत्तै उद्घोषकले संस्करण ब्यान्ड मात्र के भनेका थिए युवा युवतीको चिच्याहट गुन्जियो पथरीको यलम्बर चोकमा। ब्यान्डका भोकलिस्ट सुदेश राई ह्याप्पी दीपावली भन्दै स्टेजमा आए। त्यस्तै लिड गिटारिस्ट विनोद राना, वेश साउन मगर, रिदम प्रताप राई र ड्रमर अशोक धिमाल पनि स्टेजमा देखिए। संस्करणले सुरुमा १९७४ एडीको 'चौबन्दी चोली....', एज ब्यान्डको 'थाहा छैन...', एल्बर्टसको 'फर्की-फर्की...', मन्त्र ब्यान्डको 'सारा संसार' लगायत आधा दर्जन लाइभ प्रस्तुति दिएका थिए।

गायक देव गुरुङले आफ्नो पहिलो एल्बमको गीत प्रस्तुत गरेर मनोरञ्जन प्रदान गरे भने लोकगायक महेश बुढाथोकीले आफ्नो आगामी एल्बमको गीत म्युजिक ट्र्याकबिना नै गाएर सुनाएपश्चात् 'काफल गेडी कुटुक्कै...', 'साइली रिसाउने' र 'होस गर है सोल्टिनी...' गाएर सबैलाई नाच्न बाध्य तुल्याए। नवगायक रविन कन्दङ्वाले आफ्नो पहिलो एल्बम दिलहीराको दुईवटा गीत प्रस्तुत गरे भने अर्का गायक/संगीतकार अमिर राईले 'परबाट तिमीलाई देखेर....' गीत प्रस्तुत गरी दर्शकको मन जितेका थिए।

**– सन्तोष राई**




# पालो मिस कलेजको

**साप्ताहिक समाचार**

कलेज अध्ययनरत छात्राहरूप्रति लक्षित 'मिस कलेज' प्रतियोगिताको दोस्रो संस्करण हुने भएको छ। गत वर्षदेखि सञ्चालनमा आएको उक्त प्रतियोगितालाई कलेज रिडर्स म्यागाजिनले आयोजना गर्न लागेको हो। प्रतियोगितालाई राष्ट्रव्यापी बनाउने हेतुले इच्छुक युवतीहरूको अडिसन काठमाडौँ, बनेपा, पोखरा, बुटवल र झापामा गरिने आयोजक संस्थाले जनाएको छ। १० जोड २ देखि स्नातकोत्तर तहसम्मका १६ देखि २४ वर्ष उमेर समूहका छात्राहरू यो प्रतिस्पर्धामा सहभागी हुन पाउने छन्।

'मिस कलेज-२०१०' सहभागी हुन प्रतिस्पर्धी युवतीको उचाइ कम्तीमा ५ फिट हुनुपर्नेछ। 'ब्युटी विथ ब्रेन' नाराअन्तर्गत सञ्चालन हुने यो प्रतियोगिताकी विजेताले 'मिस कलेज-२०१०' को उपाधिसहित नगद पुरस्कार १ लाख प्राप्त गर्नेछिन्। यसैगरी फर्स्ट रनर्सअप तथा सेकेन्ड रनर्सअपले क्रमशः ५० हजार तथा २५ हजार रुपैयाँ प्राप्त गर्नेछन्। यी तीन मुख्य उपाधिबाहेक अन्य १२ वटा विभिन्न विधामा पनि विजेता चयन गरिनेछ। गत वर्ष सम्पन्न 'मिस कलेज-२००९' को उपाधि नगमा श्रेष्ठले जितेकी थिइन्।

तस्विर : इकलेजमोडेल डट कम

# इलाममा महोत्सव

इलाम-किराँत धर्म गुरु लिङ्देन आत्मानन्द सेईङ्को ५७ औं जन्मोत्सवका अवसरमा इलामको बाँझोमा आगामी मंसिर २ गतेदेखि खेलकुद महोत्सव हुने भएको छ। महोत्सवमा लिङ्देन आत्मानन्द शुभ जन्मोत्सव रनिङ गोल्डकप फुटबल प्रतियोगितासहित विभिन्न डेढ दर्जन प्रतिस्पर्धा हुने आयोजक समितिले जनाएको छ। महोत्सव समारोह खेलकुद समितिका सञ्योजक राजेन्द्र विक्रम खजुमका अनुसार उक्त अवसरमा फुटबलका साथै, म्याराथन, धनुवाण, हाईजम्प, लङजम्प, पालम, हाक्पारे, यारिछाम, बिनायो बजाउने आदि प्रतियोगिता हुनेछन्।

गोल्डकप विजेताले एक तोला सुन तथा ५० तोला चाँदी सहितको ट्रफी, नगद २५ हजार ५७ रुपैयाँ तथा उपविजेताले ट्रफीसहित १५ हजार ५७ रुपैयाँ नगद पुरस्कार पाउनेछन्। खेलको समापन समारोह धर्मगुरुको जन्म दिन मंसिर १८ गते गरिने समितिका सचिव मनकुमार आङ्बोहाङले जानकारी दिए।

**युवराज विवश**



# मिस एयरहोस्टेसको उडान

आकाशमा चराजस्तै स्वतन्त्र भएर स्वच्छन्द रूपमा उड्ने चाहना बोकेका, भ्रमण एवं यात्रु सेवामा रुचि भएका, नयाँ-नयाँ चुनौती र रोमाञ्चकता अनुभव गर्ने इच्छा राख्ने २२ जना युवती हिजोआज मिस एयरहोस्टेस बन्ने तयारीमा छन्। त्यसो त उनीहरूले राजधानीका विभिन्न एयर होस्टेससम्बन्धी तालिम दिने संस्थाहरूबाट तालिम पनि प्राप्त गरिसकेका छन्। यद्यपि उनीहरू यसपटक भने प्रतियोगिताको मञ्चमा आफूलाई एयर होस्टेसको दाबेदारका रूपमा प्रस्तुत गरेर मिस एयर होस्टेस बन्ने कसरतमा छन्।

आगामी मंसिर ११ गते जमलस्थित राष्ट्रिय नाचघरमा सम्पन्न हुने अन्तिम प्रयोगिताबाट उनीहरूमध्ये मिस एयर होस्टेस-२०१० की विजेताको निर्क्यौल हुनेछ। सिजन मिडिया प्रालि तथा फ्लाइटेक इन्टरनेसनल प्रालिको संयुक्त आयोजनामा सम्पन्न हुने प्रतियोगिताका लागि हाल प्रतियोगीहरू प्रशिक्षणमा व्यस्त छन्।

यसबाहेक प्रतियोगीहरूले शारीरिक अभ्यास, व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धिलगायत पर्यटन, वायुसेवा, अतिथि स्वागत-सत्कारसम्बन्धी जानकारीहरू पनि हासिल गरिरहेका छन्। 'मिस एयर होस्टेस-२०१०' को मुख्य उपाधिसहित फर्स्ट तथा सेकेन्ड रनर्सअप विजेतालगायत फोटोजेनिक, डिसिप्लिन, पपुलर, फ्रेन्डसिप, पर्सनालिटी, स्माइल, हेयर आदि विधामा उपाधि विजेता चयन गरिनेछ।

# गति लिँदै क्विन नेपाल

**साप्ताहिक समाचार**

रिदम नेपाल तथा क्रोमा एड्भरटाइजिङले संयुक्त रूपमा आयोजना गर्ने 'क्विन नेपाल-२०१०'मा सहभागिता जनाउनेहरूको संख्या उत्साहजनक भएको आयोजकहरूले बताएका छन्। १६ देखि २५ वर्षसम्मका देशभरका युवती तथा विवाहित महिलाहरूले सहभागिता जनाउन सक्ने क्विन नेपालको फर्म किष्ट बैंकका विभिन्न शाखामार्फत उपलब्ध उपलब्ध गराउँछ। कार्यक्रमको अन्तिम प्रतिस्पर्धा आगामी पुस १६ गते शुक्रबार राजधानीमा हुनेछ।

कार्यक्रमलाई वराहा ज्वेलरीले टाइटल स्पोन्सर गर्ने भएको छ। 'क्विन नेपालकी विजेताले एक वर्ष वराहा ज्वेलरीको ब्रान्ड एम्बेसडरका रूपमा काम गर्नेछन्' कार्कीले भने। इलाम, दमक, धरान, वीरगञ्ज, हेटौंडा, नारायणगढ, बुटवल, पोखरा, नेपालगन्ज, धनगढी तथा काठमाडौंमा कार्यक्रमको अडिसन हुन्छ।



गराइएको छ। फर्म वितरण कार्य अपेक्षाअनुसार भैरहेको कार्यक्रम संयोजक गणेश कार्कीले बताए। क्विन नेपालका फर्म भर्नेहरूलाई किष्ट बैंकले निःशुल्क शून्य मौज्दातको खाता एवं डेबिट कार्ड 'प्रतियोगीले २ हजार रुपैयाँ तिरेर सहभागिता जनाउन सक्नेछन्,' कार्की भन्छन्- 'त्यसबाहेक कुनै पनि खर्च गर्नुपर्दैन।' विभिन्न क्षेत्रको अडिसनबाट छनौट भएका २५ जना प्रतियोगिलाई ग्रुमिङ सेसनमा राखिनेछ।




# कलाकारले खाँदबारी बजार तताए

संखुवासभा- खाँदबारी आएका कलाकारले खाँदबारी बजारलाई सांगीतिक वातावरणमा निकै तताए। गायक राजेशपायल राई, निमा रुम्बा, रेश्मा सुनुवारदेखि खेमराज गुरुङसम्मले दर्शक एवं श्रोतालाई कम्मर मर्काएर नाच्न बाध्य पारे। राजेशपायल राईले बल्लबल्ल भेट भो, दर्शन नमस्ते गीत सुरु गर्दा दर्शकदीर्घामा रहेका संगीतप्रेमी खुलेरै नाचे। स्टेजबाट ओर्लेर दर्शकको लाममा पुगिरहने गायक राईले माइक्रोफोन दर्शकतिरै तेस्याएर उनीहरूलाई पनि गाउन लगाए।

पहिलो पटक खाँदबारी आएकी गायिका रेश्मा सुनुवारले 'आकाशैको झिलमिल तारा, तारासँगै नाचूँ लाग्छ' गीत गाउन थालिन्। खाँदबारी, मानेभन्ज्याङमा शुक्रबार आयोजित अरुणभ्याली फुटबल प्रतियोगिताको उद्घाटन सत्रमा सुनुवारले सेलो गीत तातोपानी घुम्ने च्याङवाले पनि गाउन भ्याइन्। गायक निमा रुम्बाले प्रेयसी, मेरी प्रेयसीदेखि मोहिनीले समेत गाएर सुनाए। खुलेर नाच्न पाएका दर्शकले पटकपटक कलाकारलाई थप प्रस्तुति दिन आग्रह गरिरहे। संखुवासभाकै खेमराज गुरुङले एकादशी बजारैमा गीतबाट गायनको खाता खोले।

सांस्कृतिक कार्यक्रममा स्थानीय गायक उमङ लामाले संखुवासभाको परिचय दिने तिनजुरे, मिल्के जलजले, बीरबहादुर लिम्बूले आँसुको सजाय नदेऊ मलाई, भुवन श्रेष्ठले धानैमा खायो नि लैलै र पूजा दियालीले लाहुरे दाइले परदेशबाट पठायो खबरजस्ता गीत सुनाएका थिए।

**– सुरेन्द्र सुवेदी**

# साधनामा संगीतकर्मीको जमघट



संगीत विकासका लागि छुट्टै सांगीतिक अभियान थालेको संगीत साधना महाविद्यालयले तिहारका अवसरमा आयोजना गरेको सप्तक संगीत यात्राको बीसौं श्रृंखला अविस्मरणीय रह्यो। पहिलो पटक महाविद्यालयले संगीतकार शान्ति ठटाल, संगीतकार मणिकमल क्षेत्री, युवा गायक शिव परियार, गायक तुलसी पराजुली, गायक बालकृष्ण कार्की आदिलाई एकै थलोमा जमघट गराएको थियो। शान्ति ठटालले गाउन थालेपछि इटहरीका विभिन्न क्षेत्रका अगुवा व्यक्तिहरूले पुराना दिन सम्झिए। उक्त अवसरमा शारीरिक अस्वस्थताका बाबजुद शान्तिले चारवटा गीत गाइन।

ठटालले गीतमै भनिन्, 'म दूर भएर के भो ?' नेपाली र प्रवासमा रहने सबै नेपाली र नेपालीभाषीहरूको भावनालाई एउटै पंक्तिमा उभ्याइन्। शान्तिका गीत मात्र होइन, अरू कलाकारको जमघटले पनि सप्तक संगीत यात्राको बीसौं श्रृंखला अरूभन्दा फरक रह्यो।

हरेक शनिबार मध्यान्ह हुने सप्तक श्रृंखला तिहारको कारण शुक्रबार बिहानै भएको थियो। सधैंजसो साधनाका विद्यार्थीले गाएर सुरु हुने श्रृखलामा शिव परियारले कहाँ थियौ तिमी, क्या दामी भो, अलिकति नजर तिम्रो आदि गीत गाए। तुलसी पराजुलीले सालैज्यू, तमोर खोला बाढी आयो, बालकृष्ण कार्कीले ख्यालख्यालैमा, पीपलपाते बहिनीजस्ता चर्चित गीत सुनाए। संगीतकार मणीकमल क्षेत्रीले पनि गीत नसुनाई धर पाएनन् र सुनाए जगदीश समालको गीत 'पानीको हुन्छ शिरमा मूल' र अरू पनि दुईवटा नयाँ गीत। तीन घण्टा चलेको श्रृंखलाको अन्त्यमा संगीतकारद्वय शान्ति ठटाल र मणिकमल क्षेत्रीलाई सम्मानसमेत गरिएको थियो।

**– शेखर ढकाल**

## भाग्यमानी सोनिया

सोनिया केसीलाई चलचित्रमा चुम्बनको दृश्य दिँदा खासै अनौठो अनुभव हुँदैन, किनभने सोनियाले रियल लाइफमा अहिलेसम्म कति चुम्बन गरिन्, स्वयं उनलाई थाहा छैन । रियल लाइफमा ब्वाइफ्रेन्डसँग पनि चुम्बन गरेको बताउने सोनियालाई सायद त्यसैले चलचित्रमा चुम्बनको दृश्य दिनु सामान्य लाग्छ । उनी हाक्काहाक्की भन्छिन्– 'म चुम्बन दृश्यबाटै स्थापित भएकी हुँ ।' चलचित्र 'सिलसिला' मा सोनियाको चुम्बन दृश्य चर्चामा थियो भने अहिले उनले अर्को चलचित्र 'तिम्रो घर मेरो ससुराली' मा पनि त्यस्तै दृश्य दिएको बताइँदैछ । सोनिया भन्छिन्– 'अभिनयका रूपमा चुम्बन गर्दा केही जस्तो पनि लाग्दैन, फेरि थुप्रै मान्छेका अगाडि चुम्बन गर्दा त्यस्तो फिल गर्ने कुरा पनि भएन ।' आफूले काम गरेको चलचित्रमा चुम्बन राखिनुमा सोनियालाई कुनै आश्चर्य लागेको छैन । 'मेरो भाग्य नै त्यस्तो हुनुपर्छ,' उनी भन्छिन् । भाग्यमानी सोनिया हुन् कि उनको अपोजिट भूमिका निर्वाह गर्ने नायक ? यो प्रश्न भने अनुत्तरित नै छ ।



## बाटोमुनिको फूल संसारभर

गायनक्षेत्रबाट अभिनयको संसारमा प्रवेश गरेका गायकद्वय यस कुमार तथा बाबु बोगटीले चलचित्र बाटोमुनिको फूललाई संसारभर प्रदर्शन गर्ने बताएका छन् । उनीहरूले यसलाई नेपालमा हालसम्म नबनेको प्रविधि र नयाँ प्रयोगबाट तयार भएको पनि दाबी गरेका छन् ।

नेपालमै पहिलो पटक बनेको फरक किसिमको चलचित्र निर्माण भएको दाबी गर्दै उनीहरूले यो चलचित्र १ करोड ३ लाख रुपैयाँको लागतमा तयार भएको जानकारी दिए । बाटोमुनिको फूल मंसिरको पहिलो सातादेखि प्रदर्शनमा आउनेछ । यस कुमारकै कथा, शब्द र संगीतमा बनेको चलचित्रको कथाले गायनक्षेत्रलाई नै समेटेको छ । यस कुमारका अनुसार 'विदेशी चलचित्रको नक्कल गर्ने परम्पराभन्दा भिन्न रहेर नेपाली समाजमै घुमिरहेका कुरालाई समेटेका छौं ।' चलचित्रमा आफूहरू एक्सन हिरोका रूपमा नरही गायककै रूपमा देखिने उनले बताए ।

'देशमा ठूला घर बने, ठूला गाडी चढे, तर विचारका गरिब नै भए, चलचित्रले त्यही विचारमा सम्पन्नता ल्याउन सन्देश दिनेछ,' एस कुमारले भने । बाटोमाथिको फूललाई मन्दिरमा चढाइए पनि बाटोमुनिको फूलको वास्ता नगर्ने परम्परा रहेको समाजलाई सबै फूल एउटै हो भन्ने सन्देश पनि चलचित्रले दिने उनको भनाइ छ । यो चलचित्रका लागि १२ दिन सुटिङ गरेर तयार गरिएको एउटा दृश्य भने काटिएको छ, जुन दृश्य काट्दा १८ लाख रुपैयाँ क्षति भएको बताइन्छ । चलचित्रको मर्ममा असर पर्ने देखिएकाले निर्माता-निर्देशकहरूले नै उक्त एक्सन दृश्य हटाएका हुन् ।



**कमल रिमाल**




## मोडलिङ अनुभव डिजे खम्बु

डिजेहरूको भीडमा एक डिजे थपिएका छन्, तर यी डिजे भने हाल चलचित्रको पर्दामा मात्र सीमित छन् । चलचित्र संगीतमा स्थापित हुने तरखरमा रहेका विनोद खम्बु निर्माणाधीन एक चलचित्रमा डिजे बनेका हुन् । चलचित्र 'बजार' का लागि डान्सपार्टी थिमको गीतमा संगीत भरेका खम्बुलाई निर्देशक एनबी महर्जनले डिजेको भूमिका आफैं गर्न भनेपछि उनी डिजे भएका हुन् । 'याकएन्ड यतिस्थित प्लाटिनम डिस्कोमा बेलुका ७ बजेदेखि विहान ११ बजेसम्म उक्त गीतको छायांकन भएको थियो, ' खम्बुले साप्ताहिकसँग भने- 'सुहाउँदो भूमिका पाएकाले अभिनय गरेको हो ।'

विनोद खम्बु चलचित्र संगीतको क्षेत्रमा पनि उत्तिकै व्यस्त छन् । उनले बसमा छैन यो मन, जादुगर, बजार, अंकुश आदि चलचित्रमा संगीत भरिसकेका छन् । खम्बुको परिचय संगीतकार र डिजेका रूपमा मात्र छैन, उनी कुशल गायक पनि हुन् । चलचित्र जादुगरको शीर्षगीत आफैंले गाएका गायक खम्बुले थुप्रै चलचित्रका गीतमा गायिका अन्जुपन्तलाई साथ दिएका छन् । चलचित्र अंकुशमा पनि स्वर दिएको बताउने विनोदले दुइवटा गीतिसंग्रह चाँडै नै श्रोतामाझ ल्याउने बताएका छन् ।



## पूजा लामाको ग्ल्यामर

नायिका पूजा लामाले धर्म परिवर्तन गरेकी छिन् । अब उनलाई पूजा लामा होइन, आम्ना फारुखी नामले सम्बोधन गर्नुपर्ने खबरले उहिल्यै सार्वजनिक भैसकेको छ । इस्लाम धर्म ग्रहण गरेपछि नाम फेरेकी पूजा लामालाई चलचित्र तथा मोडलिङ क्षेत्रमा 'ग्ल्यामरस हिरोइन' का रूपमा चिनिन्छ । चलचित्रमा ग्ल्यामरस भूमिका र विवादबाट बढी चर्चामा आएकी पूजाको 'अदा'ले धेरैलाई लोभ्याएको थियो । धर्म परिवर्तनपछि पूजालाई अब त्यस्ता भूमिकामा देख्न पाइनेछैन । अहिले उनले मोडलिङ र अभिनय पेसा नै त्यागिसकेको अवस्था छ । यद्यपि अन्तिम पटक पूजाको ग्ल्यामरको जादु चल्न लागेको खबरले ती प्रशंसक खुसी हुन सक्छन् । पुस महिनाको पहिलो साता पुजा लामा उर्फ आम्ना फारुखीलाई चलचित्रको पर्दामा हेर्न पाइनेछ । देवकुमार श्रेष्ठले गत वर्ष छायांकन गरेको सस्पेन्स थ्रिलर 'एक दिन एक रात'मा उनी नायकहरू अनुप बराल, विनय श्रेष्ठ तथा कर्मका साथ देखा पर्दैछिन् । निर्देशक श्रेष्ठका अनुसार चलचित्रमा उनको नाम आकांक्षा हुन्छ र उनी मुख्य पात्रहरूको साथी हुन्छिन् । चलचित्रकी मुख्य नायिका भने दिया मास्के हुन् । जे भए पनि पूजाको ग्ल्यामर हेर्न पुससम्म त पर्खनैपर्छ ।

## सुस्मिता अब बमजन

रजनी बमजनलाई सायद कसैले चिन्दैनन् तर सुस्मिता केसीलाई सबैले चिन्छन्– एउटी नायिकाका रूपमा, 'करोडपति' तथा 'म तिमीबिना मरिहाल्छु' जस्ता चलचित्रकी निमात्रीका रूपमा अनि भुवन केसीकी श्रीमतीका रूपमा । दार्जीलिङकी रजनीलाई भुवनले सुस्मिता मात्र बनाएनन्, आफ्नी अर्धाङ्गिनी बनाउँदै केसीसमेत बनाए । अहिले परिस्थिति बदलिएको छ । भुवन र सुस्मिताका छोरा लक्का जवान भएर चलचित्र खेल्ने बेलामा उनीहरू अलग भएका छन् । उनीहरू यसअघि कतिपटक अलग्गिए र कतिपटक फेरि जोडिए भन्ने हिसाब-किताब पत्रकारहरूले पनि राख्न छाडिसकेका छन् । जे होस्, सुस्मिता फेरि एकपटक बमजन भएकी छिन् । उनको फेसबुकले यही भन्छ भने भुवन पनि त्यसै भन्छन्, तर मान्नेहरू मान्दैनन् र अलग भएको घोषणापछि पनि सगरमाथा बेस क्याम्पमा उनीहरूले एउटै कोठामा रात बिताएको उदाहरण दिन्छन् । अलग हुँदैमा एउटै कोठामा सुत्नु हुँदैन भन्ने पनि त छैन, कसो रजनी बमजनजी ?



## चलचित्रका निर्माता



माधव वाग्लेको अनुहारमा चमक बढेको छ । 'फस्ट लभ' प्रदर्शन हुनुअघि उनको अनुहारमा त्यस्तो चमक थिएन । यो वर्षकै सर्वाधिक कलेक्सन गर्ने चलचित्रको निर्माता भएपछि चलचित्र निर्माणमा उनको पनि जोस बढेको छ । बधाई दिनेहरूको लस्कर पनि सानो छैन । यद्यपि यथार्थ बेग्लै छ । पछिल्लो पटक उनका निर्देशक सिमोस सुनुवारको स्टुडियोमा भेटिएका वाग्लेले अनुहार खुम्च्याउँदै भने, 'अहिलेसम्म साउँ पनि उठेको छैन । मिडियाले हल्ला बेसी गरेका हुन् ।' उनले भने, 'पहिलो साता १० लाख हात पर्‍यो । अहिलेसम्म १ करोड ७० लाखको ग्रस कलेक्सन गर्‍यो भन्ने सुनेको छु । पटक-पटक गरी हातमा २२ लाख जति परिसक्यो । तै पनि वितरण आफ्नै भएकाले ग्रस कलेक्सनको ४० प्रतिशत जति आउँछ कि भन्ने आशा छ । त्यसैले पनि ६५ लाख लगानी गरी बनाएकाले लगानी सुरक्षित भैसकेको महसुस गरेको छु । वितरण आफ्नै नभएको भए, २० प्रतिशत जति मात्र हातमा पर्थ्यो होला ।' वाग्लेको भनाइ सुनेपछि प्रश्न उठ्छ चलचित्रका निर्माताहरू किन चलचित्र बनाइरहेका छन् ? यसको जवाफ पनि छ वाग्लेसँग- 'चलचित्र बनाएर विशुद्ध व्यापार हुँदैन । यो जुवा हो, व्यापार होइन । यदि कसैलाई चलचित्र बनाउने नशा छ भने नेपालको सानो बजार बुझेर मात्र चलचित्र बनाउनु उपयुक्त हुन्छ । यहाँ हिरो बन्नु छ, निर्देशक बन्नु छ वा कसैलाई नायिका बनाएर आफ्नो स्वार्थ पूरा गर्नुछ भने मात्र चलचित्र बनाउनु, विशुद्ध व्यापार गर्न कसैले चलचित्र नबनाउनु ।' उनी भने अर्को चलचित्र बनाउने बताउँछन् । किन त ? 'जुवामा एकपटक माल हात लागेपछि लगातार खेल्न मन लाग्छ, त्यस्तै हो । मलाई अब फेरि ठूलो माल हात लाग्छ कि भन्ने आशा छ ।' उनले कारण प्रष्ट्याए ।

## • फिल्मी खबर •

### शम्भुको नुतन स्टुडियो

निर्देशक शम्भु प्रधानले चलचित्र लेखिका पत्नी नुतन प्रधानको नाममा चलचित्र छायांकनका लागि सुविधा सम्पन्न स्टुडियो निर्माण गरेका छन्। काठमाडौंको बिजुलीबजारमा माघदेखि सञ्चालन हुने उक्त स्टुडियोको निर्माण लागत ७ करोड रहने बताइएको छ।

### चाँडै आऊ है

निर्देशक दीपक रायमाझीले आफ्नो नयाँ चलचित्र 'चाँडै आऊ है' को छायांकन प्रारम्भ गरेका छन्। दसैंलगत्तै राजधानीमा चलचित्रको छायांकन प्रारम्भ भएको हो। यो चलचित्रमा धन कमाउन बिदेसिएका युवालाई स्वदेश फर्कन आह्वान गरिएको कथा समावेश छ। चलचित्रमा सुमन सिंह, अयुब केसी, नीता ढुंगाना, आरपी पन्त आदि कलाकारले अभिनय गरिरहेका छन्।

### अब एके-४७

नयाँ निर्देशक ब्रिलियन्ट विष्टद्वारा निर्देशित चलचित्र 'एके-४७' को सार्वजनिक प्रदर्शन तिहारपछि प्रारम्भ हुनेछ। एक्सन प्रधान यो चलचित्रको प्रदर्शन युरोपबाट गरिने चलचित्रका नायक विशाल विष्टले बताएका छन्। आलोकश्रीद्वारा संगीतबद्ध यो चलचित्रमा विशाल विष्ट, सुशिल पोखरेल, दिपक क्षेत्री, बिनी खतिवडा, रोशनी केसी, प्रभोन भुषाल, दिलीप ठकुरी आदि कलाकारले अभिनय गरेका छन्। विशाल फिल्म्सको ब्यानरमा तयार पारिएको यो चलचित्रमा देव महर्जनको द्वन्द्व निर्देशन छ भने राजेन्द्र श्रेष्ठ चलचित्रका निर्माता हुन्।

### पुसमा एक दिन एक रात

निर्देशक देवकुमार श्रेष्ठको निर्देशनमा बनेको थ्रिलर तथा सस्पेन्स चलचित्र 'एक दिन एक रात' पुस महिनामा सार्वजनिक हुने भएको छ। अनुप बराल, विनय श्रेष्ठ, कर्म, दिया मास्के, पूजा लामा, मेनुका प्रधान, प्रवेश गिरी तथा जेस्पर न्यौपानेले मुख्य भूमिका निर्वाह गरेको यो चलचित्रका निर्माता निर्मलरत्न शाक्य हुन्।

### हाँसिदेऊ एकफेर

महजोडी अभिनीत हास्यप्रधान चलचित्र 'हाँसिदेऊ एकफेर' मंसिर महिनाको अन्तिम साता सार्वजनिक हुने तरखरमा छ। शिव रेग्मीले निर्देशन गरेको उक्त चलचित्रमा मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यका अतिरिक्त राजबल्लभ कोइराला, श्वेता खड्का, किरण केसी, राजाराम पौडेल, सुशील क्षेत्री, मिथिला शर्मा, विजय देउजा, रवि गिरी, पल्पसा डंगोल 'चम्सुरी', सिरु विष्ट, केशव भट्टराई, नरेन्द्र कंशाकार, उत्तम केसी, रामचन्द्र अधिकारी, निर्मल शर्मा, जयप्रकाश रिजाल, हिउँबाला गौतम, विष्णु सापकोटा, रमेश अधिकारी, पुष्कर भट्ट आदि कलाकारले कुनै न कुनै भूमिका निर्वाह गरेका छन्। त्यतिले नपुगेर उक्त चलचित्रमा नायिकाद्वय ऋचा घिमिरे तथा गरिमा पन्त अतिथि भूमिकामा देखा पर्नेछन्।

### एक करोडको मिस यू

निर्माता तथा अभिनेता दिलीप रायमाझीको 'होमप्रोडक्सन' प्रोजेक्ट 'मिस यू' लाई ८० लाखभित्र सक्ने योजना भए पनि निर्माण लागत बढेर १ करोड नाघेको बताइन्छ। विदेशमा छायांकन गर्ने भनेर मलेसिया पुग्दा ५ लाखजतिको सामान चोरी, सुटिङ्ग पर्मिटका लागि १२ लाख तथा प्रविधिक सामग्री उपलब्ध गराउने स्थानीय कम्पनी बिस्कुटले धोका दिएकाले खर्च बढेको निर्देशक सुरेशदर्पण पोखरेलले बताएका छन्। हालसम्म ९० प्रतिशत छायांकन सम्पन्न भएको 'मिस यू' मा दिलीप रायमाझी, नम्रता श्रेष्ठ तथा बरुण राणाको मुख्य भूमिका छ।

### नगरकोटीको निधन

चलचित्र कलाकार तथा व्यवसायी राम नगरकोटीको अमेरिकास्थित पेन्सिलभेनिया राज्यको पेन स्टेटमा निधन भएको छ। ४५ वर्षीय नगरकोटीले अमेरिकामा निर्मित नेपाली चलचित्र 'इष्टमित्र'मा सहअभिनेताको भूमिका निर्वाह गरेका थिए। अविवाहित नगरकोटीको अमेरिकामै अन्तिम संस्कार गरिएको छ। अक्टोबर ३१ देखि सम्पर्कविहीन नगरकोटीको शव उनकै कोठाको कम्प्युटरअगाडि नोभेम्बर १ मा भेटिएको थियो। स्थानीय अस्पतालका अनुसार शव भेटिनु २४ घण्टाअघि नै उनको निधन भैसकेको थियो। शवको परिक्षणपछि प्राकृतिक ढंगबाटै हृदयाघात भएकाले उनको निधन भएको जनाइएको छ। १९९५ मा अमेरिका पुगेका नगरकोटी लामो समय न्युयोर्क बसे पनि केही वर्षअघिदेखि पेन्सिलभेनिया राज्यमा व्यापार-व्यवसाय सञ्चालन गर्दै आएका थिए।



### नयाँ नेपाल एक्सप्रेस

अशोक बम मल्लको लेखन, निर्देशन तथा लगानीमा चलचित्र 'नयाँ नेपाल एक्सप्रेस'को निर्माण भैरहेको छ। चलचित्रमा भूपेन चन्द, राज तिमिल्सिना, मौसमी मल्ल, शर्मिला मल्ल, मुकुन्दकिशोर भट्टराई, गणेश उप्रेती, नीता ढुंगाना, सुष्मा कार्की, रवि डंगोल आदिले अभिनय गरिरहेका छन्। यो चलचित्रमा लक्ष्मण शेषको संगीत छ।

### मलाई मन पऱ्यो

भद्र भुजेलको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'मलाई मन पऱ्यो'को निर्माण अन्तिम चरणमा पुगेको छ। चलचित्रमा जीवन लुइँटेल, राजबल्लभ कोइराला तथा निरुता सिंहको मुख्य भूमिका छ। निर्देशक भुजेलले दर्जनौं चलचित्रमा मुख्य सहायक निर्देशन गरेको अनुभव सँगालेका छन्।

### ग्याम्लर सुरु

रमेश बुढाथोकीको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'ग्यामलर'बाट वर्षौंपछि उनकी श्रीमती तथा नायिका बिना बुढाथोकीको पुनरागमन हुँदैछ। हाल छायांकन भैरहेको उक्त चलचित्रमा राजेश हमाल, सुमन सिंह, कल्पना शाही, नेहा निरौला आदि कलाकारको मुख्य भूमिका छ। चलचित्रमा शम्भुजित बाँस्कोटाले संगीत दिएका छन्।

## • लभ गुरु •



पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**प्रश्न : म २० वर्षीय युवक हुँ। केही समयअघि काठमाडौंको पुतलीसडकको एक रेस्टुराँमा एक युवतीसँग मेरो सामान्य परिचय भएको थियो। ती युवतीले मसँग मेरो मोबाइल नम्बर मागिन्, मैले दिएँ। त्यसपछिका दिनहरूमा उनको र मेरो कुराकानी निरन्तर हुन थाल्यो। केही समयपछि हाम्रो भेटघाट पनि भयो, तर सामान्य कुराकानीबाहेक अरू नौला कुरा केही भएनन्। त्यसपछि फोनबाटै हामीले एक-अर्कालाई माया गर्ने कुरा गऱ्यौं। हाम्रो सम्बन्ध मायाकै रूपमा अघि बढ्यो। त्यतिबेला म विद्यार्थी भएका कारण मसँग पैसाको अभाव हुन्थ्यो। त्यसैकारणले म उनलाई भनेको ठाउँमा घुमाउन सक्दिनथें। त्यही निहुँमा उनी मबाट टाढा भइन्। म पनि आफूलाई सम्हाल्दै पढाइतिर लागें। पढाइ सकिएपछि मैले आफ्नो परिवारको आग्रहबमोजिम गाउँकै एउटी युवतीसँग विवाह गर्ने निर्णय गरें, तर अहिलेसम्म मेरो विवाह भएको छैन। मेरो पढाइ पूरा भएको थाहा पाएपछि ती युवती फेरि मसँग नजिक हुन खोज्दैछिन्। मैले उनलाई अब हामी साथी मात्र हुन सक्छौं भन्दा उनी आत्महत्या गर्ने धम्की दिन्छिन्। म निकट भविष्यमा मसँग विवाह-बन्धनमा बाँधिने गाउँकी युवतीसँग निकै खुसी छु। मैले कसैबाट धोका खाए पनि म कसैलाई धोका दिने पक्षमा छैन। यस्तो स्थितिमा म के गर्न सक्छु ?**

**आर.**

तपाईंकी ती कथित प्रेमिका स्वार्थी छिन्। प्रेमले कहिल्यै पनि धन, परिवार, रूप-रंगजस्ता भौतिक कुरा हेर्दैन। हिजोका दिनमा जतिबेला तपाईं आफूलाई योग्य बनाउन संघर्षरत हुनुहुन्थ्यो त्यतिबेला तपाईंको अभावग्रस्त जीवनलाई साथ दिने साहस नभएकै कारण ती युवती तपाईंबाट टाढा भएकी हुन्। अहिले तपाईंका संघर्ष सकिएपछि र तपाईंले आफ्नो परिवारको आग्रहबमोजिम गाउँकी युवतीसँग विवाह गर्ने निर्णय गरिसकेपछि फेरि तपाईंप्रति ती युवती आकर्षित हुनुमा उनकै स्वार्थ हुनुपर्छ, तसर्थ मेरो सल्लाह मान्नुहुन्छ भने तपाईंले अबका दिनमा दायाँ-बायाँ नहेरी आफ्ना लागि परिवारले खोजिदिएको र तपाईंले समेत निर्णय गरिसकेकी युवतीसँग लगनगाँठो कस्नुपर्छ र तपाईंप्रति समर्पित गाउँकी ती युवतीप्रति तपाईंले पनि सम्मानको भावना राख्नुपर्छ। आफ्नो निर्णयका पछाडि कसले कस्तो धम्की दिन्छ भन्ने कुराप्रति बेवास्ता गर्न सक्नुपर्छ।


















# लक्की चार्म क्याटरिना

चलचित्र निर्माता आदित्य चोपडा अभिनेत्री क्याटरिना कैफलाई लिएर एकसाथ तीनवटा चलचित्र निर्माण गर्ने सोचमा छन् । स्रोतका अनुसार आदित्य क्याटरिनालाई आफ्नो लक्की चार्म मान्छन् । कारण आदित्यको क्याटरिनासितको चलचित्र 'न्युयोर्क'ले सफलता प्राप्त गरेको थियो । त्यसैले आदित्य क्याटरिनासितको त्यो आफ्नो सफलता दोहोर्‍याउन चाहन्छन् । आफ्नो आगामी प्रोजेक्टका लागि आदित्य क्याटरिनाको समय लिन निकै मेहनत गरिरहेका छन् । क्याटरिना आदित्यका लागि गुडलक साबित हुन्छिन् कि हुन्नन् भन्ने कुराचाहिँ आगामी दिनमै थाहा होला ।

# सलमानले तिरे जरिवाना




कुरा अभिनेता सलमान खानको प्रिय वेनिटी भ्यान हो । उनी उक्त भ्यानलाई सडकको छेउमा पार्किङ गरेर राख्थे । स्रोतका अनुसार त्यो भ्यानमा सलमान आफ्नो रुचिअनुसारका सबै सर-सामान मिलाएर राख्छन् । त्यो भ्यानका कारण सडक आवत-जावतमा पनि समस्या हुन्थ्यो । त्यसैले यस विषयमा कसैले मुम्बई महानगरपालिकामा सूचना गरिदिए, जसका आधारमा 'नो पार्किङ एरिया' मा गाडी पार्क गरेको अभियोगमा अभिनेता सलमानले दुई हजार रुपैयाँ जरिवाना तिर्नुपर्‍यो ।



# मधुर रिसाए करिनासित

बलिउड बेबु अभिनेत्री करिना कपुरसित निर्देशक मधुर भण्डारकर खुसी छैनन । कारण करिना मधुरको चलचित्रलाई प्राथमिकता नदिई निर्देशक करण जौहरको चलचित्रमा बढी केन्द्रित छिन् । निर्देशक मधुरको आगामी चलचित्र मर्लिन मुनरोमा आधारित छ भने करिनाले उक्त चलचित्रमा मुख्य भूमिका निर्वाह गरिरहेकी छिन्, तर करिना भने यस विषयमा त्यति गम्भीर नभएको गुनासो मधुरको छ । करिना आफूसित मार्चपूर्व डेट नहरेको बताइरहेकी छिन् । यही विषयलाई लिएर निर्देशक मधुर अभिनेत्री करिनासित रिसाएका छन् । निर्देशक मधुर करिनाले लामो समयसम्म पनि डेट नदिए उनको स्थानमा अरूलाई लिइने सोचमा रहेको बताइन्छ ।

# शाहरूख फेरि मसल्स बनाउँदै



आफ्नो होम प्रोडक्सनको आर ए वनका लागि तौल घटाएका अभिनेता शाहरुख खान निर्देशक फरहान अख्तरको 'डन टु' का लागि भने मसल्स बनाउँदै छन् । त्यसका लागि फिटनेस ट्रेनर प्रशान्त सावन्तले उनलाई गाइड गरिरहेका छन् । प्रशान्तकै निर्देशन अनुसार शाहरुखले चलचित्र 'ओम शान्ति ओम' का लागि सिक्स प्याक एब प्राप्त गरेका थिए । 'डन टू' मा फिट मात्र नभएर स्लिम, एथलिट र शक्तिशाली बडी चाहिएकाले शाहरुख हिजो आज विशेष प्रकारको वेट ट्रेनिङ तथा हाई प्रोटिन डाइटको सेडुअलमा काम गरिरहेका छन् ।

# अग्निपथको रिमेकमा ऋतिक रोशन

बिग बी अमिताभ बच्चन अभिनीत सन् १९९० को चलचित्र अग्निपथको रिमेक हुने भएको छ । निर्माता निर्देशक करण जौहरले निर्माण गर्ने अग्निपथको रिमेकमा ओरिजिनल अग्निपथका नायक अभिनेता अमिताभ बच्चनले निर्वाह गरेको ग्याङस्टर विजय दिनानाथ चौहानको भूमिका ऋतिक रोशनले निर्वाह गर्ने भएका छन् । मुकुल आनन्दद्वारा निर्देशित अग्निपथले त्यसताका बक्स अफिसमा खासै चमत्कार देखाएको थिएन, तर बीग बीले यही चरित्रका लागि नेशनल एवार्ड हात पारेका थिए । ऋतिकको नायिकाको भूमिका अभिनेत्री प्रियंका चोपडाले निर्वाह गर्ने बलियो सम्भावना छ ।





# कंगना बचिन् दुर्घटनाबाट

बलिउड बालाहरू लभ सिनहरुमा मात्र नभई स्टन्टका मामिलामा पनि बोल्ड हुन थालेका छन् । यसै क्रममा अभिनेत्री कंगना राणावत आफ्नो पछिल्लो चलचित्र नक आउटका लागि डुप्लिकेटको सहारा नलिई स्टन्ट दिने क्रममा ठूलो दुर्घटनाबाट जोगिएकी छिन् । निर्देशक मणि शंकरको निर्देशनमा निर्माण भैरहेको उक्त चलचित्रमा तीव्र गतिमा कुदिरहेको एउटा ट्रक हावामा उड्ने र पछि भुइँमा खस्ने दृश्य छायांकन गर्ने क्रममा ट्रकमा अचानक आगो लागेपछि सो दृश्यमा अभिनय गरिरहेकी अभिनेत्री कंगना दुर्घटनामा पर्ने सम्भावना थियो । स्रोतका अनुसार ठीक समयमा कंगनाले उक्त ट्रकको बाटोबाट आफूलाई हटाइन् र दुर्घटनाबाट जोगिइन् ।



# चाडपर्व सकियो, अब के गर्ने तयारी गर्दै हुनुहुन्छ ?

यसपालिको दसैं-तिहार त काममै बित्यो, त्यसैले अब चाडपर्वपछि कतै टाढै घुम्न जाने योजना बनाउँदैछु। काठमाडौंबाहिर नगएको धेरै भएकाले पनि लामै छुट्टी लिएर घुम्न जाने कार्यक्रम बन्दैछ।

**कृति भट्टराई (नायिका/भिजे)**

झन्डै एक महिना लामो बिदामा हामी सबै निष्क्रियप्रायः भएका थियौं। अब नयाँ जोस-जाँगरका साथ पुनः संगीत सिर्जनामा व्यस्त हुँदैछु। दसैं-तिहारको मोजमस्तीपछि अब पुनः सिर्जनात्मक कार्यमा व्यस्त हुनुपर्ने बेला आएको छ।

**राम सिटौला (संगीतकार)**

चाडपर्वले अल्छी बनाएको थियो, अब सक्रिय

## केवल १ प्रश्न

रूपमा मेरो नयाँ संग्रह 'नक्षत्र' को प्रोमोसनमा व्यस्त हुन्छु। डिसेम्बरमा अमेरिकाको सांगीतिक यात्राको तयारीमा पनि व्यस्त हुनु छ। यसबाहेक 'तिमीलाई मन पराउँछु...' गीतलाई थप लोकप्रिय बनाउनुपर्नेछ।

**नवीन के भट्टराई (गायक)**

दसैं-तिहार सकिएकाले अब नयाँ गीतिसंग्रहको रेकर्डिङमा व्यस्त हुँदैछु। लगत्तै कान्तिपुर टेलिभिजनका लागि एउटा नयाँ हास्यशृंखलाको निर्माणमा व्यस्त हुनेछु।

**प्रकाश ओझा (हास्यकलाकार)**

झन्डै एक महिना लामो चाडपर्व सकिएपछि अब म आफ्नै रचनाको नयाँ संग्रह सार्वजनिक गर्ने तयारीमा छु। चारवटा चलचित्रको गीत पनि चाँडै लेखिसक्नुपर्नेछ।

**भूपेन्द्र खड्का (गीतकार)**



● मेरो अनुभव ●

# पुरुष मित्र

## नन्दिता केसी (नायिका)

अचम्म लाग्छ होला हगि ? पर्दामा पुरुष कलाकारसँग प्रेमका दृश्य गर्ने र पुरुषहरूकै वरपर घुमेका चलचित्रमा अभिनय गर्ने मेरो जीवनमा कोही पनि पुरुष छैन भन्दा। यही हो यथार्थ। चलचित्रको कथामा बेरिएर नायक अर्थात् पुरुषसँग रोमान्सको नाटक गर्नु मेरो पेसाको एउटा फेरो हो। वास्तवमा म पुरुषहरुको संगतबाट धेरै टाढा छु। कुनै पनि पुरुषसँग केहीबेर कामका सिलसिलामा बोल्नु बाहेकको मेरो गहिरो संगत कसैसँग छैन। त्यसको पनि कारण छ। मेरो घर अर्घाखाँचीमा छ। मैले हाइस्कुलसम्मको अध्ययन त्यही पूरा गरेँ। केटा र केटीहरु एउटै कक्षामा बसेर पढ्ने 'को- एड' स्कुलमा पढेकी भए पनि कक्षाका केटा साथीहरूसँग कहिल्यै नजिक भइनँ। म केटी साथीहरूको समूहमा बस्थे र उनीहरूसँगै समय बिताउँथे। घरमा पनि हामी चार जना दिदी बहिनीमा म साहिंली र हाम्रो एउटा दाइ हुनुहुन्छ। बाबासमेत गरेर घरमा कुल दुई जना पुरुष छन्। अहिले दाइको छोरा पनि भएकाले कुल तीन जना छन्। म दिदी तथा बहिनीहरूसँगै हुन्थे। त्यसैले पुरुषलाई नजिकबाट चिन्न खोजिएन। पाल्पामा कलेज पढ्दा भने प्रसान्त, कमल र विनोद जस्ता सहृदयी साथीहरूको संगत भयो। यद्यपि हाम्रो मित्रतामा उनीहरू पुरुष र म महिला भन्ने विभेद कहिल्यै भएन।

चलचित्र क्षेत्रमा मेरो एकजना पुरुष मित्र छन्- क्रिस अर्थात् साइमन। उनी सहायक निर्देशक हुन्। हामी निकै मिल्छौ। यतिसम्म कि बेलाबखत उ र उनको गर्लफ्रेन्डसँग हामी फिल्म हेर्न र डुल्न जान्छौं। उ बाहेक चलचित्र क्षेत्रमा अनेकन परिचित पुरुष छन्, तर उनीहरूसँग पेसागत कुरा मात्र हुन्छ। मैले अहिलेसम्म कसैसँग प्रेम गरेकी छैन। स्कुलमा फलानोले तिमीलाई मनपराउँछ भन्ने कुरा सुनिन्थ्यो, तर त्यो कुरामा मेरो ध्यान कहिल्यै गएन। कलेजमा पनि सिनियर फलानोले तिमीलाई प्रस्ताव गरेको छ भन्ने खबर आउँथ्यो। त्यस्ता खबर प्रति पनि म सिरियस भइन्। मलाई त्यस्ता पुरुषहरू जो महिलालाई आफ्नो पैतालामुनी राख्न खोज्छन् प्रतिघृणा लाग्छ। भविष्यमा मेरो पनि कोही न कोही पुरुष मित्र जो मेरो जीवनसंगी बन्नेछ, उबाट म त्यस्तो व्यवहारको अपेक्षा राख्दिनँ।




## मनपर्छ

**ड्रेसिङ्ग सेन्स-** सुहाउने पहिरन लगाएर मात्र हुँदैन, समय र वातावरण अनुरूप ड्रेस लगाउने विपरीत लिंगीप्रति मेरो ध्यान जान्छ।

**कम्युनिकेसन स्किल -** आफू र आफ्नो क्षमतालाई राम्रोसँग प्रस्तुत गर्न सक्ने प्रतिभा भएकी स्पष्टवक्ता युवतीले छिट्टै आकर्षित गर्छन्।

**सफा-सुग्घरी-** मेरो विचारमा मेकअप र ड्रेसअप गरेर मात्र युवतीहरू आकर्षक देखिँदैनन्। 'हेड टु टो' सफा-सुग्घर हुनु पनि जरुरी हुन्छ।

**स्माइल-** दाँत मिलेका युवतीहरूको स्माइल त्यसै पनि आकर्षक हुन्छ। मलाई त छेउमा सानो दाह्रा जस्तो निस्किएका युवतीहरूको स्माइल मनपर्छ। डिम्पल पर्ने भनेको गालामा मासु नपुगेर प्वाल परेको जस्तो लाग्छ।

● अपोजिट सेक्स ●

## मन पर्दैन

**ठूलो तीघ्रा-** असामान्य ढंगका बडेमाका तीघ्रा भएका युवतीहरूले मलाई कहिल्यै आकर्षित गर्दैनन्। त्यस्ता युवतीहरूले स्कर्ट लगाएको त अझ मनपर्दैन।

**अव्यवस्थित-** आफ्नो पहिरन, सरसामान, ह्याण्ड ब्यागमा राखिएका कुराहरूको पद्धति नमिलाउने युवतीहरू आफैंमा पनि व्यवस्थित हुँदैनन् कि ?

**हाउडे बानी-** हावादारी कुरा गर्ने र आफ्नो उपस्थिति जनाउन ठूलो स्वरमा हास्ने र कराउने युवतीहरू कसलाई मन पर्लान् ?

**गाजल तन्काएको-** सिक्सटिजमा आशा पारेखले जस्तो गाजलको छेउ तन्काएर लगाएको (केश तानेको) मलाई मनपर्दैन।



तस्विर : नवराज बास्तोला

# सन्तोष पन्त

सानो पर्दाका दर्शकका लागि सन्तोष पन्त परिचित नाम हो। हास्यटेलिशृंखला 'हिजोआजका कुरा' बाट उनले दर्शकमाझ आफ्नो बेग्लै पहिचान बनाइसकेका छन्। नेपाल टेलिभिजनबाट लामो समय प्रसारण भएर झन्डै चार वर्षअघिदेखि स्थगित भएको यो रमाइलो कार्यक्रम अहिले कान्तिपुर टेलिभिजनबाट प्रसारण हुन थालेको छ। गत दसैंको महाअष्टमीको दिनदेखि प्रत्येक शुक्रबार राति ९ बजे प्रसारण हुने 'हिजोआजका कुरा' ले करिब एक महिनाको अवधिमै दर्शकको सकारात्मक प्रतिक्रिया पाउन थालिसकेको छ। थुप्रै चलचित्र, टेलिशृंखला, विज्ञापन आदिमा काम गरिसकेका कलाकार पन्त 'हिजोआजका कुरा' मा अभिनय मात्र गर्दैनन्, निर्देशन तथा कथा पनि आफैंले तयार पार्छन्। नेपाल टेलिभिजनबाट यो लोकप्रिय शृंखलाको प्रसारण टुंगिएपछि सन्देशमूलक टेलिशृंखला 'माटोले मार्दैन आफैंले दिनुपर्छ' को अभिनयलाई निरन्तरता दिइरहेका पन्तले यो अवधिमा अस्ट्रेलियामा पुगेर 'गुरु बा इन अस्ट्रेलिया' शीर्षकको चलचित्रमा मुख्य भूमिकासमेत निर्वाह गरे। कान्तिपुर टेलिभिजनबाट शुक्रबारकै राति आफ्नो टेलिशृंखला प्रसारण हुनुलाई संयोग मान्ने कलाकार पन्त आफ्नो शृंखलामा दर्शकले सामाजिक सन्देश तथा कथा पाउने दाबी गर्छन्। 'म स्वाभाविक अभिनय गर्छु, त्यसैले दर्शकले हिजोआजका कुरालाई मन पराउँछन्, पन्त भन्छन्- 'दर्शकको चाहनाअनुसार प्रतिफल दिन सकियो भने लोकप्रिय नहुने कुरै आउँदैन।' यही शृंखलाको छायांकनका क्रममा रहेका कलाकार पन्तसँग साप्ताहिकको तीन प्रश्न :

## ● तीन प्रश्न ●

**पहिलेको तुलनामा अहिलेको शृंखला कत्तिको पृथक् छ ?**

शीर्षक तथा कलाकार प्रायः एउटै भएकाले यो कुरा नै पृथक् भन्ने छैन, तर अहिलेको समय र परिस्थिति पहिलेको भन्दा भिन्न भएकाले कथामा पनि परिवर्तन आएको छ। यसबाहेक नयाँ शृंखलामा हरेक साता कवि शैलेन्द्र सिम्खडाको एक-एकवटा व्यंग्यात्मक कविता पनि समावेश गरिएको छ।

**नयाँ पुस्ताका दर्शकबाट कस्तो आशा राख्नुभएको छ ?**

नयाँ पुस्तामाझ लोकप्रिय बनाउने प्रयासमा छु। पहिले एउटा मात्र नेपाली च्यानल थियो, अहिले १४ वटा छन्। यसबाहेक लोडसेडिङको मार त छँदैछ। त्यसैले हिजोआजका कुराको सेकेन्ड इनिङलाई लोकप्रिय बनाउनु मेरा लागि पनि चुनौती भएको छ।

**नयाँ हिजोआजका कुरालाई दर्शकले कत्तिको रुचाएको पाउनुभयो ?**

अहिलेसम्म भेटिएका दर्शकले राम्रो भनेर प्रतिक्रिया दिएका छन्। दर्शक हाम्रो आफ्नै टेलिशृंखला आयो भन्छन्।

पछिल्ला दुई महिनायता प्रदर्शन भएका करिब एक दर्जन चलचित्रमध्ये रेखा फिल्म्सको चलचित्र 'कसले चोर्‍यो मेरो मन' व्यावसायिक रूपमा सफल मानिएको छ। दसैंको अवसर पारेर देशव्यापी प्रदर्शन गरिएको यो चलचित्रले राजधानीमा त राम्रो व्यवसाय गर्‍यो नै, मोफसलमा समेत यसले दर्शकको मन जित्यो। सहरमा यो चलचित्र हेर्न हलमा पुगेका दर्शकहरू सिट नपाएर भर्‍याङ तथा मुडामा समेत बसेर हेरेका समाचार सार्वजनिक भए। आकर्षक लोकेसन, कर्णप्रिय गीत-संगीत, स्तरीय कथा तथा प्रविधिको राम्रो संयोजन भएको 'कसले चोर्‍यो मेरो मन' को सफलताको श्रेय चलचित्रकी निर्मात्री तथा नायिका रेखा थापालाई मात्र होइन, चलचित्रका युवा निर्देशक सबिर श्रेष्ठलाई पनि जान्छ। यसअघि निर्देशक अनिष कोइरालाको सहायकका रूपमा सुपरस्टार, के भो लौन नि, मितिनीजस्ता चलचित्रमा काम गरिसकेका निर्देशक श्रेष्ठ कसले चोर्‍यो मेरो मनमार्फत सोलो निर्देशक बनेका हुन्। पन्छी, क्रोध, शासनजस्ता चलचित्रमा समेत मुख्य सहायक निर्देशन गरिसकेका श्रेष्ठ निर्माता छवि ओझा तथा रेखा थापाले दिएको जिम्मेवारीमा खरो उत्रिएका छन्। पहिलो पटक सोलो निर्देशन गरेर सफलता हासिल गरेका श्रेष्ठले रेखा फिल्म्सकै आगामी चलचित्रको समेत निर्देशन गर्ने जिम्मा पाएका छन्। 'कसले चोर्‍यो मेरो मन' पछि उमादेवीको चलचित्र इसारा निर्देशन गरिसकेका निर्देशक श्रेष्ठ कृष्ण चौलागाईंको के म तिम्रो साथी बन्न सक्छुको समेत निर्देशन गर्दैछन्। निर्देशक श्रेष्ठसँग *साप्ताहिक*का कृष्ण भट्टराईको जम्काभेट :



## ● जम्का भेट ●

**'कसले चोर्‍यो मेरो मन' दर्शकले मन पराएकै हुन् ?**

हलमा दर्शकको भीडले यो चलचित्र उनीहरूको रोजाइमा परेको पक्का भएको छ। चलचित्रको परिणामबाट हामी असाध्यै खुसी छौं।

**चलचित्रमा निर्देशकभन्दा नायिका हावी भएको बताइँदैछ नि ?**

चलचित्रमा कुनै एउटा पक्ष मात्र हावी भयो भने त्यो सफल हुन सक्दैन। चलचित्रको व्यावसायिक सफलताले नै यो आरोपको खण्डन गरेको छ।

**'कसले चोर्‍यो मेरो मन'को सकारात्मक पक्ष के हो ?**

विश्वव्यापी रूपमै त्यस्तो चलचित्रमात्र सफल हुन्छ, जसमा सबै कुराको राम्रो सम्मिश्रण हुन्छ। यो चलचित्रमा पनि गीत, संगीत, कलाकार, लोकेसन, प्रविधिलगायत सबै कुराको राम्रो सम्मिश्रण छ।

**नयाँ निर्देशक भएकाले कलाकारलाई अभिनय गराउन गाह्रो परेन ?**

सोलो निर्देशन पहिलो पटक गरे पनि म विगत एक दशकदेखि यही क्षेत्रमा रमाइरहेको छु। निर्देशक भनेको चलचित्रको क्याप्टेन भएकाले कलाकारलाई अभिनय गराउन गाह्रो पर्ने कुरै भएन।

**रेखा फिल्म्समा निर्देशकलाई नदोर्‍याउने चलन छ, तपाईंलाई त दोहोर्‍याइँदै छ नि ?**

यो त मेरो सफलता हो। मैले गरेको मेहनत तथा त्यो मेहनतले पाएको सफलताका कारण नै म यही ब्यानरको नयाँ चलचित्रमा पनि काम गर्दैछु।

## ● सानो पर्दा ●

### रोमाञ्चक हुँदैछ खोजी...

नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको रियालिटी शो 'खोजी प्रतिभाको' रोमाञ्चक मोडमा पुगेको छ। अभिनय, गायन तथा नृत्यतर्फ निर्णायकले उत्कृष्ट प्रतियोगीको छनोट गरेपछि अब उनीहरूलाई अघिल्लो चरणमा पुर्‍याउने दायित्व दर्शकको काँध आएको छ। प्रत्येक मंगलबार राति ९:३० बजे प्रसारण हुने यो कार्यक्रममा निर्णायकहरूले अभिनयतर्फ उत्कृष्ट १४, गायनतर्फ १६ जना तथा नृत्यतर्फ १७ जनालाई छनोट गरेका छन्। कार्यक्रमका प्रस्तोता तथा निर्देशक दिनेश डिसीका अनुसार अब दर्शकहरूले गर्ने एसएमएसका आधारमा कम मत पाउने प्रतियोगी बाहिरिँदै जानेछन्। यसबीच पोखराकी प्रतियोगी दुर्गा परियार तथा चितवनका कृष्ण महतोले निर्देशक दीपक श्रेष्ठको आगामी चलचित्रमा पार्श्व गायनको अवसर पाउने भएका छन्। कलंकीकी अनिता कुँवरले संगीतकार सुरेश अधिकारीको आगामी चलचित्रमा नायिकाको भूमिका निर्वाह गर्ने अवसर पाउनेछिन्। उनीहरूले कार्यक्रमकै सिलसिलामा पुरस्कारस्वरूप यो अवसर पाएका हुन्।

### दमकबाट हिमशिखर

सञ्चारमाध्यमको लोकप्रियता बढ्दै जादा झापाको दमकबाट पहिलो पटक टेलिभिजन प्रशारणमा आउन थालेको छ। हिमशिखर मिडिया प्रालिले सञ्चालन गरेको हिमशिखर टेलिभिजन तिहारको लक्ष्मी पूजाको दिनदेखि परीक्षणमा आएको ध्रुव न्यौपानेले बताए। पूर्वाञ्चलको लोक संस्कृति, पर्यटकीय क्षेत्र तथा भाषाभाषीका कार्यक्रम टेलिभिजनको मुख्य प्राथमिकतामा पर्ने बताईएको छ। टेलिभिजनमा आवश्यक पर्ने मानवीय संसाधन उत्पादनका लागि आधारभूत तालिमसमेत सम्पन्न भैसकेको प्रबन्ध निर्देशक बेदराज अधिकारीले जानकारी दिए। यसैगरी इलामबाट समेत टेलिभिजन च्यानल सञ्चालनको तयारी भैरहेको छ।

### लिटिल च्याम्स प्रारम्भ

तराई टेलिभिजनबाट नयाँ रियालिटी शो 'लिटिल च्याम्स' को प्रसारण प्रारम्भ भएको छ। यो कार्यक्रम प्रत्येश शुक्रबार राति ८:३० बजेदेखि प्रसारण हुन्छ। 'डान्स योर प्यासन' नारा राखिएको नृत्य प्रतियोगितामा आधारित यो कार्यक्रममा बालबालिकाहरू बीच प्रतिस्पर्धा भैरहेको छ। कार्यक्रमका निर्माता फुर्वा शेर्पाका अनुसार अहिले अडिसनका दृश्यहरू प्रसारण भैरहेका छन्। कार्यक्रमका लागि काठमाडौं, ललितपुर तथा भक्तपुरमा अडिसन गरिएको थियो। चलचित्र अभिनेता श्रीकृष्ण श्रेष्ठ मुख्य निर्णायक रहने यो कार्यक्रममा विभिन्न सेलिब्रेटीलाई अतिथि निर्णायकका रूपमा सहभागि गराइने बताइन्छ। लिटिल च्याम्समा ५ देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरूले प्रतिस्पर्धा गरिरहेका छन्।

### नायक बने भिजे

भिडियो जक्की सरोज केसीले एउटा नयाँ चलचित्रमा नायकको भूमिका निर्वाह गरेका छन्। गोविन्द शाहीको चलचित्र 'संसार आफ्नै' मा सरोजले नायकको भूमिका निर्वाह गरेका हुन्। भरखरै छायांकन प्रारम्भ भएको यो चलचित्रमा सुमन सिंह तथा झरना थापाले पनि मुख्य भूमिका निर्वाह गरेका छन्।

### तीतो सत्यमा प्रशान्त

नेपाल टेलिभिजनबाट प्रत्येक बिहीबार राती प्रसारण भैरहेको हास्य शृंखला 'तीतो सत्य' मा ईन्डियन आइडल प्रशान्त तामाङले अभिनय गरेका छन्। दीपकराज गिरीद्वारा निर्देशित यो शृंखलामा प्रशान्तले इन्डियन आइडल प्रशान्त तामाङकै भूमिका निर्वाह गरेका छन्। प्रशान्तले अभिनय गरेको पहिलो नेपाली चलचित्र 'गोर्खा पल्टन' अहिले प्रदर्शन भैरहेको छ।

## ● विदेशबाट ●

# माधुरी पनि निर्णायक



तीन वर्षअघि प्रदर्शन भएको चलचित्र 'आजा नचले' पछि ठूलो तथा सानो पर्दामा नदेखिएकी बलिउड नायिका माधुरी दिक्षित अब एउटा रियालिटी शोमार्फत सार्वजनिक हुने भएकी छिन्। माधुरीले सोनी च्यानलको लोकप्रिय डान्स शो 'झलक दिखला जा' मा निर्णायकका रूपमा सहभागिता जनाउन लागेका हुन्। त्यसो त बलिउड अभिनेता शाहिद कपुरलाई पनि यो कार्यक्रमको निर्णायक बन्न प्रस्ताव गरिएको छ। सोनीले जनाए अनुसार माधुरी तथा शाहिद उत्कृष्ट डान्सर भएकाले यो शोका लागि निर्णायक बनाउन लागिएको हो। नृत्यमा पारंगत दुवै जनालाई निर्णायक बनाउन सके कार्यक्रमको लोकप्रियता थप बढ्ने कार्यक्रमका निर्माताहरूको ठहर छ। कार्यक्रम निर्माताका अनुसार माधुरीले निर्णायक बन्न गरिएको प्रस्ताव स्वीकार गरिसकेकी छिन्। आगामी पुस महिनादेखि प्रसारण प्रारम्भ हुने यो कार्यक्रमका लागि माधुरीसँग पारिश्रमिकको कुरा गर्न मात्र बाँकि रहेको निर्माताले बताएका छन्। माधुरी यसअघि पनि जोडी मिलाउने कार्यक्रम 'कहीं न कहीं कोइ है' मा काम गरिसकेकी छिन्।

# मुख खोलिन् नम्रताले

पृष्ठ १ बाट जारी

धेरैको थियो, नम्रताले आत्महत्या गरेको समाचार पनि अफवाहका रूपमा उत्तिकै फैलिरहेको थियो ।'

अन्तर्वार्तामा सेक्स स्क्यान्डल बास्नादर बकबास मात्र भएको कुरा उल्लेख छ । यस अर्थमा नम्रताको भिडियो हेर्नेहरू भाग्यमानी ठहरिए, तर लेखले तत्कालै भन्छ, तर नम्रताका लागि त्यो केवल नराम्रो सपना थियो । उनी नकारात्मक खेलको सिकार भएकी थिइन् ।

कुराकानीका क्रममा नम्रताले आफू उक्त स्क्यान्डलपछि पनि जीवित रहेको, कहिल्यै आत्महत्याको बाटोमा नजाने कुरा बताउँदै जीवन सुन्दर भएकाले यसको पर्याप्त उपयोगमा लाग्ने बताएकी छिन् । घटनालगत्तैको ६ साता भूमिगत हुँदा नम्रताले आत्महत्या गरिन् भन्नेहरूलाई थप्पड दिन नै साहस बटुलेर आफू अगाडि आएको उनी बताउँछिन् । नम्रता पछिल्ला दिनमा नायक दिलिप रायमाझीले निर्माण गरिरहेको चलचित्र मिस युमा मुख्य कलाकारका रूपमा अभिनय गरिरहेकी छिन् । त्यस्तै प्रचण्डमान श्रेष्ठको निर्देशनमा निर्माण हुन लागेको चलचित्र पर्पल डेजका लागि निर्माता प्रभुशम्सेर राणाले उनलाई पाँच लाख रुपैयाँ पारिश्रमिक दिने शर्तमा अनुबन्ध गरिसकेका छन् । यदि त्यसो हो भने उनी नेपाली चलचित्र क्षेत्रमा अहिलेसम्मकै सर्वाधिक पारिश्रमिक लिने नायिका हुनेछिन् । वेश्यावृत्तिमा आधारित उक्त चलचित्रको कथा वास्तविक भएको बताइएको छ ।



'वास्तविक सेक्सटेप प्रकरणले मलाई एक प्रकारको सक दियो,' नम्रताले अंग्रेजी अखबारलाई भनेकी छिन्- 'मेरो नितान्त व्यक्तिगत क्रियाकलापको भिडियो सार्वजनिक भैसकेपछि मेरो मस्तिष्कमा पनि लाखौं सोच मडराएका थिए ।' सेक्सटेप प्रकरण सम्झँदै उनले भनेकी छिन्- 'उक्त घटनालाई हल्का रूपमा लिन सकिने अवस्था थिएन । विभिन्न पत्रपत्रिकामा आएका समाचारका कारण म सडकमा हिँड्न सक्ने अवस्थामा थिइन् ।'

पत्रिका लेख्छ- 'लाखौं सोच मनमा आएका कारण उनी अब के गर्ने भन्ने दुविधामा थिइन् । त्यसै बेला उनले प्रेस कन्फरेन्स गर्ने योजना बनाइन्, तर उक्त योजना स्थगित भयो । जतिबेला सेक्स टेप सार्वजनिक भयो, त्यसबेला उनी अध्ययनका लागि विदेश जाने तयारी गरिरहेकी थिइन्, तर त्यो ढोका पनि उनका लागि बन्द भैसकेको थियो ।

घटनाबाट आश्चर्यचकित भए पनि परिवारले नम्रतालाई बलियो ढाडस दियो । 'यदि मेरा अभिभावक साथमा नभएका भए म मेरो अस्तित्व रक्षाको लडाइँमा सफल हुन्नथेँ,' उनले भनिन् । जबकि उनका अभिभावक उच्च शिक्षाका लागि नम्रतालाई विदेशमा पठाउन चाहिरहेकै बेला उक्त घटना सार्वजनिक भएको थियो, तर अभिभावकले घटना सार्वजनिक भएलगत्तै निर्णय बदलेर नेपालमै बसेर भिडियो स्कान्डलविरुद्ध लड्न प्रेरित गरे । आफूलाई विदेश जान रोकेर परिस्थितिको सामना गर्न बाबुआमाले हौसला दिएको दाबी



नम्रताको छ ।

आमसञ्चार तथा पत्रकारितामा स्नातक उत्तीर्ण नम्रताले सेक्स टेप प्रकरणमा आफूलाई मुछेर बनाइएका समाचारहरूलाई पीत पत्रकारिताको संज्ञा दिएकी छिन् । 'मैले केही वर्षअघि एल्लो जर्नालिज्म पढेको थिएँ,' उनले भनिन्- 'अहिले त्यो भनेको के हो भन्ने थाहा पाएँ ।'

नेपाली समाजमा जहाँ महिलाहरू दबिएको भावना, धैर्यको जीवन बाँचिरहेका हुन्छन्, उनीहरूबाट धेरै कुराको अपेक्षा मात्र राखिन्छ, त्यहाँ टेपप्रकरणले सनसनी मच्चाएको थियो । त्यस्तो अवस्थामा एउटी नायिकाका रूपमा परिचित व्यक्तिले आत्मसम्मानका लागि लड्नुपर्ने उक्त घटना नम्रताका लागि महत्वपूर्ण पक्ष बनेको उनले बताएकी छिन् । नम्रताले भनेकी छिन्- 'मैले विश्वास गरेका मानिसहरूले समेत मलाई त्यो कठिन यात्रामा सहयोग गरेनन् ।'

घटनापछि नायिका एवं मोडलको उनको स्टारडमलाई तत्काल बचाउन नसके पनि उनले उक्त घटनाका कारण आत्मग्लानि नभएको बताएकी छिन् । 'मेरो के गल्ती थियो ? उनले प्रश्न गर्दै भनेकी छिन्- 'कसैलाई माया गर्नु, कसैप्रति विश्वास गर्नु अथवा नायिका बन्नु वा नेपाल जस्तो पुरातन सोच भएको मुलुकमा जन्मिनु ?'

केही समयअघि बीच नेपाली क्रिकेटको ब्रान्ड एम्बेसडर भएकी नम्रताले भनेकी छिन्- अब म पुरानै लयमा फर्कने प्रयासमा छु, त्यो घटनाले मलाई आहत गरे पनि अबको जीवनमा त्यो पीडालाई आत्मसाथ गरेर होसियारीका साथ कदम चाल्नेछु ।' कुराकानीका क्रममा उनले भनेकी छिन्- 'त्यो घटनाबाट मैले धेरै कुरा सिक्ने मौका पाएकी छु, जीवनको उतारचढावको यो श्रृंखलाले मलाई मानवीय व्यवहारका लागि सचेत गराएको छ । म अझ बढी जिम्मेवार भएकी छु । मैले के गर्ने के नगर्ने थाहा पाएकी छु ।'

मैले सही ढंगमा जीवन चलाउने शिक्षा पाएकी छु, मैले म आफैंमा कति महत्वपूर्ण छु, अरू आममानिसका निम्ति कति महत्त्वपूर्ण छु भन्ने थाहा पाएँ, त्यसकारण मैले आफूले आफूलाई अझ धेरै माया गर्न थालेकी छु ।

# नेपालमा केही हुँदैन भन्नेहरूले मलाई भेटून्

पृष्ठ ५ बाट जारी

१५ वर्षदेखि यो रुटिन परिवर्तन भएको छैन । मैले जीवन बुझेयता आफ्ना लागि बाँचेको थाहा छैन ।


**मानिसहरू के भन्छन् भने नेपालमा एक सय जना रामकण्ठ जस्तो इमान्दार व्यक्ति हुने हो भने दश वर्षमा देशले मुहार फेर्छ ?**

गाउँघरका सबैजसो मानिस इमान्दार नै छन् । म यो देश नेताले विगारे भन्ने पक्षमा पनि छैन, तर मान्छे पनि पशु जस्तो यो साढे पाँच मिटर आन्द्रा भर्न रातदिन चिन्ता लिन्छ, राम्रो नराम्रो काम गर्छ । ए बाबा, यो साढे पाँच मिटर आन्द्राको चिन्ता छाडिदेऊ । आफ्नो ड्युटि राम्रोसँग गर । त्यसले तिमीलाई पेट भर्ने खाना मात्र होइन, नाम र दाम पनि दिन्छ । सबैले आफ्नो ड्युटि जुन दिनदेखि पूरा गर्न थाल्छन्, देश बन्न बेर लाग्दैन । नेपालमा केही हुँदैन भन्नेहरूले एकपटक मलाई भेटून् ।

**कहिलेकहीँ आफ्नी छोरीलाई धुलिखेलको सामान्य स्कुलमा पढाउनु परेको वा अष्ट्रियन श्रीमतीलाई समय दिन नसकेकामा दुःख लाग्दैन ?**

यो मैले रोजेको बाटो हो । पैसाका लागि काम गरेको भए म नेपाल फर्कन्नथेँ । यो कुरा श्रीमतीले पनि बुझेकी छिन् । म यहींको विद्यालय पढेर चिकित्सक भएँ । यसको अर्थ मेरी छोरी पनि यहीं पढेर मजस्तै सक्षम हुन सक्छिन् भन्ने हो । हामी सबैले आफूसँग भएका कुराको सम्मान गर्न जान्नुपर्छ ।

**निकै गम्भीर कुरा गर्नुभयो, व्यस्तताकाबीच पनि यी ज्ञान कहाँबाट पाउनु हुन्छ ?**



प्रकृति ज्ञानको स्रोत हो । तपाईं चरालाई हेर्नुस्, रूखलाई हेर्नुहोस्, खोला-नालालाई हेर्नुहोस् । ग्रामीण जनतालाई हेर्नुहोस् । सबैबाट ज्ञान पाउन सक्नुहुन्छ । तपाईंको हेर्ने दृष्टिकोण सही हुनुपर्छ । आहा संसार कति रमाइलो छ, तर त्यो रमाइलो बुझ्ने आँखा हुनुपर्छ । मानिस सबैथोक पाएर पनि दुःखी छ । नेपालीमा उखान छ नि, किन चाउरिस मरिच, आफ्नै पीरले ।


**अश्विनी कोइराला**

## • चलचित्र •



# ए फ्ल्याट

यो साता बलिउडमा एउटा थ्रिलर चलचित्र 'ए फ्ल्याट' प्रदर्शन हुँदैछ । युवा निर्देशक हेमन्त मधुकरद्वारा निर्देशित यो चलचित्रमा सञ्जय सुरी, जिम्मी शेरगील, काभेरी रे, सचिन खेडेकर, सौरभ दुबे आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । बप्पी लहरीका छोरा बाप्पा लहरीद्वारा संगीतबद्ध यो चलचित्रका गीत कैलाश खेर, सोनु निगम, सुनिधि चौहान, श्रेया घोषाल आदि गायक-गायिकाले गाएका छन् । मुम्बईमा छायांकन गरिएको यो चलचित्रमा एक व्यक्तिको अतीतलाई मुख्य विषय बनाइएको छ । चलचित्रका मुख्य पात्र राहुल अमेरिकाबाट आफ्नी प्रेमिका प्रीतिसँग भेट गर्न मुम्बई आउँछन् । मुम्बई आएदेखि नै उनको जीवनमा अकल्पनीय घटनाहरू दोहोरिन्छन् । उनले बुबालाई भेट्न नपाउँदै अचानक बुबाको मृत्यु हुन्छ । लगत्तै उनकी प्रेमिका बेपत्ता हुन्छिन् । पछिल्लो समयमा राहुलले आफैंलाई आफ्नो फ्ल्याटमा थुनिएको अवस्थामा पाउँछन् । संसारबाट अलग भएको महसुस गर्ने राहुललाई फ्ल्याटमा घुमिरहने भूतले मात्र साथ दिइरहेको हुन्छ । त्यही भूतले उनलाई फ्ल्याटबाट बाहिरिन दिँदैन । चलचित्रको क्लाइमेक्ससम्म नै रोमाञ्चक घटना घटिरहन्छन् ।



# स्काईलाइन

आज शुक्रबार सार्वजनिक हुने हलिउडको चलचित्र 'स्काईलाइन' साइन्स फिक्सन चलचित्र हो । फेन्टासी तथा थ्रिलर कथामा आधारित यो चलचित्रको निर्देशन कोलिन स्ट्रस तथा ग्रेग स्ट्रसले संयुक्त रूपमा गरेका छन् । युनिभर्सल पिक्सर्चले विश्वव्यापी वितरण गर्ने यो चलचित्रको निर्माण लिम ओ'डोनेलले गरेका हुन् । चलचित्रमा इरिक बाल्फर, स्कटी थम्पसन, डोनाल्ड फेसन, ब्रिट्टानी डोनियल आदि कलाकारले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । डरलाग्दा साइन्स-फिक्सन द्वन्द तथा हिंसा तथा यौनजन्य दृश्य र भाषा समावेश गरिएकाले यो चलचित्र १३ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न मिल्दैन । अमेरिकाको लस एञ्जलसमा छायांकन गरिएको यो चलचित्र करिब दुई घण्टा लामो छ । चलचित्रमा लस एञ्जलस सहरमा देखा परेको एउटा डरलाग्दो प्रकाशले उत्पन्न गरेको परिस्थितिलाई समेटिएको छ । अन्तरिक्षबाट सहरमा अनौठो प्रकारको प्रकाशमय यन्त्र अवतरण गरेपछि सहरका मानिसहरू डराउँछन् । सहरका सबै मानिस मृत्युको मुखमा पुग्ने भयले सताइन्छन् ।

सर्वाधिक बिक्री हुने
साप्ताहिक
सबैको लागि सम्पूर्ण पत्रिका

तस्बिर : राजिव श्रेष्ठ/ग्ल्यामफेयर डटकम

# शान्ति गिरी





कलाकारिताको नशा कतिसम्म कडा हुन्छ भन्ने कुरा धापाखेल, ललितपुरमा स्थायी बसोबास गर्ने शान्ति गिरीलाई राम्रोसँग थाहा छ। त्यसैले त उनी कलाकार अझ नायिका नै बन्न जापानको स्थायी बसोबासलाई स्थगित गर्दै स्वदेश फर्किएकी छिन्। १२ वर्षअघि पारिवारिक मित्रता गाँसिएको जापानी परिवारसँगै उता पुगेकी शान्तिले त्यहाँ उच्च शिक्षामात्र हासिल गरिनन्, जापानी बालबालिकाहरूलाई अंग्रेजी भाषासमेत सिकाइन्। 'लामो समयको जापान बसाइपछि पैसा मात्र ठूलो कुरा होइन रहेछ भन्ने कुरा नजिकबाट बुझ्न पाएँ, पछिल्लो समयमा राजश्री डान्स सेन्टरमा नृत्यको प्रशिक्षण लिइरहेकी शान्ति भन्छिन्, 'मलाई पैसाभन्दा नाम नै ठूलो लाग्यो। म कलाकारका रूपमा नाम कमाउन चाहन्छु।'

जापानबाट स्वदेश फर्किएको आठ महिनाको अवधिमा उनले अभिनयको प्रशिक्षण लिइसकेकी छिन्। उनले सञ्जीवनीको स्वरमा रेकर्ड भएको 'डाँडा खोला छहराले...' गीतको म्युजिक भिडियोमा पनि अभिनय गरिसकेकी छिन्। यसबाहेक उनी एनटिभी प्लसबाट प्रत्येक दिन ४:३० बजे प्रसारण हुने 'सांगीतिक संगालो' कार्यक्रमकी भिडियो जक्की समेत हुन्। 'अबचाहिँ म चलचित्रमा नायिकाकै भूमिका निर्वाह गर्न तयार भएकी छु,' ५ फिट ३ इन्च अग्ली शान्ति भन्छिन्। स्नातक तह उत्तीर्ण शान्तिलाई मन पर्ने पहिरन साडी हो। स्याङ्जामा जन्मिएकी शान्ति फुर्सदको समय पोखरास्थित आफ्नै घरमा बिताउन रुचाउँछिन्। विवाहका बारेमा जिज्ञासा राख्दा उनको छोटो जवाफ छ, 'टाइम विल टेल' अर्थात् भविष्यले बताउँला।

– कृष्ण भट्टराई, मेकअप : सन्तु तामाङ

## विकास रसाइली



**आफ्नो एल्बमका बारेमा के भन्नु हुन्छ ?**

'मायाको प्यास' एल्बममा ८ वटा गीत समावेश छन्, जुन गीतले परिवर्तित समयका माया प्रेमका भावलाई समेट्ने जमर्को गरेको छ। सुगम संगीत र पप गीतलाई समेटेर एल्बम तयार पार्दैछु। यो संग्रह यही दसैंमा बजारमा आएको छ।

**गीतमा कस्तो सन्देश छ ?**

नेपाली समाजमा देखिएका युवाहरूको मनोविज्ञानलाई चित्रण गरिएको छ। खासगरी युवा-युवतीमा पलाउने मायाको गाथा कोरेको छ।

• साताको स्वर •

**गीत संगीत पनि आफ्नै हो कि ?**

केही मेरो र अरुको गरी आठ वटा गीत तयार पारेको छु।

**म्युजिक भिडियो पनि तयार भयो ?**

आ .... एउटा गीतको चाहि छायांकन पनि सिध्याइसके।

**'मायाको प्यास' नै किन ?**

ठ्याक्कै भन्नुपर्दा म जस्तै युवाहरूको तिर्सनालाई सम्बोधन गर्दा एल्बमको शीर्षक 'मायाको प्यास' नै जुऱ्यो। यसको अर्थ युवाहरू जुनसुकै क्षेत्रमा लागे पनि माया प्रेमबाट अलग हुन सक्दैनन् भन्ने नै हो।

## • म्युजिक अपडेट •

### जापानबाट फर्किएपछि अन्तर्क्रिया

प्रतिलिपि अधिकारको अवस्था तथा त्यसको कार्यान्वयन प्रभावकारिताको अध्ययन गर्न जापान पुगेको नेपाली संगीतकर्मीहरूको एक समूह स्वदेश फर्किएको छ। नेपाल गायन समाजका अध्यक्ष गायक रामकृष्ण ढकालको नेतृत्वमा जापान पुगेको समूह तिहारअघि स्वदेश फर्किएको हो। गायक समाजकी कोषाध्यक्ष गायिका रिमा गुरुङ होडा, नेपाल म्युजिक रोयल्टी संकलन समाजका श्रीपुरुष ढकालसहितको समूह दसैं लगत्तै जापान पुगेको थियो। 'जापानमा प्रतिलिपि अधिकारसम्बन्धी हासिल गरेका अनुभव तथा ज्ञानलाई अब एउटा अन्तर्क्रिया कार्यक्रममार्फत सार्वजनिक गर्दैछौं, गायक ढकालले बताए।

### सुप्तिहाङ सुमधुर साँझ

खोटाङ युवा समाज, धरानको आयोजनामा खोटाङमा सुप्तिहाङ सुमधुर साँझ शीर्षकको सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा गायक भुवन सुप्तिहाङले आफ्ना एक दर्जनभन्दा बढी गीत-संगीत गाएर स्थानीय दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। कार्यक्रममा स्थानीय कलाकारहरूको समेत सहभागिता थियो।

### छायांकनमा दुर्घटना

सौराहामा एउटा गीतको म्युजिक भिडियो छायांकन गरेर फर्किरहेका गायक तथा मोडल दुर्घटनामा परेका छन्। गायक सशान कँडेल तथा मोडल देवेन्द्र केसी मोटरसाइकल दुर्घटनामा परी घाइते भएका हुन्। गायक कँडेल सामान्य घाइते भएका छन् भने मोडल केसी सिकिस्त छन्। दुइटा गीतको म्युजिक भिडियो छायांकन गर्न कलाकारको समूह सौराहा पुगेको थियो। मोडल केसीको चितवन मेडिकल कलेजमा उपचार भैरहेको छ।

### रिमेक संग्रहको विमोचन

रिमेक गरिएका गीतहरूको संग्रह 'इलेक्ट्रोनिक डान्स म्युजिक इडिएम' को विमोचन हालै राजधानीमा आयोजित एक समारोहबीच सम्पन्न भएको छ। संग्रहमा कुन देशकी चरी, मिस क्याटवाक, माछी मार न आदि गीत रिमेक गरिएका छन्। रियाज म्युजिकको यो उत्पादनलाई टेलिभिजनकर्मी सहेन्द्र श्रेष्ठ, गायक सुमन श्रेष्ठ तथा आधा दर्जन डिजेले संयुक्त रूपमा विमोचन गरेका हुन्।

### एउटै एल्बममा पूर्व-पश्चिम भाका

लोकगायक अशोककुमार प्यासी राईले पूर्वेली जुहारी तथा पश्चिमेली दोहोरी गीतको संगालो 'आकाशको तार गनेर' बजारमा ल्याएका छन्। ओपेरा म्युजिक सेन्टरद्वारा प्रवर्द्धित यो एल्बममा गायक राईलाई पश्चिमेली दोहोरीमा देवी घर्ती मगर तथा पूर्वेली जुहारीमा सत्यकला राईले साथ दिएकी छिन्। राई चाँडै नै आधुनिक गीति एल्बम पनि निकाल्ने तयारीमा छन्।

### बुद्धनगर लाइभ कन्सर्ट

तिहारको अवसर पारेर राजधानीको बुद्धनगरमा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। बुद्धनगर युथ क्लबले आयोजना गरेको बुद्धनगर लाइभ कन्सर्ट काग तिहारको दिन भएको हो। सांगीतिक कार्यक्रममा भरत सिटौला, आस्था बी, रामचन्द्र काफ्ले, निर्णय दा एनएसके, मिङ्मा शेर्पा, प्रनिल एल तिमिल्सेना, विजय लामा, धीरज राई, धर्मेन्द्र सेवा, यज्ञ राई, अर्जुन राई, अम्वेश शाही, प्रतिक थापा, शिवराज गुरुङ तथा पीयूष श्रेष्ठ आदि गायक-गायिकाले गीत-संगीत प्रस्तुत गरेका थिए।

### फर्किए कन्हैया

सांगीतिक कार्यक्रमका लागि केही महिनाअघि अमेरिका पुगेका गायक कन्हैया सिंह तिहारअघि स्वदेश फर्किएका छन्। अमेरिकाका थुप्रै शहरमा सामूहिक तथा एकल कार्यक्रममा सहभागिता जनाएर उनी स्वदेश फर्किएका हुन्। कन्हैयाको पछिल्लो गीति संग्रह 'आलाप' श्रोताको रोजाइमा परेको छ।

### पाँच गीतिसंग्रह सार्वजनिक

नेपाली सेनाका कर्णेल तथा विमानचालक कैलाश गुरुङ गीतकारका रूपमा श्रोतासमक्ष आएका छन्। उनले आफ्ना रचनाका पाँचवटा गीतिसंग्रह तथा दुई पुस्तक एकसाथ सार्वजनिक गरेका छन्। गत साता राजधानीमा आयोजित एक समारोहमा प्रज्ञा-प्रतिष्ठानका कुलपति बैरागी काइँला, प्रधानसेनापति छत्रमानसिंह गुरुङ, गीतकार राजेन्द्र थापा आदिले गीतकार गुरुङका कृतिहरू विमोचन गरेका हुन्। समारोहमा कलश, रक्षकको गीत, विभूति वन्दना, कलनाद तथा जोखिम यात्रा शीर्षकका पाँच गीतिसंग्रह सार्वजनिक गरिएको हो। डीभीडी संग्रह 'कलश' देउसी-भैलो गीत पनि समावेश छन्। 'रक्षक' संग्रहमा सैनिक जीवनका कथाव्यथा समेटिएको छ। 'विभूति वन्दना' मा देश, माटो तथा राष्ट्रियताका भावना समेटिएका छन्। 'कलनाद' मा आधुनिक गीत संग्रहित छन्। 'जोखिम यात्रा' युवापुस्तालाई लक्षित गरिएको संग्रह हो। विमोचन समारोहमा देउसी-भैलो तथा जनताका नेपाली सेना शीर्षकका गीतका म्युजिक भिडियो प्रदर्शन गरिएको थियो। समारोहमा कैलाश गुरुङद्वारा रचना गरिएका 'रक्षकको गीत' तथा ओडेस फ्रम द हिमालयज शीर्षकको अंग्रेजी तथा नेपाली पुस्तक पनि विमोचन गरिएको थियो।

### सर्वदाको विमोचन

गायिका सविना कार्कीको दोस्रो एकल गीति संग्रह 'सर्वदा' बजारमा आएको छ। संग्रहको विमोचन गीतकार, संगीतकार तथा सविना-दम्पतीले संयुक्त रूपमा उक्त संग्रह विमोचन गरेका थिए। विमोचित संग्रहको एउटा युगल गीतमा गायक आनन्द कार्कीको समेत स्वर सुन्न सकिन्छ। संग्रहका गीतहरू डा.कृष्णहरि बराल, भूपेन्द्र खड्का, विश्वम्भर खतिवडा, नवराज अधिकारी, दुर्गालाल श्रेष्ठ, सञ्जय बराल, श्रीपुरुष ढकाल, दिनेश अधिकारीले रचना गरेका छन्। सचिन सिंह, महेश खड्का, शक्ति वल्लभ, राजु सिंह, आनन्द कार्की, न्हूयु बज्राचार्य, सत्य-स्वरुप आचार्य तथा हरि लम्सालले संग्रहका गीत संगीतबद्ध गरेका छन्। विमोचन समारोहमा 'के म त्यस्ती राम्री छु' तथा 'जान्दैन यो मनले' गीतका म्युजिक भिडियोको प्रथम प्रदर्शनसमेत गरियो। दुवै म्युजिक भिडियोको निर्देशन प्रसन्न पौड्याल हुन्। गीतकार यादव खरेलले गीति संग्रहको समीक्षा गरेका थिए।

### निर्माता बन्दैछन् आनन्द

गायक आनन्द कार्की अब चलचित्र निर्माता बन्ने भएका छन्। दुई दशकभन्दा लामो समयदेखि सांगीतिक क्षेत्रमा रमाइरहेका गायक कार्कीले नेपाली चलचित्रका ३ सयभन्दा बढी गीतमा पार्श्व गायन गरिसकेका छन्। 'केही महिनापछि नै चलचित्रको निर्माण प्रारम्भ हुनेछ,' गायक कार्की भन्छन्– '१ करोड लगानी गर्ने योजना छ।' चलचित्रको निर्देशन दयाराम दाहालले गर्ने पक्का भैसकेको गायक कार्की बताउँछन्।

### पनौतीमा कन्सर्ट

तिहारको पूर्वसन्ध्यामा पनौतीमा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। शान्ति कन्सर्ट शीर्षकको उक्त कार्यक्रममा राजधानीबाट गएका कलाकारले गीत-संगीत प्रस्तुत गरेका थिए। कार्यक्रममा संगीतकार सुरेश अधिकारी, नेपाली तारा सन्तोष लामा तथा सांगीतिक समूह ग्लुमी गाइजका हरि कर्माचार्यले गीत-संगीत प्रस्तुत गरेर उपस्थित दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए। शान्ति तथा जातिय सद्भावको नारा सहित आयोजित सांगीतिक कार्यक्रममा चन्द्रकुमार दोङ, इन्दिरा योन्जन तथा तुलसा वाइबा आदिले पनि गीत-संगीत प्रस्तुत गरेका थिए।

### अम्बर गुरुङ अस्वस्थ

नेपाल संगीत नाटय प्रज्ञा प्रतिष्ठानका कुलपति तथा संगीतकार अम्बर गुरुङ अस्वस्थ भएका छन्। उनलाई तिहारअघि उपचारका लागि अस्पतालमा भर्ना गरियो। महाराजगञ्जस्थित छोराको घरमा सुतेका गुरुङ सोमबार बिहान १० बजेसम्म नउठेपछि परिवारले उठाउँदा उनी बेहोस अवस्थामा थिए। त्यसपछि उनलाई दिउँसो १२ बजे राजधानीको थापाथलीस्थित नर्भिक अस्पतालमा भर्ना गरिएको हो। उपचारपछि उनलाई दिउँसो होस आएको नेपाल संगीत नाटय प्रज्ञा प्रतिष्ठानका उपकुलपति प्रचण्ड मल्लले जानकारी दिएका थिए। उपचारमा संलग्न डा. भारत रावत तथा डा. प्रदीप श्रेष्ठका अनुसार कुलपति गुरुङको शरीरमा चिनीको मात्रा घटेकाले उनी बेहोस भएका हुन्। संगीतकार गुरुङमा मधुमेह तथा उच्च रक्तचापको समस्या रहेको पनि चिकित्सकहरूले बताएका छन्।

## • अफ द बिट •



**पहिलो पहिलो माया: गायक सिताराम पोखरेलको 'पहिलो पहिलो माया गरेथें तिमीलाई' गीतको म्युजिक भिडियोमा अभिनय गर्दै शिवर पोखरेल, रमा अर्याल तथा उपेन्द्र वन। अक्टोबर फोर संग्रहमा समावेश यो गीतको भिडियोको निर्देशक जनकदीप पराजुली हुन्। तस्विर: नवराज वाग्ले**

## • विदेशबाट •

# गायिका बन्दैछिन् नायिका



**हलिउड नायिका किम कर्डसियन अब गायिका बन्ने भएकी छिन्। हलिउडमा रियालिट स्टारका रुपमा समेत लोकप्रिय किमलाई अचेल गीत गाउने रहर जागेको छ। किमले आफ्नो पहिलो गीति संग्रहका गीतहरू रेकर्डिङ गर्न थालिसकेकी छिन्। गत साता उनी अमेरिकाको मिडटाउन म्यानहटन स्टुडियोबाट बाहिरिँदै थिइन्। स्टुडियो सूत्रका अनुसार किमले त्यहाँ आफ्नो गीति संग्रहका केही गीत रेकर्ड गरेकी छिन्। किमले आफ्नो संग्रहमा बहुप्रशंसित संगीत निर्माता ड्रिमको सहभागितालाई समेत स्वीकार गरेकी छिन्। ड्रिमले यसअघि विश्वप्रसिद्ध गीतिसंग्रह अम्ब्रेला तथा सिंगल लेडीजमा पनि सहभागिता जनाएका थिए।**

## • ब्याण्ड •



# ब्लडी ब्याटल

युवाहरूमाझ लोकप्रिय हुँदै गएको मेटल संगीतलाई आधार बनाई पश्चिम नेपालको प्रमुख सहर बुटवलबाट ब्लडी ब्याटलले आफ्नो भविष्य खोज्दैछ। पश्चिमी संस्कृतिको मजा चाख्न चाहने नवयुवालाई मध्यनजर गर्दै उक्त ब्यान्ड चार वर्षअघि स्थापना भएको थियो। हालसम्म तीन दर्जनभन्दा बढी कन्सर्टमा आफ्नो प्रस्तुति दिइसकेको यो ब्यान्डले डेथ मेटल तथा ब्लाक मेटल शैलीको संगीत सिर्जना गर्दै आएको छ। मेटल शैलीको संगीत पहिलो पटक बुटवलमा भित्र्याएको यो ब्यान्डको लोकप्रीयता दिनानुदिन बढ्दो छ।

'उनीहरुको मायाले हामी हौसिएका छौं,' ब्यान्डप्रमुख रोबिन केसीले भने, 'प्रशंसकहरू बढ्दै गएकाले कन्सर्ट पनि थप्ने सोचमा छौं।' प्रायः अन्तर्राष्ट्रिय ब्यान्डका क्यानिबल कप्स, सुसाइड साइलेन्स, चिल्ड्रेन अफ बडम आदिका गीतमा संगीत गर्ने उनीहरूको कन्सर्टमा पश्चिम दाङ र पूर्वमा चितवनसम्मका संगीतकर्मी आउने गरेको बताए।

ब्लडी ब्याटल ब्यान्डको भोकलमा समुन्द्र जीसी, लिड गिटारमा रविन परियार, रिदममा किरन गुरुङ, ड्रममा देवेन्द्र श्रेष्ठ तथा बास गिटारमा विशाल शाही छन्। हेल अप स्पिड नामक गीति एल्बमको रेकर्डिङमा व्यस्त यो ब्यान्डले अहिलेसम्म दुईवटा एल्बम सार्वजनिक गरिसकेको छ। 'एल्बममा नेपाली समाजका सुखदुःखका घटनालाई आफ्नो संगीतमार्फत प्रस्तुत गरेका छौं,' ब्यान्ड सदस्य समुन्द्र जीसीले भने।

**– अमृता अनमोल**



**चीनमा लिंगेरी फेसन :** सन् २०११ को फेसन ट्रेन्डलाई लक्षित गरेर चीनको राजधानी बेइजिङमा हालै अन्तर्राष्ट्रिय फेसन विक सम्पन्न भयो। फेसन शोका क्रममा विभिन्न फेसन डिजाइनले आफ्नो सिर्जना महिलाहरूको पोसाकमा केन्द्रित गरेका थिए। उक्त फेसन शोमा महिलाहरूको भित्री पोसाकले बढी चर्चा पाएको थियो।

# सशुल्क यौनको पक्षमा

बुल्गेरियाको भ्रमणमा आउने पर्यटकहरूमध्ये प्रत्येक दुई जनामा एक जनाले त्यहाँको यौनव्यवसायलाई कानुनी दायरामा ल्याउनुपर्ने बताएका छन्। बुल्गेरियाको भ्रमणमा जाने अधिकांश पर्यटक दलालमार्फत ठगिने भएका कारण पनि उनीहरूले त्यस्तो धारणा व्यक्त गरेका हुन्। रिक्स म्याजेनमेन्ट फाउन्डेसनले सञ्चालन गरेको अभियानमा पर्यटकहरूले उक्त धारणा सुनाएपछि अहिले सरकारलाई यो विषयमा दबाब परेको छ। बुल्गेरियाका किशोरीहरू यौनव्यापारका लागि युरोपियन मुलुकमा बिक्री हुने, स्वदेशमै पनि यौन शोषणमा पर्ने, लुकिछिपी यौन व्यवशाय गर्दा यौन संक्रमणका विषयमा चेतना फैलाउन नसकिनेजस्ता समस्या देखिएको फाउन्डेसनले जनाएको छ। अहिले बुल्गेरियामा यौनसेवाबापत दलालले ग्राहकसँग ४ हजारदेखि १० हजार रुपैयाँसम्म लिने गरेका छन्। नाइट क्लबका सेविका एवं कल गर्लहरूले चर्को मूल्य लिइरहेका छन् भने मसाज पार्लर र सडकमा रहेका यौनकर्मीहरूले कम शुल्कमै यौनसेवा दिने गरेका छन्। बुल्गेरिया आएका पर्यटकमध्ये ३३ प्रतिशतले नाइट क्लबबाट यौनकर्मीको सम्पर्कमा आएको बताएका थिए भने २० प्रतिशतले मसाज पार्लर र ३० प्रतिशतले ट्याक्सी चालकमार्फत यौनकर्मीकहाँ पुगेको बताएका थिए। अहिले बुल्गेरियामा ४१ प्रतिशत युवती गरिबीका कारण यौन व्यवशायमा लागेका छन् भने ८ प्रतिशत साथीभाइको करकापमा परेर यो पेसामा होमिएकाहरू छन्।





# पढाउन गाह्रो भो

विद्यालयस्तरमा यौनशिक्षा लागू गरे पनि अहिले बेलायतका शिक्षक-शिक्षिकालाई पढाउन असहज हुने गरेको छ। प्रत्येक पाँच जना शिक्षिक-शिक्षिकामध्ये ४ जनाले यौनशिक्षा विद्यार्थीहरूलाई पढाउन असहज हुने बताए। कतिपय धार्मिक कारणले गर्दा विद्यार्थीहरूलाई यौन, सम्बन्ध र जीवनयापनका विषयमा पढाउन कठिन हुने उनीहरूले महसुस गरेका छन्। त्यसबाहेक उनीहरूले यौनअंग र त्यसको कार्यका सम्बन्धमा बताउन पनि अप्ठ्यारो हुने गरेको बताए।

बेलायतका विद्यालयहरूमा लागू गरिएको यौनशिक्षाका सम्बन्धमा हालै भएको अनुसन्धानमा १ हजार ४ सय शिक्षक-शिक्षिका, अभिभावक एवं सरकारी निकायका व्यक्तिहरूले सहभागिता जनाएका थिए। यौन शिक्षाको उपयोगिताका सम्बन्धमा गरिएको सर्वेक्षणमा अधिकांश अभिभावकले शिक्षकहरूले यौनशिक्षा व्यावहारिक रूपमा भन्दा पनि विशेषज्ञका रूपमा सिकाइरहेको बताए। अधिकांश अभिभावकले विद्यार्थीहरूलाई सुरक्षित यौन र यौन सुरक्षाका विषयमा जानकारी दिनुपर्ने बताए। एडिनबर्ग युनिभर्सिटीले गरेको सर्वेक्षणमा विद्यार्थीहरूले पनि यौन शिक्षाका विषयमा विद्यालयमा भन्दा पनि साथीभाइ तथा अभिभावकहरूबाट बढी जानकारी पाउने गरेको बताए। पहिलो पटक भएको यस्तो सर्वेक्षणमा विद्यार्थीहरूले पनि यौनशिक्षा शिक्षक-शिक्षिकाहरूबाट भन्दा पनि साथीभाइहरूबाट बढी पाइको बताएका थिए।



# सेक्सटोय दिवस

'हामी सेक्सटोयलाई माया गर्छौं, त्यही भएर हामी एक्लो छैनौं' भन्ने नाराका साथ हालै अमेरिकामा सेक्सटोय दिवस मनाइयो। कुनै समय अश्लील उपकरण मानिने सेक्सटोयप्रति सकारात्मक भावनाको विकास भएपछि यसलाई महिला तथा पुरुषहरूले अभिन्न वस्तुका रूपमा लिन थालेका छन्। लामो यात्रामा जाँदा होस् वा दम्पतीबीच यौनचाहना बढाउन होस् अथवा यौन संक्रमणबाट बच्न नै किन नहोस्, सेक्सटोय सर्वाधिक भरपर्दो साधन भएको छ। सेक्सटोयलाई पश्चिमी मुलुकका चलचित्रदेखि टेलिभिजन कार्यक्रमहरूमा समेत खुला चर्चाको विषय बनाइएपछि यसको लोकप्रियता अझ बढेको छ। यो दिवस मनाउन www.sextoyday.com ले आफ्नो साइटमा नाम दर्ता गर्ने पहिलो १ हजार व्यक्तिलाई सेक्सटोय उपहारस्वरूप प्रदान गर्ने घोषणा गऱ्यो। उता सहर्स इन्टरप्राइजले त्यस्तो उपहार पठाउँदा हलाक खर्च आफैंले बेहोर्ने जानकारी दियो।

सेक्सटोय प्रयोग गर्ने महिलाहरूमा यौनचाहना बढ्नुका साथै उनीहरूको यौन व्यवहारमा समेत सकारात्मक परिवर्तन आएको इन्टरप्राइजले जनाएको छ।

## पहिलो विश्व



# एक्लै विवाह

ताइवानको एक कार्यालयमा कार्यरत ३० वर्षीया चेन वि-वेले आफ्नो विवाहको घोषणा गर्दै साथीहरूलाई निम्तो दिइन्। ३० जना घनिष्ठ मित्रलाई भोजको निम्तो दिएर चेन एक्लै विवाहस्थलमा पुगिन्। उनी एक्लै आएको देखेर निम्तालुहरू छक्क परे। उनले निम्तालुहरूको कौतूहलता शान्त पार्दै आफूले आफैंसँग विवाह गर्न लागेको घोषणा गरिन्। उनको कुरा सुनेर निम्तालुहरू हाँसे पनि उनले आफ्नो समस्या भने तत्काल भनिनन्।

एसियाली मुलुकमा अझै पनि विवाह गर्न विपरीतलिङ्गी नै चाहिने मान्यता छ। आफूसरहका सबै साथीले विवाह गरेपछि आफूलाई पनि विवाह गर्ने रहर लागेको तर पुरुष जीवनसाथी पाउन नसकेपछि आफैंले आफैंसँग विवाह गर्नुपरेको उनले बताइन्। चेनले भनिन्- 'मेरो पढाइ राम्रो छ, मसँग कामको अनुभव पनि छ। पुरुष जीवनसाथी नपाउनु अरू युवतीहरूमा पनि देखा पर्ने समस्या हो। त्यसैले पनि मैले आफैंसँग विवाह गर्ने निर्णय गरें।' उनले आफ्नो विवाहका तस्विर फेसबुकमा अपलोड गरेपछि एसियाली महिलाहरूले सकारात्मक रूपमा प्रतिक्रिया दिएका छन्। एक शुभेच्छुकले लेखेकी छन्- 'हामीले पहिले आफैंलाई प्रेम गर्न सिक्नुपर्छ अनि मात्र हामी अरूलाई प्रेम गर्न सक्छौं।' विवाहपछि चेनले आफ्नो एकल हनिमुन अस्ट्रेलियामा बिताउने बताएकी छिन्।



**अन्त्यमा...**

कतिपय महिलाले टाउको दुखेको त कतिपयले थकाइ लागेको बहाना गरेर यौनसम्पर्कलाई टार्ने गरेका हुन्छन्। महिलाहरू त्यस्तो व्यवहार किन गर्छन् भनेर वैज्ञानिकहरूले अनुसन्धान गरी नयाँ तथ्य सार्वजनिक गरेका छन्। उनीहरूका अनुसार यौनचाहना कम हुने महिला तथा यौनमा सन्तुष्ट हुने महिलाको अन्य व्यवहार पनि फरक हुन्छ। अमेरिकाको वाहने स्टेट युनिभर्सिटीका वैज्ञानिकहरूले १९ जना यौनचाहना कम हुने र सामान्य यौनचाहना राख्ने महिलाहरूबीच अनुसन्धान गरेका थिए। दुई फरक प्रवृत्ति भएका महिलाबीच अनुसन्धान गर्दा यौनचाहना कम हुने महिलाको मस्तिष्कमा कम रगत प्रवाह हुने हुँदा उनीहरूको यौनचाहना मर्दै गएको पाइएको थियो। त्यसको विपरीत यौनचाहना सामान्य भएका महिलाहरूको मस्तिष्कमा बढी रगत प्रवाह हुनका साथै उनीहरूलाई यौनकार्यले थप सन्तुष्टि प्रदान गरेको पाइयो।

## सचित्र



नमस्तेमा पनि ताली ? : एउटा कार्यक्रममा सहभागि हुने क्रममा नमस्ते गर्दै झरना थापा तथा ताली पिट्दै पूजना



चचहुई: नायिका झरना थापा एउटा चलचित्रको गीतमा पिङ खेलेर अभिनय गर्दै ।



मुम्बईको यात्रा: नायिका उषा पौडेल अहिले मुम्बईमा छिन् । अभिनयको प्रशिक्षणका लागि उनी मुम्बई गएको बताइन्छ ।



हामी तीन भाई: तीन भिन्न विधाका गीत गाउने गायकहरू युवराज चौलागाई, डिजराज पौडेल तथा तीलकबम मल्ल ठट्टा गर्दै ।

तस्विर : नवराज वास्ले



यूनिफर्ममै रोमान्स: प्रदर्शनको तयारीमा रहेको चलचित्र 'च्यालेञ्ज' को एउटा दृष्यमा अभिनय गर्दै नायिका खुश्बु न्यौपाने तथा नायक रेश मरहट्ठा ।



अग्लो पुलमा रोमान्स : पर्वतस्थित नेपालकै अग्लो झोलुङे पुलमा 'किन लाग्छ माया' चलचित्रको छायांकनमा सहभागि हुँदै नायक राजबल्लभ कोइराला तथा नायिका गरिमा पन्त ।

तस्विर : विमल खतिवडा

# नेपालका भोजपुरी चलचित्र
# लन्डन र मरिससमा प्रदर्शन हुने



वीरगन्ज- नेपाली निर्माताले बनाएका भोजपुरी चलचित्रहरू बेलायत तथा मरिससमा प्रदर्शन हुने सम्भावना बढेको छ । नेपाली चलचित्रको बजार विस्तार एवं प्रवर्द्धन गर्न निर्माता, निर्देशक तथा नायक-नायिकाहरू तेस्रो मुलुक धाउनुपर्ने बाध्यता रहेको अवस्थामा ती मुलुकका वितरकहरूले नेपालमा बनेका भोजपुरी चलचित्रप्रति चासो देखाउँदै प्रस्ताव राखेका छन् ।

वीरगन्ज निवासी भोजपुरी चलचित्रका युवा निर्देशक अनिल सर्राफसँग त्यहाँका वितरकहरूले उनले निर्देशन गरेका चलचित्र खरिद गर्ने प्रस्ताव गरेका हुन् । सर्राफ भन्छन्, 'उताका वितरकहरूले प्रस्ताव ल्याएका छन्, सबै कुरो मिल्यो भने निकट भविष्यमै नेपालका भोजपुरी चलचित्र बेलायत एवं मरिससमा प्रदर्शन हुनेछन् ।'

एक दशक मात्र पुरानो क्षेत्रीय भाषाको चलचित्र उद्योगले यस्तो अवसर पाउनु गौरवको कुरा भएको सर्राफ बताउँछन् । नेपाल र भारतबाहेक बेलायत र मरिससमा पनि ठूलो संख्यामा भोजपुरी भाषीको बसोबास रहेकाले त्यहाँका वितरकहरू भोजपुरी चलचित्रप्रति आकर्षित भएको सर्राफले बताए । मरिससको राष्ट्रिय भाषा नै भोजपुरी हो ।

करिब दुई दशकदेखि फोटोग्राफी, विज्ञापन, टेलिचलचित्र, भिडियो चलचित्र एवं चलचित्र निर्माणमा संलग्न सर्राफले हालै आफ्नो निर्देशनमा भोजपुरी कथानक चलचित्र 'प्यार करेला हिम्मत चाहिँ' तयार गरेका छन् । यही छठ पर्वको अवसर पारेर सर्राफको यो चलचित्र प्रदर्शनमा आउनेछ ।

यसअघि पनि सर्राफले 'सास ननद भौजाइ', 'सास ससुरके प्यार' गरी दुई भोजपुरी चलचित्र निर्देशन गरिसकेका छन् । यसबाहेक अन्य दुई भोजपुरी चलचित्र निर्माण कम्पनीले उनलाई भोजपुरी चलचित्र निर्देशनको प्रस्ताव गरेकाले केही दिनमै ती चलचित्रको काम पनि सुरु हुन सक्ने सर्राफले बताए । सर्राफले भारतीय टेलिभिजन दूरदर्शनको मुजफ्फरपुर, पटना तथा गोरखपुर केन्द्रका लागि १ सयभन्दा बढी भोजपुरी टेलिश्रृंखला निर्देशन गरेका छन् ।

हिन्दी चलचित्र उद्योगपछि सबैभन्दा ठूलो चलचित्र उद्योगका रूपमा भोजपुरी चलचित्र उद्योगले व्यावसायिक फड्को मारेकाले आफू उत्साहित भएको सर्राफ बताउँछन् । नेपालबाहेक भारतको बिहार, यूपी र बंगालमा पनि भोजपुरी चलचित्रको ठूलो बजार छ । भारतका मुम्बई, दिल्ली पन्जाबमा नियमित भोजपुरी चलचित्र प्रदर्शन हुने गरेका छन् । स्तरीय भोजपुरी चलचित्र बनाए त्यसले सहजै लगानी उठाउने मात्र नभै व्यावसायिक मुनाफासमेत गर्ने भएकाले हाल भोजपुरी चलचित्र निर्माण हुने क्रम ह्वात्तै बढेको सर्राफ बताउँछन् । बलिउडका साना चलचित्र निर्माताहरूले समेत कम बजेटमा भोजपुरी चलचित्र निर्माण गरिरहेको सर्राफ बताउँछन् ।

बलिउडका अमिताभ बच्चनदेखि गोविन्दा र मिथुन चक्रवर्तीसम्मका हस्तीले भोजपुरी चलचित्रमा अभिनय गर्न थालेपछि भोजपुरी चलचित्रका स्थानीय कलाकारहरू पनि उत्साहित भएको सर्राफले बताए । नेपाली चलचित्रका विराज भट्ट, निखिल उप्रेती, निरुता सिंह, रेजिना उप्रेतीजस्ता कलाकारले भोजपुरी चलचित्रमा नियमित रूपमा



अभिनय गर्न थालेका छन् । नेपाली चलचित्रका कलाकारको सहभागिताले भोजपुरी चलचित्र समावेशी बन्ने र यस्ता चलचित्र नेपालीमा समेत डब गरेर प्रदर्शन हुने भएकाले निमार्ताको लगानी सहजै उठने गरेको सर्राफको अनुभव छ ।

– शंकर आचार्य



# जय गुरु

● अश्विनी कोइराला/दीपक वत्स

मानव सभ्यता अहिले अत्याधुनिक युगबाट गुज्रिरहेको छ । यो सभ्यता प्राप्त गर्न धेरै युगपुरुषले योगदान पुऱ्याएका छन् । जतिबेला मानिस सभ्यताको विकास गर्ने क्रममा थियो त्यसबेला नयाँ कुरा सजिलै प्राप्त हुन सक्दैनथ्यो । फलस्वरूप कुनै कुरा सिक्न गुरुको सान्निध्यमा जानुपर्थ्यो । लामो समय गुरुको सेवा गरेपछि प्राप्त ज्ञानको सदुपयोग गरेकै कारण मानिस आजको अवस्थामा आइपुगेको हो तर आज गुरुले ज्ञान दिन छाडेका छन् । ज्ञान पैसा तिरेर मात्र पाइन थालिएको छ । गुरुहरू पैसाकै लागि ज्ञान दिन्छन् त्यसैले अहिले गुरुहरूको गुणगान कथाजस्तो लाग्न सक्छ । यद्यपि सबै गुरु-चेलाको सम्बन्ध पैसामै नापतौल हुन्छ भन्ने छैन । आज पनि प्राचीन कालका गुरुशिष्यको सम्बन्ध सम्झाउने कथा यत्रतत्र भेटिन्छन् ।

यस्तै कथाका पात्र हुन्, ध्वनि इन्जिनियर आलोक तिवारी । भारतको रुड्कीस्थित चर्चित इन्जिनियरिङ कलेजमा पढेका टाई-सुटमा सजिएर हिंड्ने आलोक अहिले पनि प्राचीन चेलाझैं आफ्नो गुरुको पाउ छुन रत्तिभर अप्ठ्यारो मान्दैनन् । तिवारी भन्छन्, 'मलाई आमाबाबुले जन्म दिए तर मेरो कर्म गुरुमा अडिएको छ । म आज जे छु, गुरुकै कारणले छु ।' तिवारीले यसोभन्दा लामो समय नेपाल टेलिभिजनका निर्देशक तथा अहिले रेडियो नेपालका कार्यकारी प्रमुख तपानाथ शुक्ला गर्वले छाती फुलाउँछन् । तिवारीलाई सञ्चार क्षेत्रमा स्थापित गराउन महत्त्वपूर्ण भूमिका खेलेका शुक्ला आफ्ना चेलाको काम गर्ने शैलीबाट पुलकित छन् । शुक्ला भन्छन्- 'आजको युगमा पनि आफूभन्दा सिनियरलाई श्रद्धा गर्ने चलन देख्दा हरेक गुरुको छाती चौडा हुनु स्वाभाविक हो ।'

सन् १९७४ मा भारतबाट साउन्ड इन्जिनियरिङ सकेर नेपाल फर्केका तपानाथ शुक्ला कपिलवस्तुका हुन् । उनले जीवनमा सयौं व्यक्तिलाई आफ्नो ज्ञान र कलाले सिंगार्दै उनीहरूको भविष्य सुनिश्चित बनाएका छन् । 'तपानाथ शुक्ला अहिलेको जाति एवं क्षेत्रको राजनीतिबाट माथि उठ्नुभएको छ,' लामो समय नेपाल टेलिभिजनमा शुक्लासँग बिताएका मास्के भन्छन्- 'मेरो नजरमा उहाँ असल अभिभावक हुनुहुन्छ । उहाँले आफूसँग भएको ज्ञान बाँड्न कहिल्यै कञ्जुस्याइँ गर्नुभएन ।' तपानाथ शुक्ला भने आफू कसैको गुरु नभएको बताउँछन् । 'मैले कसैलाई केही दिएँ भने गुरुका रूपमा नभएर सहकर्मीका रूपमा दिएँ ।' शुक्ला भन्छन्, 'सिनियर भएका नाताले आफूले जानेका कुरा सिकाउनु मेरो कर्तव्य हो ।' कसैलाई गुरु मान्नु-नमान्नु जुनियरको स्वविवेकीय अधिकार हो । आफूलाई शुक्लाको असली चेलो बताउने तिवारी भन्छन्, 'उहाँ मेरा गडफादर हुनुहुन्छ ।'

पैसा र स्वार्थका कारण मात्र ज्ञान बाँड्ने काठमाडौं खाल्डोको वातावरणमा तपानाथजस्ता सयौं गुरु फरक लाग्छन् । तराइका भिन्न-भिन्न गाउँबाट आएर काठमाडौं उपत्यकामा ज्ञान बाँडिरहेका यी मधेसी गुरुहरूको मुख्य विशेषता जो अघि आउँछ, उसलाई विनाभेदभाव ज्ञान बाँड्नु हो ।

२० वर्षदेखि संगीत गुरुको ख्याति कमाएका गुरुदेव कामतले अहिलेसम्म हजारौं संगीतकर्मी जन्माइसके । उनको गुरुकक्षमा कहिले हिमालबाट संगीत सिक्न आए, कहिले पहाडका कन्दराबाट आए भने कहिले तराईकै भिन्न जात एवं धर्मका मानिस आए । उनले कहिल्यै पनि जात, धर्म वा पैसा सोधेर संगीत सिकाएनन् । ' म जे छु मेरै शिष्यहरूका कारण छु । बजारमा मेरो नाम छ भने यिनै शिष्यहरूका कारण छ ।' हजारौं शिष्यमध्ये धेरैजसोको नाम सम्झने कामत भन्छन्, 'एउटा गुरु चेलाकै कारण धन्य हुन्छ ।' यता नेपाली संगीतकर्मीहरू भने गुरुदेव कामतले दिएको संगीत- ज्ञानबाटै आफूहरू बजारमा स्थापित भएको सगर्व बताउँछन् । 'गुरुदेव कामतबिना मेरो संगीतको अर्थ छैन ।' आईडी कार्डले गाएर चर्चामा आएकी सत्यकला राई भन्छिन्, 'असल संगीत असल गुरुको सहयोगविना जन्मनै सक्दैन ।' लाहुरे संस्कृतिसँग नजिकको सम्बन्ध राख्ने हङकङको पीडा गाइएको उक्त गीतमा गुरुदेव कामतको पसिना परेको सत्यकलाको ठहर छ । अहिलेका चर्चित गायक जगदीश समाल, रामकृष्ण ढकाल आदि पनि उनकै ज्ञानका प्रतीक हुन् । 'अहिले बजारमा जति पनि नयाँ-पुराना गायक एवं संगीतकार छन्, उनीहरूमध्ये धेरैलाई मैले संगीत सिकाउने अवसर पाएको छु ।' कामत भन्छन्, 'यद्यपि उनीहरूको नाम लिंदा आफू ठूलो हुन खोजेजस्तो देखिन्छ ।'

गुरुदेव कामतमा त्यस्तो के छ ? जोसुकै संगीतकर्मी पनि एकपल्ट गुरुदेवसँग संगीत सिक्न चाहन्छन् ? 'उहाँले गुरुकुल पद्धतिमा संगीत सिक्नुभएको हो । त्यो शैली अहिलेको कमर्सियल जमानामा पनि प्रयोग गर्ने प्रयास गर्नुहुन्छ । संगीत पैसाका कारण होइन, साधनाबाट प्राप्त हुन्छ भन्ने उहाँको विश्वास छ ।' गायनमा नयाँ प्रतिभाका रूपमा ख्याति कमाइरहेका भीम मगर भन्छन्, 'उहाँले आफू भोको बसेर पनि संगीत सिकाउनुभएको छ । गुरुदेव कामत वास्तवमा श्रद्धायोग्य गुरु हुनुहुन्छ ।'

सामान्यतया नेपाली भाषामा पहाडी समुदायको पकड हुन्छ भन्ने आम मान्यता छ तर भाषाविज्ञानमा विद्यावारिधि गरेर डा. योगेन्द्रप्रसाद यादवले धेरै नेपाली भाषाविज्ञलाई शिक्षा दिएका छन् । लामो समयसम्म त्रिभुवन विश्वविद्यालयको भाषविज्ञान विभाग प्रमुख रहेका यादवले नेपाली भाषाविज्ञानका दर्जनौं पुस्तक प्रकाशन गरेका छन् । 'यादव सर भाषाको गुणस्तरको सवालमा कहिल्यै सम्झौता गर्नुहुन्न ।' त्रिभुवन विश्वविद्यालयमा भाषविज्ञान शिक्षक दुविनन्द ढकाल भन्छन्, 'दक्षिण एसियामा भाषविज्ञानका विद्यार्थीले विद्यावारिधि गर्दा उहाँको थेसिस पढ्नैपर्छ, त्यो नपढी कसैले विद्यावारिधि पूरा गर्न सक्दैनन् ।' यादव विश्वप्रसिद्ध भाषाशास्त्री नोम चम्स्कीको जीबी थ्यौरीलाई आधार मानेर दक्षिण एसियाली भाषामा विद्यावारिधि गर्ने प्रथम व्यक्ति भएकै कारण यसो भएको हो ।

जवाहरलाल नेहरू विश्वविद्यालयको एउटा सार्वजनिक कार्यक्रममा त्यहाँका भाषाविज्ञान प्रमुखले यादवको प्रशंसा गर्दै भनेका थिए, 'हि इज अ सिंगल म्यान डेडिकेटेड फर लिङ्ग्विस्टिक्स इन नेपाल ।' भाषाविज्ञानको क्षेत्रमा यादवको नाम दक्षिण एसियामै चर्चित रहेको दुविनन्द ढकालको ठहर छ । 'यादव सर मेरा आदरणीय गुरु हुनुहुन्छ ।' हाल त्रिभुवन विश्वविद्यालयका भाषाविज्ञान विभाग प्रमुख डा. दानराज रेग्मी भन्छन्, 'उहाँले यसअघि जुन विभाग सम्हाल्नुभएको थियो, त्यही विभाग मलाई सुम्पनुभएको छ ।' नेपाली भाषाको योगदानमा यादवको भूमिका विशिष्ट रहेको डा. रेग्मीको ठहर छ । रेग्मीका अनुसार यादव जातीय र क्षेत्रीय राजनीतिभन्दा माथि उठेर भाषाको सेवा गरिरहेका छन् । 'आफ्ना विद्यार्थीलाई आफूजस्तै योग्य बनाउन सधैं चिन्तित देखिनुहुन्छ ।' रेग्मी भन्छन्, 'उहाँले अवकाश लिइसकेको भए पनि भाषाविज्ञान विभागका बारेमा चिन्ता गरिरहनुहुन्छ । यही कुराले उहाँलाई असल गुरुका रूपमा उभ्याएको छ ।'

सिरहामा जन्मिएका योगेन्द्रप्रसाद यादवले हैदरावाद विश्वविद्यालयबाट विद्यावारिधि पूरा गरेका हुन् । २५ वर्ष त्रिभुवन विश्वविद्यालयमा अध्यापन गर्दा उनले भाषाका हजारौं विद्यार्थी जन्माए । भाषाजस्तो प्राविधिक विषयको उच्च शिक्षाका शिक्षक भएकै कारण उनका सबै विद्यार्थी उच्च स्थानमा पुगेका छन् । सबैजसो विद्यार्थीको नाम थाहा पाउने यादव आफ्ना केही चेला देशकै उच्च स्थानमा पुगेकामा गर्व गर्छन् । 'गुरुका रूपमा के पाएँ भन्दा पनि मैले भाषविज्ञानका क्षेत्रमा के दिएँ भन्ने प्रश्नले घोत्लिन्छु ।' गुरु-चेलाका सम्बन्धमा प्रश्न गर्दा यादव भन्छन्, 'योगदान गरिसकेपछि सम्मान सामान्य कुरा हो ।' असल मानिस सम्मानभन्दा माथि रहनुपर्ने धारणा व्यक्त गर्दै यादवले भने, 'विद्यार्थीहरू मलाई भेट्न आउँछन् । मेरा अगाडि श्रद्धाले शिर निहुराउँछन् । यो गुरुका लागि सबैभन्दा ठूलो सम्मान हो ।'

पत्रकारिताका क्षेत्रमा चन्द्रलाल झा यस्तै विशिष्ट हस्ती हुन् । किशोर नेपाल, हरिहर विरहीजस्ता मूर्धन्य पत्रकार जन्माएका चन्द्रलालले उति बेला पञ्चायती व्यवस्थाविरोधी पत्रिका निकालेर ठूलो सास्ती बेहोरेका थिए । 'मेरो पत्रकारिता जीवनमा चन्द्रलाल यस्ता गुरु हुन् जसका बारेमा एउटा पुस्तक नै तयार हुन्छ ।' किशोर नेपाल भन्छन्, 'त्यो बेला व्यवस्थाविरोधी पत्रिका निकाल्नु, आफ्ना समर्थकहरू तयार पार्नु चानचुने कुरा थिएन ।' त्यसबेलाको पत्रकारिता आजको अवस्थामा कल्पनाबाहिर भएकाले पनि किशोर नेपालले चन्द्रलाललाई गुरुका रूपमा सम्झिएका हुन् । त्यसो त पत्रकारिता क्षेत्रमा इन्द्रकान्त मिश्रले पनि धेरै पत्रकार जन्माए । उनी पनि भाषा र क्षेत्रको राजनीतिभन्दा माथि छन् । शारीरिक अस्वस्थताका कारण जनकपुरमा बसिरहेका मिश्रले साप्ताहिकको टेलिफोन सम्पर्कमा भने, 'कति चेला बनाएँ मलाई थाहा छैन तर मलाई श्रद्धा गर्ने पत्रकारहरू प्रशस्तै छन् ।'

एउटा पत्रकारका लागि व्यावसायिक इमान्दारिता के हुनसक्ला ? देखे-भोगेका घटनालाई सत्य, तथ्य र निष्पक्ष ढंगले सम्प्रेषण गर्नु- यही गुणको पर्याय हुन् चन्द्रलाल झा । कतिसम्म भने, उनी त्यही आदर्शका कारण तत्कालीन पञ्चायती शासकहरूको आँखामा कसिंगर बनेका थिए । जस्तोसुकै दमन हुँदा पनि निर्भीक रूपमा कलम चलाउने खुबी थियो उनमा । उनको सम्पादनमा निस्कने पत्रिका नेपाल टाइम्समा लेखिएको सम्पादकीयले तत्कालीन शासकहरू तर्सन्थे ।

उनको पत्रकारिता जीवनलाई अनुसरण गर्नेहरू प्रशस्तै भेटिन्छन् । त्यहीमध्येका हुन् पत्रकार किशोर नेपाल, जो उनलाई गुरु मान्छन् । पत्रकार नेपाल आफूलाई उनै झाको शिष्य हुँ भन्नमा कञ्जुस्याइँ गर्दैनन्– 'गर्व लाग्छ ।' २०२७ सालतिर सह-सम्पादकका रूपमा काम गर्ने सिलसिलामा उनी झाको सामीप्यमा पुगेका थिए । 'शब्दको प्रयोग, लेख्ने शैली, देशविदेशको राजनीतिलाई हेर्ने दृष्टिकोण उहाँबाटै सिकेको हुँ ।' नेपाल थप्छन्–'उहाँ मेरो व्यावसायिक जीवनको आदर्श हुनुहुन्छ ।' आफ्नो लामो पत्रकारिता जीवनमा झाकै मार्गदर्शनलाई पच्छ्याएको बताए नेपालले । नेपाल पत्रकार महासंघका अध्यक्ष धर्मेन्द्र झा पनि उनलाई आदर्श पुरुषका रूपमा व्याख्या गर्छन् । 'उहाँ हाम्रो पथ-प्रदर्शक हुनुहुन्छ,' अध्यक्ष झा भन्छन् । नेपाली पत्रकारितामा व्यावसायिक धार भित्र्याउने श्रेय पनि उनैलाई दिँदै अध्यक्ष झा, भन्छन्, पत्रकारितामा नयाँ आयाम थप्नुभयो उहाँले ।'

आदर्श गुरुमध्येकै एक हुन् डा. मनोहरप्रसाद गुप्ता । उनको पदचाप पच्छ्याउनेहरू पनि कम छैनन् यो समाजमा । व्यावसायिक जीवनको लामो आरोह-अवरोहमा उनले कहिल्यै आफ्नो इमान्दारिता बेचेनन् । एउटा चिकित्सकका रूपमा आफूलाई सधैं जिम्मेवार र प्रतिभावान् व्यक्तिका रूपमा उभ्याइरहे । आदर्श विद्यालय विराटनगरबाट एसएलसी सिध्याएका डा. गुप्ताले दरभङ्गा मेडिकल कलेजबाट एमबीबीएस गरेका हुन् । क्यानाडाबाट दुईवर्षे जनरल प्राक्टिसको तालिम लिएका डा. गुप्ता हाल त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जमा कार्यरत छन् । त्रिभुवन विश्वविद्यालय उपप्राध्यापक, शिक्षण अस्पतालको निर्देशक, बीपी कोइराला क्यान्सर अस्पतालको सदस्य सचिव, बीपी कोइराला मेमोरियल अस्पतालमा निर्देशकको जिम्मेवारी सम्हालिसकेका छन् डा. गुप्ताले । 'उहाँको निर्देशनमा काम गर्ने क्रममा लामो समय संगत गर्न पाएँ,' त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल रेडियोलोजी विभागमा कार्यरत डा. प्रकाश कायस्थ भन्छन्– 'पेसागत रूपमा अत्यन्तै इमान्दार र जिम्मेवार व्यक्ति हुन् उनी ।'

डा. कायस्थ इमरजेन्सी विभागमा काम गर्दा डा. गुप्ता उक्त विभागको प्रमुख थिए । आस्तिक स्वभावका भएकाले पनि उनले आफ्नो पेशागत धर्म नछाडेको कायस्थले बताए । 'कुनै पनि केसलाई तत्काल कसरी ह्यान्डल गर्ने भन्ने कुरा चाँडो निर्णय गर्ने खुबी छ उहाँमा ।' कायस्थ भन्छन्- 'ठीक समयमा सही निर्णय गर्न उहाँको खुबी अनुसरणयोग्य छ ।' आफ्ना स्टाफसँग मित्रवत् व्यवहार गर्ने बानी पनि उनको राम्रो पक्ष भएको भन्दै कायस्थले बताए- 'उहाँसँग रहँदा हामीले व्यावसायिक जीवनका लागि थुप्रै शिक्षा ग्रहण गऱ्यौं ।'

सुबोध कर्ण, चार्टर्ड एकाउन्टेनको क्षेत्रमा कहलिएका व्यक्ति । नेपाल चार्टर्ड एकाउन्टेन संस्थाअन्तर्गत नेपालमा व्यावसायिक चार्टर्ड एकाउन्टेन उत्पादनमा उनको देन कम आँक्न मिल्दैन । उनी सो संस्थाका अध्यक्ष हुन् । द इन्स्टिच्युट अफ चार्टर्ड एकाउन्टेन इन्डियाबाट सीए अध्ययन गरेका कर्ण हाल चार्टर्ड एकाउन्टेन फर्म 'सुबोध एसोसिएट' सञ्चालन गरिरहेका छन् । साउथ एसियन फेडरेसन अफ चार्टर्ड एकाउन्टेनका बोर्ड सदस्यसमेत रहेका कर्णलाई गुरुका रूपमा सम्मान गर्नेहरू पनि उत्तिकै छन् । व्यावसायिक सीए उत्पादनका क्षेत्रमा क्रियाशील कर्णलाई सम्मानपूर्वक सम्झन्छन् पीयूष आनन्द । सीए पीयूष उनकै चेला हुन् जो हाल पी आनन्द एसोसिएट सञ्चालन गरिरहेका छन् । 'उहाँ अनुशासित एवं अरूलाई पनि अनुशासनमा राख्न सक्ने खुबी भएको व्यक्ति हुनुहुन्छ ।' पीयूष भन्छन्–'गुरुको नाताले म उहाँलाई सम्मानपूर्वक सम्झन्छु ।'

गुरुदेव कामतमा त्यस्तो के छ ? जोसुकै संगीतकर्मी पनि एकपल्ट गुरुदेवसँग संगीत सिक्न चाहन्छन् ? "उहाँले गुरुकुल पद्धतिमा संगीत सिक्नुभएको हो । त्यो शैली अहिलेको कमर्सियल जमानामा पनि प्रयोग गर्ने प्रयास गर्नुहुन्छ । संगीत पैसाका कारण होइन, साधनाबाट प्राप्त हुन्छ भन्ने उहाँको विश्वास छ ।" गायनमा नयाँ प्रतिभाका रूपमा ख्याति कमाइरहेका भीम मगर भन्छन्, "उहाँले आफू भोको बसेर पनि संगीत सिकाउनुभएको छ । गुरुदेव कामत वास्तवमा श्रद्धायोग्य गुरु हुनुहुन्छ ।"

पत्रकारिताका क्षेत्रमा चन्द्रलाल झा यस्तै विशिष्ट हस्ती हुन् । किशोर नेपाल, हरिहर विरहीजस्ता मूर्धन्य पत्रकार जन्माएका चन्द्रलालले उति बेला पञ्चायती व्यवस्थाविरोधी पत्रिका निकालेर ठूलो सास्ती बेहोरेका थिए । "मेरो पत्रकारिता जीवनमा चन्द्रलाल यस्ता गुरु हुन् जसका बारेमा एउटा पुस्तक नै तयार हुन्छ ।" किशोर नेपाल भन्छन्



रमा सिंह

# भक्ति र विश्वासको प्रतीक- छठपूजा



हिन्दू धर्मको प्राचीनता एवं त्यसको विविधताका विषयमा समस्त विश्व नै परिचित छ। हिन्दू धर्म अर्वाचीन हुनुको कारण सभ्यता र संस्कृति दुवैबाट समृद्ध हुनु हो। सभ्यताले कुनै पनि जातिको बाहिरी पक्षलाई इंगित गर्छ, सभ्यताको द्योतक मानिसको भौतिक पक्ष, प्राविधिक, वैज्ञानिक एवं बाह्य जीवनको प्रगतिलाई चिनाउने कार्य गर्छ, जबकि संस्कृतिले मानवजीवनको आन्तरिक विकास र सामाजिक संरचनामा नैतिक, सांस्कृतिक, आध्यात्मिक तथा आत्मिक विकासलाई कति महत्व दिइएको छ भन्नेतर्फ इंगित गर्छ। इतिहासमा हामीले सभ्यताको विनास देखेका छौं, तर संस्कृति सदैव जीवित रहन्छ, बेबीलोनिया, मेसोपोटामिया, पाम्पेई, मोहनजोदाडो आदिको सभ्यता काल कलवित भैसकेका छन्, तर हिन्दू सभ्यता र संस्कृति आज पनि जीवितै छ, विकसित छ।

हिन्दू संस्कृतिको विकास कहिलेदेखि प्रारम्भ भएको हो, कुनै पनि विद्वान तथा इतिहासकारले किटान गरेर भन्न सक्दैनन्। हजारौं हजार ऋषि, सन्त, साधुजन, राजा, महाराजा, निवृत्ति, प्रवृत्ति दुवै मार्गका अनुयायीहरूद्वारा तप, सत्यअनुसन्धान, आत्मनिरीक्षण, अतर्दृष्टि र परम सत्यको सत्क्षात्कार गरेर मात्र हिन्दू संस्कृति समाजमा प्रस्तुत भएको हो। संस्कृतिको विषय एवं क्षेत्र अत्यन्त विशाल छ, यसमा ईश्वर, दर्शन, परम्परा, लोकाचार, प्रत्येक जातिको आआफ्नो रीतिरिवाज, व्रत, उपवास, शिष्टाचार, कर्तव्य, नैतिकता आदि अनेकौं विषय आ-आफ्नो स्थानमा राखिएका छन्। हिन्दू धर्मको प्रत्येक नियम कानुन, धर्मानुज्ञाहरू, हिन्दू समाजको शान्ति र व्यवस्था कायम राख्न आदर्श व्यवस्था मानिएका छन्। प्रत्येक समाजमा संस्कृतिको संवर्द्धनमा व्रत, त्योहार, उपासना एवं अनुष्ठानको विशेष महत्व छ। हाम्रो संस्कृतिमा पनि अनेकानेक साना, ठूला व्रत उपासनाका पद्धति प्रचलित छन्। ती सबैले समाजमा सुन्दर र उचित स्थान प्राप्त गरेका छन्, केही पर्व हिमाली भागको शोभा भएका छन् भने केही मध्य पहाडी भागको र केही तराई प्रदेशको शोभा र गौरवका रूपमा प्रतिष्ठित छन्।

तराई प्रदेशको विशिष्ट पर्व छठ तराई प्रदेशका लागि महत्त्वपूर्ण पर्व हो। प्राचीन संस्कृतिको एउटा अद्भुत विशेषता हो- प्राचीन संस्कृति, पर्व र त्योहारहरूका रूपमा अतीतलाई र पुराना कथाहरूलाई सामूहिक चेतनामा समाविष्ट गरेर सदैव जीवित राख्नु। मिथिला संस्कृति विश्वका प्राचीनतम् सभ्यताहरूमध्ये एक हो। राजा मिथिजसको नाममा मिथिलाको नामकरण भएका हो। उनको उल्लेख पुराण एवं मनुस्मृतिमा भेटिन्छ। मिथिला प्रदेशको छठ पूजा आज पनि सम्पूर्ण गरिमा र सम्मानका साथ जीवन्त परम्पराका रूपमा निरन्तरता पाइरहेको छ।

सूर्यको उपासना मानव जातिका लागि नवीन धारणा होइन, वैदिक कालदेखि नै सूर्य, वरुण तथा अग्निलाई प्रमुख देवताका रूपमा पूजनीय स्थान प्राप्त छ। वैदिक सूक्तहरूका रचयिता ऋषिहरू प्राकृतिक दृश्य देखेर अत्यन्त विस्मित र उत्फुल्ल हुन्थे। सूर्य, चन्द्रमा, अग्नि एवं आकाशलाई प्रारम्भिक देवताको श्रेणीमा राखिएको थियो। किनभने देवताको शाब्दिक अर्थ हो 'दिव्यगुण युक्त वा प्रकाशवान्'। यसमा सूर्य देवता संसारलाई प्रकाश प्रदान गर्ने शक्तिका रूपमा वर्णित छन्। समस्त ऊर्जाको केन्द्र सूर्यदेव हुनुहुन्छ, समस्त विश्वको जीवन क्रम सूर्यमै केन्द्रित छ। सूर्यको पूजा अत्यन्त स्वाभाविक छ। युनानी, मिस्र तथा प्राचीन जापानी धर्ममा सूर्य पूजा समाजको आवश्यक अंगका रूपमा प्रचलित थियो। सुविख्यात दार्शनिक प्लेटोले आफ्नो प्रसिद्ध पुस्तक रिपब्लिकामा सूर्य पूजालाई आदर्श र मानवका लागि सर्वोत्तम भनेका छन्।

प्लेटोको मतमा सूर्य धर्मको प्रतीक हो, प्राचीन इजिप्टमा सूर्यलाई 'राँ' भनिन्थ्यो र सर्वश्रेष्ठ देवताको स्थान प्रदान गरिएको थियो। भारतको उडीसा राज्यस्थित 'कोर्णार्क' सूर्य मन्दिर हिन्दू स्थापत्य कलाको बेजोड नमुना हो, यसमा दिन, महिना, वर्ष, ऋतु परिर्वतन चित्रका रूपमा कोरिएको छ। सूर्य समस्त जगत्का जीवन केन्द्र हुन्, मानिसको सबै राम्रो-नराम्रो कर्मका साक्षी हुन्। ऋग्वेदमा सूर्यलाई सविता, दिवाकर, प्रभाकर, दिनकर, आदित्य, भाष्कर, विष्णु, स्वर्णाक्ष, स्वर्णहस्त, स्वर्णजिव्ह, हिरण्यमय आदि सम्मानित र पूजनीय नामबाट सुशोभित गरिएको पाइन्छ,। यजुर्वेदको मन्त्र हामी प्रायः सूर्य प्रार्थनाका लागि उद्धृत गर्छौं, 'हे ईश्वर, हे सविता सबैको स्रष्टा, सबै बाधालाई टाढा राखेर, अवरोधहरूलाई हटाएर हाम्रा लागि जे कल्याणकारी छ, जे आत्माका लागि वरणीय छ, त्यसको प्राप्तिमा हाम्रो सहायता गर्नुहोस्।'

छठ पर्व मनाउने विशेष स्थानहरू विहार, उत्तर प्रदेश र नेपालको तराईका मिथिला प्रदेश हुन्, इतिहासको प्रारम्भिक कालमा छठका अवसरमा छठीमाताको पूजा अर्थात भाग्य देवीको पूजा विशेष रूपले गर्ने विधान थियो, जसले मातृसत्तात्मक व्यवस्थातर्फ सकेंत गर्छ, तर कालक्रममा छठको मातृसत्तात्मक रूप कम हुँदै गयो र सूर्य उपासनासँग यसको स्वरूप बढी प्रचलित हुँदै गयो, तर आज पनि सूर्य पूजासँगै छठी मैयाँ अर्थात् षष्ठी माताका गीत पनि अनिवार्य रूपले गाउने चलन छ। छठ प्रकृति पूजाको सर्वश्रेष्ठ उदाहरण हो, यसमा जातिपातिको कुनै बन्धन छैन, हिन्दू, मुसलमान, धनी-गरीब जो आफ्नो मनोकामना पूर्तिका लागि अथवा सूर्यप्रति श्रद्धा, भक्ति प्रकट गर्न सक्छन्, सबैभन्दा ठूलो कुरा के हो भने यसमा कुनै पण्डितको आवश्यकता पर्दैन, विधि-विधानसँग जो-कसैले यो व्रत लिन सक्छन्। यसको विधिवत् आरम्भ दीपावलीको छ दिनपश्चात् नहाय खाय दिनबाट आरम्भ हुन्छ।

यो दुई दिनसम्म चल्ने व्रत हो। पञ्चमीको दिनभरि व्रत राखेर रातिमा शखरको खीर र गहुँको पुरी खाने चलन छ, यसलाई खरना भनिन्छ। पर्वको प्रसाद बनाउने विधि केही कठिन छ। प्रसादका रूपमा सूर्यलाई चढाइने ठेकुआ, खजुर, पिडुकिया आदिको गहुँलाई अत्यन्त पवित्रतापूर्वक धोएर, पिँधेर, नयाँ कपडामाथि राखेर सुकाउने चलन छ। गहुँमा चरा, काग अथवा कुनै शिशुले छुनु वा जुठो पार्नु हुँदैन, आफै घाममा बसेर सुकाउनुपर्छ। गहुँ पिसाउने मिल पनि सफा हुनुपर्छ। माटोको चुल्होमा घिउमा पकवान बनाउने विधान छ। प्रत्येक डालीमा पकवानसँगै केरा, सुन्तला, अमला, स्याउ, उखु, काँचो बेसार, अदुवा, शकरकन्द, केराउ, मुला आदि पचासौं प्रकारका मौसमी फलफूल राख्नु आवश्यक छ। प्रत्येक डालीमा सिन्दूर र अक्षता बिर्सनु हुँदैन, नत्र सूर्यदेवको कोपभाजन बन्न बेर लाग्दैन, यसमा पवित्रताको पक्ष सबैभन्दा बढी विचारणीय र पालन योग्य हुन्छ।

यो पूजाको प्राण शक्ति पवित्रता हो, गल्ती भैहाल्यो भने शिशुहरूलाई समेत कडा दण्ड हुन्छ भन्ने परम्परागत सोच छ। यो पूजाको प्रक्रिया अत्यन्त कठिन हुन्छ। दुई दिनभन्दा पनि बढी व्रती स्त्री पुरुष, अन्न जल ग्रहण नगरी किन छठ पूजा गर्छन्, चौमुख दीप प्रज्वलित गरेर हातमा डाली लिएर, नदीमा कम्मर सम्म खडा भएर, पहिलो दिन अस्ताचल सूर्यलाई र दोस्रो दिन उदीयमान सूर्यको आदित्य रूपलाई दूधको अर्घ्य दिएर पूजा सम्पन्न गरिन्छ। त्यसपश्चात् प्रसाद ग्रहण गरिन्छ, जसको जीवनमा सूर्यदेवको कृपास्वरूप अलौकिक र चमत्कारिक रूपमा भाकलहरू पूर्ण हुन्छ, उनीहरू आफ्नो घरबाट नदीको घाटसम्म साष्टांग दण्डवत गरेर जान्छन्।

छठको व्रतका दौरान व्रतालुहरूको शरीर पवित्र हुन्छ। त्यसैले व्रतालुहरूका प्रति कुवचन बोल्ने, गाली गर्ने काम पाप मानिन्छ। व्रत अवधिभरि व्रतालुहरूको शरीरमा ईश्वरको वास हुन्छ, त्यसैले उनीहरूको चरण स्पर्श गर्नाले पाप क्षय हुन्छ। मैले आफैं आजसम्म धेरै जनाको रोग निको भएको र निःसन्तानहरूलाई सन्तान प्राप्त भएको देखेकी छु। यसको अर्को आकर्षक पक्ष यसको साम्प्रदायिक सद्भाव पनि हो। अनेकौं निःसन्तान वा कुष्टरोगले ग्रसित मुसलमानहरू पनि आदित्य बाबाको र छठी मैयाँको पूजा हिन्दूहरूले जस्तै परम श्रद्धा र भक्तिपूर्वक गर्छन्। विहारको राजधानी पटनामा छठको प्रसाद बनाउने, माटोको चुलो बनाउने र बेच्ने कार्य मुसलमानहरूले नै गर्छन् र त्यसमा कुनै हिन्दूलाई आपत्ति छैन। यो सूर्य पूजाको अद्भुत स्वरूप र परम्परा नेपालमा पनि विद्यमान हुनु हाम्रा लागि पनि गौरवको विषय हो।



# तराईमा पहाडवासीको छठ

**जितेन्द्र साह**

मोरङको रंगेली बस्ने विशाल घिमिरेको परिवारले आस्थाका साथ छठ मनाउँछ। वर्षौंदेखि त्यहाँ आएर बसेका सापकोटा, कोइराला, अधिकारी र पौडेलहरूले छठमा उल्लेखनीय सहभागिता मात्र जनाउँदैनन्, विधिवत् उपवाससमेत बसेर छठ मनाउँछन्। शिक्षा र रोजगारीका लागि काठमाडौंको अनाम नगर बस्ने रंगेलीकी रुबिना सापकोटा त नौ वर्षदेखि छठको उपवास गर्दै आएकी छिन्। सापकोटा छठअगावै घर पुग्छिन्। सापकोटा छठ मनाएर मात्र काठमाडौं फर्कन्छिन्। मावलीबाट छठको महिमा बुझेर उपवास बस्न थालेको बताउँछिन्।

रंगेलीको बक्राहा खोला किनारमा पुग्दा आगन्तुकलाई अचम्म लाग्न सक्छ। त्यहाँ वर्षौंदेखि बस्दै आएको पहाडे समुदाय मैथिली र नेपाली भाषामा कुरा गर्दै छठ मनाइरहेको हुन्छ। यो वास्तवमा जातीय विभाजन, विखण्डन र विचलनको कुरा गर्नेलाई ठूलो झापड हो। त्यहाँ नेपाली लोकगीत, मैथिली र भोजपुरी संगीत एकै पटक सुन्न पाइन्छ। गाउँभरिको पोखरी र खोला किनारमा यस्तै मनोरम वातावरण हुन्छ।

गुन्यूचोलोमा सजिएर, पित्तलको भाँडाकुँडामा पूजासामग्री राखेर, नेपाली लोकगीत घन्काउँदै छठ मनाएको देख्दा हरेकको मन प्रफुल्ल हुन्छ। रंगेलीका स्थानीय व्यवसायी कृष्ण साहका अनुसार छठ मातासँग मागेको मनकामना पूरा हुने भएकाले अरू समुदायले पनि छठपर्व मान्न थालेका हुन्। 'केही वर्षअघिसम्म रंगेलीको बसपार्क, थानाटोल, शुक्रबारे र दर्वेशाका केही सीमित पहाडे परिवारले मात्र छठ मनाउँथे,' साह भन्छन्, 'अहिले त यसले विशाल रूप लिएको छ।' झापा, विराटनगर, वीरगन्ज र धनुषा क्षेत्रमा समेत यो पर्व राष्ट्रिय एकता एवं साम्प्रदायिक सद्भावको प्रतीक भएको छ। साह भन्छन्, 'अब त यो सम्पूर्ण नेपालीको महापर्व भैसक्यो।'

'म त यही कारणले छठ मनाउन घर जान्छु,' पर्साका प्रभुप्रसाद साह भन्छन्, 'बाल्यकालदेखि हुर्केका सबैसँग मिलेर छठ मनाउँदाको मिठास बेग्लै हुन्छ, भेटघाट गर्ने र प्रसाद साटासाट गर्ने अवसर पाइन्छ।' साह राजधानीको सुविधानगरमा तरकारी बेच्छन् भने उनकी श्रीमती घरमा खेतबारी हेर्छिन्। साह भन्छन्, 'मलाई छठको स्वागतमा तिहार आएझैं लाग्छ, किनभने छठ घाटमा तिहारकै दियो बालिन्छ र पटका पड्काइन्छ। छठसँगै सबै पर्वको अन्त हुन्छ, त्यसपछि त वर्षभरि कमाएर खानु त छँदैछ नि।' यसबाट छठ परिवारिक वा व्यक्तिगत नभएर सामूहिक पर्व भएको सन्देश जान्छ। यो महिला प्रधान पर्वमा पुरुषको सहयोगी भूमिका मात्र हुन्छ। तीजमा झैं यो पर्वमा पनि महिलाले पति र परिवारको कल्याणको कामना गर्छन्। सन्तान प्राप्ति र रोग निदानका लागिसमेत यो पर्वमा सूर्यको पूजा गरिन्छ।

यही विशेषताले गर्दा तराईका पहाडे समुदायमा यो पर्व लोकप्रिय छ। तराईवासी र पहाडे समुदायले मनाउने छठको शैली एवं परम्परामा खासै फरक हुन्न। हिन्दू संस्कृतिमा वैदिककालदेखि सूर्यको उपासना गरिंदै आएको छ। सम्पूर्ण शक्तिको स्रोत सूर्यलाई ऋग्वेदमा सबै देवताको स्रोतसमेत मानिएको छ। छठ पर्वमा शुद्धताको निकै महत्व छ। पर्व आउनु एक साताअघिदेखि पूजामा प्रयोग हुने सामग्रीहरू सफा र पवित्र पार्नुपर्छ। माछा मासु खानेहरूसमेत कात्तिक महिना सुरु भएपछि माछा, मासु, लसुन र प्याज खान छोड्छन्।

माछा र मासुबिना भातै नरुच्ने वीरगन्जका भोला ठाकुरले त छठ नसकिएसम्मका लागि मासु खान छोडेका छन्। ठाकुरका अनुसार शुद्धता र पवित्रता नै यसको आधार हो। ठाकुर भन्छन्, 'म त उपवास नबसे पनि पूजासामग्री बोकेर घाटसम्म जान्छु।' ठाकुरका अनुसार अरू बेला आधुनिक भएर हिंड्ने साथीहरू छठका बेला धोती र लंगु कट्टुमा साष्टाङ्ग दण्डवत गर्दै जलाशय किनारसम्म पुग्छन्। 'हाम्रा पहाडे साथीहरूसमेत हेरचाह गर्दै पछि-पछि आउँछन, हाम्रो सामान बोक्छन्, पुजापाठ र नुहाइधुवाइमा सहयोग गर्छन्,' ठाकुरले बताए। ठाकुरका अनुसार

पृष्ठ २३ मा जारी



# पहाड र उपत्यकामा तराईवासीको छठ

**जितेन्द्र साह**

नयाँबानेश्वर, सुविधानगर, तीनकुने बस्ने सिराहाका फर्निचर व्यवसायी रामेश्वर साहले आठ वर्षदेखि राजधानीमै छठ मनाउँदै आएका छन्। उपत्यकामा केही वर्षयता भव्यताका साथ मनाउन थालिएको छठले धेरै हदसम्म गाउँलाई बिर्साइरहेको साह बताउँछन्। खुला स्थलमा राखिएको फर्निचर र काठ छोडेर जाँदा चोरी हुने सम्भावना भएकाले साह यस्तो ठूला चाडपर्वमा घर जान सकिरहेका छैनन्।

'यतिखेर धेरैजसो स्टाफ घर जान्छन्, म सपरिवार यही छठ मनाउँछु,' साह भन्छन्। साह थप्छन्, 'तराईवासीले यहाँ छठ मनाउँदा उपत्यकावासी र पहाडको कुना कन्दराबाट आएका नेपाली दाजुभाइले हाम्रो संस्कृति बुझ्न पाएका छन् अनि सहभागिता पनि जनाइरहेका छन्।'

साह भन्छन्, 'एक दशकअघि र अहिलेको समयमा धेरै परिवर्तन आएको छ, छठ तिमीहरूको मात्र हो भन्नेले अहिले हामी सबैको हो भन्न थालेका छन्।' साहका अनुसार अब नदीकिनारमा पूजा गर्ने बेलामा अनुहार हेर्दा जाति र समुदाय छुट्टयाउन गाह्रो हुन्छ। साह भन्छन्, 'सूर्यलाई पुज्ने लगभग हरेक जातिले छठ मान्न थाले, शुभकामना दिने मुस्लिम, सिख, इसाई र विभिन्न धर्म सम्प्रदायका मानिस पनि उत्तिकै हुन्छन्।'

उपत्यकामा साहझैं विभिन्न पेसा अपनाएर बसेका तराईवासी बेफुर्सदी भएर छठमा समेत घर जान नपाउने भएपछि बाग्मतीको किनार, रानीपोखरीलगायतका जलाशयका किनारमा छठ मनाइरहेका छन्। उपत्यकामा छठ मनाउने भक्तजनको संख्या हरेक वर्ष बढ्दो छ।

सूर्यको उपासना गरी मनाइने यो पर्वमा तराईको संस्कृतिका सम्बन्धमा जानकार पहाडे समुदायको सहभागिताले यसको विस्तार भएको छ र महत्त्व बढेको छ। नेपालीमाझ केही वर्षअघिसम्म भारतको बिहार राज्यको पटनामा मनाइने छठको ठूलो चर्चा हुन्थ्यो, तर राजधानीमा सम्पूर्ण सजावट र दीपावली गरेर मनाइने छठले अहिले पटनालाई पनि बिर्साइदिएको छ।

'मिथिलाञ्चलमा सिमित छठको व्यापकताले साम्प्रदायिक सद्भाव र एकताको समेत सन्देश दिएको छ। तिहारलगतै कार्तिक शुक्ल चतुर्थीदेखि चार दिनसम्म मनाइने यो पर्वमा राजधानी बस्ने तराईवासी र पहाडे समुदायका मानिसहरू जुटेका देखिन्छन्। त्यसैले यो पर्व विस्तारै मिथिलाञ्चलवासीको महापर्वबाट नेपालीहरूको महापर्व हुन थालेको छ।

गौशाला बस्ने सप्तरीकी गृहिणी सरिता मण्डलले दस वर्षदेखि काठमाडौंमा छठ मनाउँदै आएकी छिन्। एक सन्तान र श्रीमानसँग बस्दै आएकी मण्डललाई वरिपरि बस्ने पहाडे समुदायका छिमेकीले छठको तयारीमा साथ दिन्छन्।

'मैले केही चिन्ता लिनु पर्दैन, अरू बेला जे जसरी बसेपनि यति बेला उनीहरू मलाई पुरा साथ दिन्छन्,' मण्डल भन्छिन्, 'यति भएपछि के चाहिन्छ र ?' मण्डल भन्छिन्, 'कतिले त पर्व मनाउने विधि सिकेर आफै मनाउन थालेका छन्। 'म कालीमाटी र असनमा पूजा सामग्री किन्न जाँदा एक्लै हुन्थें,' मण्डल भन्छिन्, 'अहिले त तिहार सकिनेबित्तिकै सुरु हुने छठका सामग्री किन्न मसँगै हिँड्नेहरूको ठूलै भीड हुन्छ।'

'हामीकहाँ सबै धर्म र समुदायकाले छठ मनाउँछन्,' लामो समयदेखि राजधानी बस्दै आएका जनकपुरकी प्रमिला गिरीले भनिन्, 'हिन्दू धर्ममा सूर्यदेवको महत्वका कारण पनि यसको विस्तार भएको हो।' 'नबुझ्नेले यसलाई जाति र समुदायसँग जोडेर हेर्छन,' गिरी भन्छिन्, 'श्रद्धा र भक्तिले जातपातको विभाजन मान्दैन, दसैं-तिहार र छठ अब हामी सबै नेपालीको पर्व हो, धरोहर हो।'

वास्तवमा सूर्य देव संसारमा सबैले देख्न सक्ने संरक्षणका देउता हुन्। जापान, कम्बोडिया र विभिन्न मुलुकमा प्राचीनकालदेखि सूर्य आराधनाको परम्परा छ। सम्पूर्ण शक्तिको स्रोत सूर्यलाई संसारका सबै संस्कृतिले मानेको पाइन्छ।

'गरिबको झुपडीदेखि धनधान्य हुनेका महलसम्म बराबर पुग्ने सूर्य त लोकतान्त्रिक देउता पनि हुन्,' मण्डल भन्छिन्, 'यो पर्वमा उदाउँदो र अस्ताउँदो सूर्यको (दुवै रूपको) पूजा हुने हुनाले यसले समानताको समेत सन्देश दिन्छ।'

मण्डलका अनुसार धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक महत्वलाई बुझ्दै एक अर्काको पर्वमा हुने सहभागिताले मुलुकलाई जोड्ने काम गर्छ। मुलुकको जुनसुकै कुनामा पुगे पनि तराईमा हुर्किएका हरेक समुदायको जनजीवनसँग छठ जोडिएको छ। 'तराईवासीले दसैं, तिहारलाई पनि उत्तिकै महत्व दिन्छन्,' मोरङ दर्वेशाका देवी घिमिरे भन्छन्, 'छठको भव्यता हेर्न लायक हुन्छ।

न्युरोडको एक व्यवसायी फर्ममा काम गर्ने घिमिरे छठको साँझ बिदा लिएर जल अर्पण गर्न थापाथली घाट पुग्छन्। 'गाउँ बस्दादेखि तराईवासी गाउँले मित्रसँग छठ मनाउँदै आएको छु,' घिमिरे भन्छन्, 'छठमा चढाइने ठेकुवा र भुसुवाको प्रसाद त मनमा बसेको छ, म त मागेर खान्छु।'

घिमिरेका अनुसार अहिले आएर पहाडे समुदायले आफै छठ मनाउन थालेको दृश्य देखिनु राजधानीमा समेत सामान्य भएको छ। 'अब यो समुदाय र सम्प्रदायमा सीमित रहेन,' घिमिरे भन्छन्, 'मेचीदेखि महाकालीसम्म हेर्दै जाने हो भने आ-आफनो तरिकाले छठ मनाएको देखिन थालिएको छ।'

धर्मशास्त्रले छठलाई हिन्दूहरूको पर्व भनेर व्याख्या गरे पनि हरेक जातिले विनाभेदभाव छठ मनाउन गरेका छन्। 'यो त छूवाछूतविरुद्धको पर्व पनि हो,' घिमिरेले भने, 'अछूत मानिने डुम समुदायले बनाएका नाङ्लो, कुइना र ढकनीमा प्रसाद राखेर छठको पूजा गरिन्छ। मलाई त हरेक वर्ष यो दिनको प्रतीक्षा हुन्छ,' न्युरोडका व्यवसायी दीपक अग्रवाल भन्छन्, 'सपरिवार घाटमा पुगेर सूर्यलाई जल र दूध अर्पण गरेर फर्कन्छौं।'

अग्रवालका अनुसार तीन दिनसम्म निर्जल उपवास गरेर मनाइने यो पर्वमा मारवाडी र अन्य समुदाय अप्रत्यक्ष रूपमा सहभागी हुन्छन्। 'उपवास बस्नेलाई पूजा सामग्री दिएर र उनीहरूको समान बोकेर घाटसम्म पुगी हामी सहभागी हुन्छौं,' अग्रवाल भन्छन्, 'यो पनि ठूलो धर्म हो।'

यतिखेर राजधानीको डिभिडी र सिडी पसलमा छठसम्बन्धी गीत र कथा सामग्रीको बिक्री उत्तिकै बढछ। 'छठको गीत र म्युजिक भिडियो किनेर लानेहरूको संख्या निकै हुन्छ,' फुटपाथमा सिडी बेच्ने बिहारका पुनीत जैसवालले भने, 'सबै समुदायले किनेर लान्छन्।'

'नदी किनार र घरमा यति बेला बजाइने छठ गीतले गाउँघरमै पुऱ्याउँछ,' बालकुमारी बस्ने नवलपरासीकी ललिता गुप्ता भन्छिन्, 'यसले मन तरंगीत बनाउँछ।' प्रसादका सामग्री बोकेर नदी वा पोखरीसम्म पुग्दा गाइने लोकप्रिय लोकगीतहरूले छठ महिमालाई सम्बोधन गरिरहेको हुन्छ। राजधानीका जलाशय किनारमा पुग्दा भोजपुरी र मैथिली भाषाका छठ गीतहरू सुन्न सकिन्छ।

राजधानीमा छठको विस्तार हुँदा यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म चर्चा पाएको छ। यो पर्यटनको मौसमसमेत भएकाले यो विदेशीहरूका लागि एउटा सुन्दर अनुभव हुने गरेको छ। यो पर्वको प्रचार-प्रसार गरेर योजनाबद्ध ढंगले मनाउने हो भन्ने राजधानी र पहाडको छठले आन्तरिक एवं बाह्य पर्यटनको विकासमा उत्तिकै सहयोग पुऱ्याउँछ। जलाशय किनारमा गरिने कुस्ती, मिथिलाको लोकनृत्य एवं पहिरनको प्रदर्शन गर्ने अवसर पनि हो छठपर्व।

पृष्ठ २२ बाट जारी

छठ पर्वका सम्बन्धमा विभिन्न धार्मिक कथा र किंवदन्ती रहे पनि नि:रोग, सौभाग्य, सु:ख र शान्तिका लागि यसको अनुष्ठान गरिन्छ। 'छठका बारेमा अझै खोजबिन र प्रचारको आवश्यकता छ, सम्पूर्ण **'ऊर्जाको स्रोत सूर्यलाई अर्घ दिएर मनाइने यो पर्व वैज्ञानिक पनि छ।'**

छठपर्वको थालनी शारीरिक एवं मानसिक शुद्धताबाट हुन्छ। तिहारलगत्तै चतुर्थीमा व्रतालुहरू नुहाएर शुद्ध शाकाहारी भोजनबाट छठ पूजाको सुरुवात गर्छन्। त्यसपछि पञ्चमीमा दिनभरि केही नखाई बस्नुपर्छ। त्यो दिन शुद्ध घ्यूमा पुरी र खीर बनाएर फलफूलसहित कुल देउताको कोठामा साँझपख गोप्य पूजा गर्छन्। त्यसपछि केराको पातमा राखिएका ती पकवान र फलफूल पूजापछि प्रसादका रूपमा परिवारजन एवं छरछिमेकलाई बाँडिन्छ।

षष्ठीका दिन पूरै उपवास बसेका व्रतालुको अगुवाइमा गहुँ र चामलको पिठोबाट ठकुवा, भुसुवा, खाजा तथा पुरी आदि मिष्ठान्न बनाइन्छ। यी सामग्रीलाई विभिन्न खालको ढकनी र फलफूलसहित सजाएर राखिन्छ।

ढकनीमा ती सामग्री राखेर सपरिवार ब्रतालु जलाशय किनारमा पुगेर षष्ठीको दिन अस्ताइरहेको र सप्तमीका दिन बिहान उदाइरहेको सूर्यलाई अर्घ दिएर पूजा समापन गरिन्छ। बिहानको सूर्यलाई अर्घ दिएपछि व्रतालुको उपवास सकिन्छ र व्रतको समापन हुन्छ।

तराई र पहाड जहाँ मनाइए पनि यतिबेला जलाशय किनारको साज सज्जा हेर्नलायकको हुन्छ। घर नफर्की रातभरि जाग्राम बसेर बिहान मात्र पुजा सकेर फर्किने ठूलो जमातले गर्दा रमझम हुन्छ। केराको बोट, झिलमील बत्ती, गीत संगीत र नाटकको आयोजनाले तराईको छठको रौनक हेर्न लायक हुन्छ।

'म नाटक र संगीतको आनन्द लिन रातभरि जलाशय किनारमा बस्छु,' विराटनगरमा मधुकर मेहता भन्छन्, 'अरू बेला राति पूरै अँध्यारो हुने जलाशय किनारमा झिलीमिली बत्ती र पानीको बहाव हेर्न लायक हुन्छ।' पूजा सकिएपछि एक अर्कालाई घरमा प्रसाद खान डाक्ने र घरमा प्रसाद पुऱ्याउने लर्को देख्न सकिन्छ।

## तराईमा पहाडवासीको छठ

खासगरी पहाडे र मधिसेले एक-अर्काको घरमा केही दिनसम्म प्रसाद पुऱ्याइरहेका हुन्छन्। प्रसाद पाइएन भने एक-अर्कासँग गुनासो मात्र गर्दैनन्, घरमै प्रसाद खान पुग्छन्। 'यो परम्परामा तराईका सबै समुदायको प्रेम र सदभाव जीवित छ,' सुनसरी इनरुवाका विपिन न्यौपाने भन्छन्, 'यो एकता कायम रहेसम्म हिंसा, हतियार र विभाजनको राजनीति सफल हुँदैन, हाम्रो संस्कृति र संरचनालाई दसैं, तिहार र छठजस्ता ठूला चाडपर्वले जोगाएर राखेको छ।'

न्यौपाने भन्छन्, 'छठको अवधि तराईवासी मित्रको घरमा बित्छ, उनीहरूलाई सहयोग गर्नु र पर्वलाई सफल बनाउनु मेरो उद्देश्य हुन्छ।' 'अब त नेपालमा मनाइने सबै चाड पर्व सबैको साझा हो,' न्यौपानेले बताए। मोरङ, सुनसरी, झापा, महोत्तरी, सर्लाही, सिराहा र सप्तरीमा हरेक गाउँमा यस्तै वातावरण हुन्छ। छठ पर्वले राष्ट्रिय पर्वको मान्यता पाउनु र सरकारले बिदासमेत दिनुले यसको महत्त्व बढेको छ। राष्ट्रप्रमुख, सरकारप्रमुख, दलका प्रमुख र विभिन्न धर्मका अगुवाले यतिबेला शुभकामना दिने परम्परा पनि सद्भावकै प्रतीक हो। प्रजातन्त्रको पुनर्स्थापनापछि मिथिलाञ्चलको यो मौलिक पर्व सम्पूर्ण नेपालीको पर्व भएको देखिन्छ।



# सपिङ पर्सनालिटी

● रोजिन शाक्य

व्यक्तिको सपिङ बानीले उसका सम्बन्धमा धेरै कुरा व्यक्त गर्छ। ऊ कस्तो सोच भएको व्यक्ति हो ? जीवनमा कति जोखिम झेल्न सक्छ, लक्षप्रति उसको दृढता, उसको स्वभाव आदि। व्यक्तिको सपिङ बानीले उसका बारेमा जान्न-बुझ्न सकिन्छ।

**लिस्ट सपर** : आफूलाई कुन कुरा आवश्यक छ, उसको परिवारलाई के चाहिन्छ, लिस्ट सपरलाई राम्रो जानकारी हुन्छ। आफ्नो बजेटलाई विचार पुऱ्याई उसले आफ्ना आवश्यकतालाई प्राथमिकता दिएर लिस्ट तयार गरी सोहीअनुसार सपिङ गर्छ। यदि तपाईं लिस्ट सपर हुनुहुन्छ, भने व्यवस्थित र विश्वास गर्न लायक व्यक्ति हुनुहुन्छ। तपाईंमा राम्रा-नराम्रा कुराको पहिचान छ। तपाईं कुनै पनि निर्णय लिंदा हतार गर्नु हुन्न। तपाईं बजेटअनुसार घाँटी हेरेर हाड निल्नुहुन्छ। तपाईं अरूको आवश्यकतालाई महत्व दिनुहुन्छ, तर कहिलेकाहीं आफ्ना बारेमा बिर्सनुहुन्छ।

**सेडुयल सपर** : यदि महिनाको कुनै निर्धारित दिनमै सपिङ गर्नुहुन्छ भने तपाईंलाई सेडुयल सपर मान्न सकिन्छ। यो बानीले तपाईं जीवन कसरी बाँच्नुहुन्छ भन्ने कुराको ज्ञान दिलाउँछ। जीवनका हरेक साना-ठूला खुसी तपाईंका लागि कुनै समारोहभन्दा कम छैनन्, त्यसैले तपाईं सेडुयल सपिङका मार्फत आफ्नो व्यस्त सेडुयलबाट आफू र आफन्तका लागि समय निकाल्नुहुन्छ। यसबाहेक तपाईं समयको महत्वलाई राम्रोसँग बुझ्नुहुन्छ। हरेक दिन तपाईंको निश्चित सेडुयल हुन्छ अर्थात् तपाईं सन्तुलित व्यक्ति हुनुहुन्छ।

**हेजार्ड सपर** : बिजी सेडुयलका कारण तपाईंसित सपिङका लागि कम समय हुन्छ। परिणाम तपाईं आफ्नो प्राथमिकतालाई भन्दा आवश्यकतालाई बढी महत्व दिनुहुन्छ। त्यसैले बजार र मलहरूमा आफ्ना आवश्यकताका सरसामानको मूल्यका सम्बन्धमा बुझ्ने समय तपाईंसित हुँदैन। मात्र आवश्यकता पूर्तिका लागि महँगो मुल्य चुकाउनुहुन्छ। यस्ता बानी भएका व्यक्ति रुपयाँ-पैसाबाट आफ्नो र आफन्तजनको हरेक ठूला-साना आवश्यकता पूरा गर्ने क्षमता राख्छन् तर आफन्तसित समय बिताउने मामिलामा पछि पर्छन्।

**बार्गेन हन्टर** : आफ्ना आवश्यकताका लागि फुटकर बजारदेखि सपिङ मलसम्ममा मोलतोल गर्ने स्वभावले तपाईंको समझदार व्यक्तित्वलाई उजागर गर्छ। तपाईं कञ्जुस हुनुहुन्छ। तपाईं रुपैयाँ-पैसाको मूल्य राम्रोसँग बुझ्नुहुन्छ। यो बानीले तपाईं अत्यन्त समझदार, विश्वास गर्न लायक व्यक्ति भएको दर्साउछ। आफ्नो लक्ष्यसम्म पुग्न तपाईं कडा मेहनत गर्न कहिल्यै पछि पर्नु हुन्न।

**इम्पलसिभ सपर** : यस्तो सपिङ बानी भएका व्यक्ति सेलको होडिङ र ब्यानर देख्नेबित्तिकै त्यतैतिर दौडन्छन्। उनीहरूका लागि सपिङमा आवश्यकताभन्दा वस्तुको मूल्यले प्रभाव पार्छ। यस्ता बानी भएका मानिसहरू निर्णय लिने मामिलामा कमजोर हुन्छन्। उनीहरू आफ्नो जीवनको निर्णय के, कसरी र किन गर्ने भन्ने कुरामा अनभिज्ञ हुन्छन्।

**विन्डो सपर** : केही काम छैन, मल घुम्न जाऊँ- यस्तो सोच भएकाहरू लागि राम्रो विकल्प हो, विन्डो सपिङ। विन्डो सपिङ गर्नेहरूको कुनै कमी छैन। विशेषगरी मेट्रो सहर, जहाँ मल कल्चरका साथै विन्डो सपिङको ट्रेन्ड पनि बढ्दो छ। केही सपर्स यसलाई आफ्नो परिवारजनसित समय बिताउने राम्रो अवसर मान्छन्। अतः उनीहरू विन्डो सपिङको अवसरलाई सदुपयोग गर्न पछि पर्दैनन्। परिवार नभै कलेजका ग्रुपहरू पनि विन्डो सपिङमा माहिर हुन्छन्। विन्डो सपिङलाई टाइमपासको राम्रो उपाय मान्नेहरू पनि उत्तिकै छन्।

**बायर एन्ड रिटर्नर** : भर्खरै कुनै वस्तु खरिद गरियो र अर्को क्षणमै त्यसलाई फर्काउने बानी भएकाहरूले यो स्वभावबाट उनीहरू हरेक पल द्वन्द्वको स्थितिमा रहन्छन् भन्ने बुझिन्छ। यस्ता व्यक्तिको सोच्ने बुझ्ने शक्तिका साथै निर्णय लिने क्षमता पनि कमजोर हुन्छ। उनीहरूलाई आफैमाथि भरोसा हुँदैन। हरेक काम अरूको देखासिकीमै गर्छन्। उनीहरूमा हरेक सानो कुरामा पनि पराजय बोध आशंका र डरको स्थिति कायम रहन्छ।

**कम्पलसिभ बायर** : यस्ता व्यक्ति गैरआवश्यक कुरा खरिद गर्छन् वा कुनै विशेष ब्रान्डका वस्तु खरिद गर्छन् तर त्यसका लागि सम्झौता गर्न तयार हुँदैनन्। खरिदारी गर्दा यस्ता व्यक्ति अन्यन्त खुसी हुन्छन्, तर घर फर्कंदा खरिदारीका कारण पछुताउँछन्।

**लास्ट मिनेट बायर** : यस्ता व्यक्तिलाई सपिङ एलर्जिक भन्नु ठीक हुन्छ। कारण यिनलाई सपिङ मन पर्दैन। उनीहरू आवश्यक भएका बेला मात्र खरिदारी गर्छन्। यस्ता बानी भएकाहरूको कुनै निर्धारित लक्ष्य हुँदैन। कैंयन् व्यक्ति कुनै एउटा कुराको खरिदारीमा घन्टौं बिताउँछन्, तर के कारण, कस्तो रंगको सुहाउँदो हुन्छ भन्ने निक्यौंल गर्न सक्दैनन्। यस्ता व्यक्तिको निर्णय शक्ति कमजोर हुन्छ। उनीहरूलाई आफैमाथि भरोसा हुँदैन। यसका लागि उनीहरू आफ्नो पारिवारिक वातावरण जिम्मेवार भएको बताउँछन्। चर्चित अर्थशास्त्री डा. पल एलबीनसले आफ्नो पुस्तक 'द पर्सनालिटी कनटिन्यु एन्ड कन्ज्युमर बिह्येबियरमा लेखेका छन्- सपिङ बिह्येबियरलाई पर्सनालिटीका आधारमा बाँडन सकिन्छ। जस्तै :

**नर्मल कन्जुमर** : यो श्रेणीका मानिसहरू जति कमाउँछन् त्यसको अधिकांश भाग भविष्यका लागि संचय गर्छन्। सपिङमा कमभन्दा कम खर्च गर्छन्। यो बानीले कैंयन् पटक उनीहरूलाई कन्जुस सावित गर्छ।

**न्युरायिक सपर्स** : यो श्रेणीका मानिसहरू खरिदारी गर्ने कुरा सोच्छन्, तर केही खरिद गर्दैनन्। यिनलाई बजारदेखि मलसम्मका समान हेर्ने रुचि हुन्छ अर्थात् उनीहरूका लागि सपिङको अर्थ खरिदारी नभै लेटेस्ट ट्रेन्ड र फेसनसित परिचित हुनु मात्र हो।

**प्रिमिटिभ शपर्स** : यो श्रेणीका व्यक्ति आवश्यकताभन्दा बढी आफ्नो रुचि र चाहनालाई महत्व दिन्छन्। फजुल खरिदारीपछि उनीहरूलाई पश्चात्ताप हुन्छ।

**साइक्याट्रिक सपर्स** : अधिकांश क्रेडिट कार्ड उपभोक्ता साइक्याट्रिक सपर्स हुन्छन्, अर्थात् प्लास्टिक मनीले तिनलाई हरेक समय केही न केही खरिदारी गर्न वा खानका लागि उत्प्रेरित, उत्तेजित गरिरहन्छ।



तस्बिर : राजीव श्रेष्ठ



# रोमाञ्चक यौन जीवन

**वैवाहिक जीवनमा यौनको आफ्नैकिसिमको महत्त्व हुन्छ। यौन शारीरिक आवश्यकता मात्र होइन पति-पत्नीको सम्बन्धलाई अझ बढी प्रगाढ एवं सुमधुर बनाउने बलियो आधार पनि हो। यौनको रोमाञ्चता बढाउन :**



**अलार्म क्लक :** अलार्म क्लकसित खेल्नुपर्छ। यौनमा संलग्न हुनुपूर्व टाइमर सेट गर्नुपर्छ। यौन क्रियाकलापका बेला जब अलार्म बज्छ, तब दुवैले आफूलाई फ्रिज गर्नुपर्छ। त्यसपछि बिस्तारै एकअर्काको शरीरलाई इन्जोय गर्न थाल्नुपर्छ। यसो गर्नाले यौन क्षमता र इच्छा धेरै हदसम्म बढ्छ।

**रोल प्लेइङ :** यो गेमबाट आफ्नो मनका धेरै कुरा गर्न सकिन्छ। इच्छाअनुसार स्ट्रिपटिज एक्टका साथमा रोमान्टिक ड्रामा गर्न प्रोत्साहन गर्न सकिन्छ। स्वयं आफैंले पनि सेक्सी पहिरन लगाउन सकिन्छ। साथै कुनै नटी एक्ट पनि गर्न सकिन्छ।

**रंगको महत्त्व :** यदि आफ्नो कोठामा मैनबत्ती डेकोरेट गरेर बोर हुनुभएको छ भने इलेक्ट्रिक बल्बले कोठालाई सजाउन सकिन्छ, जुन अलग-अलग कलर्समा उपलब्ध छ। यी बल्ब कम वाट्का हुन् भन्ने कुरामा ध्यान दिनुपर्छ। पर्पल कलरले महिलामा यौन इच्छा बढाउने काम गर्छ।

**भेनिला टी :** यदि खाना खाइसकेपछि केही लिन चाहनुहुन्छ भने भेनिला टी पिउन सकिन्छ। ३ सय ४२ नपुंसक व्यक्तिमा गरिएको सर्वेक्षणअनुसार भेनिला टीले कामोत्तेजना बढाएको पाइयो। त्यसैले भेनिला टी पिएर आफ्नो पार्टनरसित यौनलाई इन्जोय गर्न सकिन्छ।

**रोल द डाइस :** कागजमा दुवै जनाले आफूले इच्छाएको काम लेख्ने र सोहीअनुसार नम्बर पनि दिने। जसरी तपाईं डाइस घुमाउनुहुन्छ र त्यसअनुसार जुन नम्बर आउँछ पार्टनरले सोही नम्बरअनरूपको काम गर्नुपर्ने हुन्छ। डाइसलाई पालैपालो घुमाउनु पर्छ। डाइस घुमाउने बहानामा आफ्नो पार्टनरलाई इच्छाएको काम गराएर आनन्द लिन सकिन्छ। यसबाट एकअर्काबीच लज्जा अनि अप्ठ्यारो हट्छ र यौन जीवनको रोमाञ्चता बढ्छ।

**यौन र खानपान :** सेक्स र खानपानबीच निकै गहिरो सम्बन्ध रहेको पाइन्छ। जसरी हतारमा खाइएको खाना लाभदायक हुँदैन, त्यसरी नै सेक्समा हतार गर्नु ठीक होइन। यसबाट पूर्णरूपले सन्तुष्टि प्राप्त हुँदैन। संयमतापूर्वक र समय दिएर गरिएको सेक्स उति नै बढी रोमाञ्चक एवं आनन्ददायक हुन्छ।

# यौनजीवन र सकारात्मक सोच

यदि आफ्नो सेक्सुयल लाइफमा बासीपन अनुभव हुन्छ भने सचेत हुनु आवश्यक छ। यसप्रतिको अरुचिको सबैभन्दा ठूलो कारण हो, नकारात्मक सोच र यसैका कारण अधिकांश व्यक्तिको सेक्सुयल लाइफको 'द एन्ड' भएको पाइन्छ। मनोचिकित्सकहरूका अनुसार नकारात्मक सोचबाट जीवनको हरेक पल ओइलाएको फूल सरह हुन्छ। सकारात्मक सोचबाट सेक्सुयल लाइफ पनि प्रभावित हुन्छ। अतः सकारात्मक सोच कायमराख्नु आवश्यक छ। यसबाट मस्तिष्क तनाव रहित हुन्छ र यौन प्रक्रियाको भरपुर आनन्द उठाउन सकिन्छ। अधिकांश कार्यमा व्यक्तिको सफलता-असफलता उसको मनको भावनामा निर्भर गर्छ। यौनसुख अनुभूतिका लागि सकारात्मक हुनु महत्त्वपूर्ण छ। चिकित्सकहरूका अनुसार शारीरिक तथा मानसिक रूपबाट जबसम्म स्त्री-पुरषकाबीच सामान्जस्यता स्थापित हुँदैन, विचारमा एकता स्थापित हुँदैन, उनीहरूलाई संभोगमा आनन्द प्राप्त हुँदैन।


जब मन सकारात्मक सोचबाट गुज्रन्छ तब मात्र एस्ट्रोजन र टेस्टोस्टेरिन हार्मोन श्रावित हुन्छ र त्यसले सहवासलाई सुखद बनाउँछ। यसले महिलाहरूलाई विशेष सुख दिन्छ। यस सम्बन्धमा गरिएका विभिन्न सोधअनुसार महिलामा यौनप्रति नकारात्मक सोच बढी पाइन्छ। उनीहरूलाई लाग्छ– पुरुषलाई मात्र यो कुराको मतलब हुन्छ। जसका कारण उनी आफ्नोइच्छालाई दबाउँछन् र पति वा प्रेमीको इच्छाका अगाडि झुक्छन् तर उनीहरू के बिर्सन्छन् भने यही समर्पणले उनको जीवनलाई अन्धकारमा धकेल्न सक्छ। अतः यौनप्रति जसरी पुरुष सकारात्मक हुनु जति आवश्यक छ, महिला पनि उत्तिकै सकारात्मक हुनुपर्छ।

- अन्तरंग पललाई ख्याल-ठट्टामा बिताउनु राम्रो हुन्छ। गम्भीरताबाट यो क्षणको आनन्द अनुभव गर्न सकिँदैन।
- यौनजीवनमा साथीको मुडप्रति ध्यान दिनु आवश्यक छ। पार्टनरको मुड अफ भएको स्थितिमा यौनक्रिया आनन्दायक हुन सक्दैन।
- सहवासका बेला साथीको रुचि-अरुचिको ख्याल राख्नुपर्छ।
- यौनका सम्बन्धका भएका शंका र डरको समाधान गर्नुपर्छ।
- यौनजीवनको आनन्द अनुभूतिका लागि शारीरिक रूपले फिट हुनु पनि आवश्यक छ। अनुसन्धानअनुसार हेल्दी एवं फिट शारीरिक स्थितिमा गरिएको सहवास सुखदायी हुन्छ।
- यौनमा ग्याप राख्नु ठीक होइन। दुवैको इच्छा र शारीरिक स्वस्थताअनुसार यसलाई निरन्तरता दिनुपर्छ।
- ख्याल-ठट्टाबाट यौन प्रक्रिया अझ रोमाञ्चक हुने भएकाले यसलाई प्रयोग गर्नु राम्रो हुन्छ।
- यौन क्रियाका बखत एकाग्रता पनि आवश्यक छ, अतः यौन क्रियाको बेला बढी कुराकानी गर्नु ठीक होइन।
- प्रशंसाको आवश्यकता पुरुषलाई पनि हुन्छ, अतः यौन क्रियाका बेला एक अर्काको प्रशंसा गर्नु राम्रो हुन्छ। साथै एकअर्कालाई भावनात्मक रूपले बुझ्न पनि उत्तिकै आवश्यक छ।

पारिवारिक स्वास्थ्य

# आयुर्वेद चिकित्सा विज्ञानमा पानी

● डा. विदुर श्रेष्ठ



अथर्ववेदमा भनिएको छ- जल नै औषधी हो। जलले रोग नाश गर्छ, जलले सबै रोग भगाउँछ। जलले कठिन रोगको पञ्जाबाट बचाउँछ। आयुर्वेदको महत्त्वपूर्ण ग्रन्थ अष्टाङ्ग संग्रह सँत्रस्थानको अनुसार जलको गुण-जल, जीवन (प्राणधारक), तर्पण (तृप्तिकारक), हृद्य (हृदयको लागि हितकारी), आह्लादकारक (सुखकारक), बुद्धिप्रवोधक, तनु (स्वच्छ), अव्यक्त रस स्वादिलो, जिह्वा इन्द्रियको प्रिय, शुद्ध, शीत, लघु (चाँडो पच्ने) र अमृतसमान हुन्छ। पित्तविकार, रक्तविकार तथा विषविकार नाशक हुन्छ। अतः अत्यन्त निषेधित अवस्थामा पनि पानी कहिल्यै निषेध हुँदैन। पानी नपाए शरीरमा शोष, शिथिलता उत्पन्न हुनुका साथै मानिसको मृत्युसमेत हुनसक्छ।

**ऊष्ण जल :** उष्ण जल सेवन गरेपछि विपाकमा मधुर तथा वीर्यमा शीत हुन्छ। त्यसैले केही बढी पिउँदा पनि हानि नगर्ने हुन्छ र लघु हुनाले उष्ण जल पिउनुपर्छ।

देश, काल, गुरुता, लघुता आदि विचार गरेर ३/४ भाग, वा १/४ भाग वा १/२ भाग बाँकी रहने गरी पकाइएको फिंजरहित, वेगरहित (उम्लिएर नपोखिएको) तथा मलरहित जल हिक्का, आध्मान, वातकफजन्य रोग, तृष्णा, कास, श्वास, प्रतिश्याय, पार्श्वशूल, आमदोष एवं मेदोरोगमा तथा नवज्वरमा हितकर हुन्छ।

**मनतातो जल :** खाना नपचेको वा केही पचेको अवस्थामा, तिर्खा नलागे पनि (मनतातो) जल पिउनु राम्रो हुन्छ। जति पानी पिउनाले अन्न भिज्छ त्यति मात्र पिउनु अन्यथा बढी क्लेद भए अग्निमान्ध हुन्छ। कफ एवं वायुले गर्दा कोष्ठमा रोकिएको नपचेको खाना ऊष्ण जलद्वारा द्रवीकृत (पातलो) भई आमाशयको बन्धनबाट मुक्त हुन्छ र चाँडो पच्छ।

**शीतल जल :** शीतल जल सेवन गर्नाले मदात्यय, ग्लानि, मूर्च्छा, छर्दी, थकाइ, भ्रमरोग, तृष्णा, गर्मी, दाह, पित्तरक्त तथा विषविकार नाश गर्छ।

**आधुनिक चिकित्सा विज्ञानमा पानी :**

मानवशरीरको ६० देखि ७० प्रतिशत भाग पानीले ओगटेको हुन्छ। यहाँ कुनै व्यक्तिको तौल ७० किलोग्राम छ भने उसको शरीरमा लगभग ३६ देखि ४९ लिटर जलीय द्रव्य हुन्छ। शरीरमा रहेको पानीलाई अन्तः कोषीय तरल (दुईतिहाइ) र बाह्यकोषीय तरल (एकतिहाइ) गरी दुई भागमा विभाजन गरिएको छ। बाह्यकोषीय तरलमा प्लाज्मा, इन्टरस्टिसियल फ्लुड, लिम्फ, ट्रान्ससेलुलर फ्लुड, सेरिब्रोस्पाइनल फ्लुड आदि पर्छन्। मुख्यतया शरीरको सम्पूर्ण भित्री क्रियाहरू सुचारु रूपले सञ्चालन गर्न, तापक्रम, पी.एच., ब्लड प्रेसर, आयोनिक घनत्व सन्तुलन गर्न तथा अक्सिजन र कार्बनडाइअक्साइडको मात्रा निर्धारण गर्न, पचेका खाद्यपदार्थबाट प्राप्त खाद्यरस शरीरभर फैलाउन जलको महत्त्वपूर्ण भूमिका हुन्छ। जलको मात्रा यथेष्ठ नभए शरीर चल्न सक्दैन, त्यसैले झाडा-पखालाजस्ता रोग लागेर शरीरबाट अत्यधिक तरल पदार्थ निष्कासित हुँदा जीवनजल, नुन-चिनी-पानी, सलाइन वाटर आदि उचित मात्रामा दिएर तरल पदार्थको सन्तुलन गरिन्छ।

दूषित पानीको सेवनबाट सयौं रोग लाग्न सक्छन् तर पनि यसबाट लाग्ने मुख्य रोगमा टाइफाइड, कोलेरा, इन्फेक्टिभ हेपटाइटिस (ए र सि), स्क्याबिज, ट्रकोमा, बेसिलरी डिसेन्ट्री, सिस्टोसोमिएसिस, ग्युनिया वर्म, औलो, हात्तिपाइले रोग, जुका, स्लिपि सिकनेस आदि छन्।

**पानी कहिले कसरी पिउने ?**

केवल जल मात्र, औषधियुक्त जल, पकाएको जल, चिसो तथा ऊष्ण आदि पाँच प्रकारका जल राम्रोसँग विचार गरी उचित मात्रामा प्रयोग गरेमा अमृतसमान हितकर हुन्छ, अन्यथा विष समान हानिकारक हुन्छ।

भोजनको सुरुमा पिएको जलले मन्दाग्नि एवं शरीरलाई दुब्लो गराउँछ, भोजनको अन्तमा पिएको जलले शरीरको मोटोपन तथा आमाशय र यसमाथि (उरः, कण्ठ, शिर आदिमा) कफ बढाउँछ। भोजनको बीच-बीचमा पिएको जलले अङ्गहरूमा समता ल्याई मध्यम शरीर हुन्छ, रसरक्तादि धातुहरू र पाचकाग्निको समता राख्छ र अन्नलाई सुखपूर्वक पचाउँछ।

सबै प्रकारको भौम जल सूर्योदयपूर्वको समय अर्थात् उषाःकालमा सेवन गर्नुपर्छ। प्रातःकालमा जलमा निर्मलता र शीतलता अधिक हुनाले त्यस बेलाको जललाई उत्तम जल मानिन्छ।

एक ठाउँको पानी नपच्दै अर्को ठाउँको पानी पिउनु हुँदैन, चिसो जल नपच्दै उमालेको जल पनि पिउनु हुँदैन र उमालेका जल पचिसकेपछि सधैँ उमालेकै जल सेवन गर्नेले अन्य आम जल पिउनु हुँदैन। तातो पानी नपच्दै चिसो जल पिउनु हुँदैन अर्थात् एकै साथमा अलग-अलग प्रकारको र अलग-अलग स्थानको पानी पिउनु हुँदैन। विष्णु पुराणअनुसार- भोजन गर्दा ठोस अन्नले पेटको आधा भाग भर्नुपर्छ र एक भाग पानीले भर्नुपर्छ अनि वायुको सञ्चालनका लागि चौथो एक भाग खाली छोड्नुपर्छ।

**अधिक जलपानको असर :**

जलको अतियोग भए पित्त एवं कफ दोष बढ्छ र विशेषगरी ज्वरको रोगीमा पित्त एवं कफको कारक हुन्छ। यसका साथै आम दोष, तृषा, निद्रा, तन्द्रा, आध्मान, अङ्गमा भारिपन, कास, मन्दाग्नि, हल्लास, प्रसेक (लालस्राव), श्वास तथा पिनास बढाउँछ। एकैपटकमा धेरै पानी पिए अन्न राम्रोसँग पच्न पाउँदैन। पानी नखाइ बसे पनि पाचन राम्रो हुँदैन त्यसै भएर मानिसले अग्नि अथवा पाचन शक्ति बढाउन थोरै मात्रामा धेरैपटक पानी पिउनुपर्छ।

**जलपान निषेधका अवस्थाहरू :**

रोगी, बलहीन, विषम दोष तथा विषम अग्नि हुनेका लागि चिसो पानी थोरै मात्र पनि हितकर हुँदैन, त्रिदोषकारक हुन्छ। जल अग्निको विरोधी हुनाले मन्दाग्नि अर्थात् भोजन अजीर्णका रोगीले नपाकेको जल वर्जन गर्नु तथा पक्वजल पनि थोरै-थोरै गरेर पिउनुपर्छ। अभिष्यन्द, प्लीहोदर, विद्रधि, गुल्मरोग, पाण्डुरोग, उदररोग, अतिसार, अर्श, ग्रहणीरोग, शोष तथा शोथका रोगीले र कृश एवं अशक्तले पनि नपाकेको जल सम्पूर्णतः त्याग गरी औषधीहरूद्वारा सुसंस्कृत ( वा औषधी मिसाएर बनाएको) पानी पिउनुपर्छ।

खाना अजीर्ण अर्थात् अपच भएको बेला अरू कुनै कुरा नखाई पानी मात्र खाएको खण्डमा औषधीको काम गर्छ, पाचनमा मद्दत गर्छ। भोजन पचेपछि अर्थात् भोजन गरेको तीन घण्टापछि पिएको पानीले बल प्रदान गर्छ। किनकि तीन घण्टापछि खाएको पानीले भोजनको पाचनमा कुनै पनि असर पुऱ्याउँदैन। भोजनको बीच-बीचमा थोरै-थोरै मात्रामा पिएको पानी अमृतसमान हुन्छ। किनभने खानाको बीच-बीचमा पिएको पानीको घुट्काले खानामा रुचि उत्पन्न गराउँछ, खानालाई भिजाउन र क्लेदन गर्न मद्दत पुऱ्याउँछ, पच्नमा मद्दत पुग्छ।

भोजनपछि तुरुन्तै पिएको पानी विषजस्तै अहित गर्ने हुन्छ। किनभने खाना पाचनको निमित्त आमाशय (Stomach) बाट निस्कने ग्याँस्ट्रिक जुस जसमा पेप्सिन, हाइड्रोक्लोरिक एसिड आदि हुन्छन्, सानो आन्द्राबाट निस्कने शुक्रेज, माल्टेज, ल्याक्टेज, ट्रिप्सिन, काइमोट्रिप्सिन, पित्त थैलीबाट निस्कने बाइल, प्याङ्क्रियाजबाट निस्कने लाइपेज तथा एमाइलेज आदिजस्ता पाचक रसलाई पातलो बनाउँछ जसले गर्दा ती पाचक रसले खानालाई पूर्ण रुपमा पचाउन सक्दैन। साथै खानापछि तुरुन्तै पिएको पानीले खानालाई आमाशयबाट चाँडै नै सानो आन्द्रातर्फ धकेल्छ, जसले गर्दा आमाशयमा पच्नुपर्ने कुरा राम्रोसँग पच्न पाउँदैन।

# निद्रा



मानिसले सपनामा आफूले देखेका मानिसलाई मात्र देख्छन् । यसरी देखिएका सबै मानिस नचिनिन सक्छन् । सपना नदेख्ने मानिसहरूमध्ये अधिकांशमा शारीरिक समस्या हुन्छ ।



मानिसको उमेरअनुसार निदाउने अवधि परिवर्तित हुन्छ ।
१६ घण्टा : शिशु
१० घण्टा : ३-१८ वर्ष
८ घण्टा : १९- ५५ वर्ष
६ घण्टा : ६५ वर्षभन्दा माथि



सर्वाधिक लामो समय सुत्ने प्राणी
कोलास : दैनिक २२ घण्टा
खैरो चमेरा : दैनिक १९ घण्टा ९ मिनेट
सालक : दैनिक १८ घण्टा





सर्वाधिक कम सुत्ने प्राणी
जिराफ : दैनिक १ घण्टा ९ मिनेट
रोइ डिएर : दैनिक ३ घण्टा ९ मिनेट
एसियाटिक हात्ती : दैनिक ३ घण्टा १ मिनेट



डल्फिन निदाउँदा उसको मस्तिष्कको आधा भाग मात्र निदाउँछ । बाँकी आधा भागले श्वास-प्रश्वास क्रियालाई सचेत गर्ने कार्य गर्छ ।

# पत्याउनु हुन्छ ?



रोममा हालै भएको सर्वाधिक ठूलो मुख प्रस्तुत गर्ने प्रतियोगितामा फ्रान्सिस्को डोमिङगोले आफ्नो मुख ६ दशमलव ६९ इन्च तन्काएर पहिलो स्थान हासिल गरे । उनको मुखमा बियरको क्यान सजिलै अट्न सक्थ्यो ।



अमेरिकाको ओर्लान्डोमा क्यान्सर रोगको अनुसन्धानका लागि अर्थ संकलन गर्न विश्वकै सर्वाधिक लामो केक निर्माण गरियो । १ हजार ८ सय १४ किलोग्रामको उक्त केक ५ हजार ३ सय फिट लामो थियो ।



न्युयोर्कका स्टेफन ब्रुसले तयार पारेको आइसक्रिम सुन्डे अहिलेसम्मकै सर्वाधिक महँगो मानिन्छ । चिसो चकलेट आइसक्रिम हालिएको २३ क्यारेटको सुनले युक्त उक्त एक बाउल आइसक्रिम सुन्डेको मूल्य १७ लाख ५० हजार रुपैयाँ पर्छ ।



डोनाल्ड लेर्म्यानले एक प्रतियोगितामा ५ मिनेटमा ७ सय ग्राम नौनी खाएर नयाँ कीर्तिमान कायम गरेका थिए ।




दक्षिण कोरियाकी सोन्जा थोमस सर्वाधिक छिटो खाने व्यक्ति मानिन्छिन् । ४१ वर्षीया सोन्जाले विभिन्न खानेकुरा १५ मिनेटभन्दा कम समयमा खाइसक्छिन् । उनले छिटो खाने प्रतियोगितामा ३३ पटक पहिलो स्थान हासिल गरिसकेकी छिन् ।



आर्मेनियाको ग्रान्ड क्यान्डिले आफ्नो १० औं वार्षिकोत्सवको अवसरमा विश्वकै सर्वाधिक ठूलो चकलेट निर्माण गर्‍यो । १० इन्च मोटाइ, ९ फिट चौडाइ तथा १८ दशमलव ४ फिट लम्बाइको उक्त चकलेट निर्माण गर्न कम्पनीले ४ हजार ४ सय १० किलोग्राम कोका प्रयोग गरेको थियो ।

# साप्ताहिक कोठेपद



**दायाँ**
१.भगवान् शिवको प्रसिद्ध मन्दिर (६)
२.तापक्रम नाप्ने यन्त्र (५)
४.चाँदी अर्थ लाग्ने देश (४)
५.कर्णाली अञ्चलको एक जिल्ला (४)
६.पश्चिम सिमाना, नदी (४)
७.पाँच वाद्ययन्त्रको समूह (४)
८.पृथ्वीको उपग्रह (३)
९.जग्गा-जमिन नाप्ने व्यक्ति (३)
१०.भऱ्याङ, सिँढी (३)
१२.सार्क समूहको एक मुलुक (५)
१३.सर्वश्रेष्ठ मानिस (४)
१४.एक फूल (४)
१५.सन्देहवाहक चरा (३)
१६.एक रसिलो फल (३)
१७.एक नक्षत्र (३)

**तल**
१.बदलिएको, चेन्ज (५)
२.कुलको वरिष्ठ सदस्य (३)
३.इस्लाम धर्मको एक चाड (४)
४.कंगारुको देश (४)
५.काठमाडौंको एक क्षेत्र (४)
६.सुख्खा उजाड क्षेत्र (४)
७.एक प्रकारको तरकारी फल (४)
८.हाँस जातको चरा (३)
९.कुचो बनाइने घाँस (३)
११.फूलपातीमा भित्र्याइने वनस्पति (५)
१२.पिछलग्गु, पछ्याउने व्यक्ति (४)
१३.पापी, दुष्ट मानिस (४)
१४.बाकस (३)
१५.पाइलाको आवाज (४)
१६.पहेँलो धातु (२)

## कुरा बुझ्नु भो त !

प्रस्तुती : योगेश खपाङ्गी



## • तालुमा आलु •



प्रकाश ओझा

चौधरी सर अफिसबाट घर फर्कंदै हुनुहुन्थ्यो, बाटोमा नयाँ वैशाखी भेट्नुभयो। उहाँले वैशाखी बोक्नुभयो अनि घरमा गएर श्रीमतीको खुट्टा भाँचिदिनुभयो।

०००

एउटा अधवैंशे व्यक्ति श्रीमतीसँग रोमियो जुलियट नाटक हेर्न गयो। नाटक हेर्दाहेर्दै लोग्ने हाँस्न थाल्यो।

'किन हाँसेको ?' श्रीमतीले सोधी।

'मैले यदि उफ्रेर गएर त्यो जुलियटमाथि गडबड गरे भने दर्शकले के गर्छन् होला भनेर कल्पना गरी हाँसेको... ।' लोग्नेले भन्यो।

श्रीमती एकछिन चुप लागी अनि हाँस्न थाली।

'तिमी किन हाँसेको ?' लोग्नेले सोध्यो।

'म चैं यो सोचेर हाँसेको कि तिमीले गडबड गरेर फर्कंदा दर्शकले वान्स मोर वान्स मोर भने भने तिम्रो हाल के होला ?'

०००

युद्धको समयमा धेरै नौजवानहरू सेनामा भर्ती भए। लाइनमा बसेको एउटा डरपोक सिपाहीले अफिसरसँग सोध्यो- 'सा'ब मलाई बन्दुकका बारेमा ज्ञान छैन मलाई त यो पनि थाहा छैन कि बन्दुकको नाल दुश्मनतिर हुन्छ कि आफूतिर।'

'नेभर माइन्ट' अफिसरले भन्यो- नाल जता फर्काए पनि बन्दुक चलायौ भने तिमीले देशकै भलो गर्छौ।

०००

फर्स्ट क्लास अफिसमा काम गर्ने तीनजना युवतीको लन्च टाइममा गफ हुँदै थियो।

एउटी : हिजो मैले बोसको टेबलको ड्रयरमा कन्डमको प्याकेट भेटें।

दोस्री : मैले पनि देखें अनि पिनले घोचेर प्वालै प्वाल बनाइदिइँ।

तेस्री युवती बेहोस भई।

०००

एउटा पार्टीमा भलाद्मीले धेरै रक्सी पिए एउटी महिलालाई घुमीघुमी हेर्न थाले।

'किन यसरी हेर्नुहुन्छ ?' महिलाको धैर्यताले सीमा नाघ्यो।

'बहिनी' रक्स्याहा बोल्यो- 'तपाईं साह्रै कुरुप हुनुहुन्छ।'

'मेरो गल्ती के छ र मलाई भगवान्ले नै यस्तो बनाइदिइन्, म के गर्न सक्छु र ?' महिलाले आहत हुँदै भनी।

'तपाईं यहाँ नआएर आफ्नै घरमा पनि त बस्न सक्नुहुन्थ्यो।'

## • कविता •

### जिन्दगानी बरै



घमण्डले नफुल्ने कसैसित सानी बरै
गुँडबाट निकालिएकी रैछिन् चरी रानी बरै
आफ्नो बास गाँस को ठेगान छैन विचरीलाई
दुःखमा धैर्यधारण गर्ने उनको बानी बरै
सोचेजस्तो आफूले नहुने रै'छ केही
आपद, विपदको परिदिन्छ पानी बरै
आखिर दुःखैदुःखको तलाउ महासागर
बुझी ल्याए फरक छैन हाम्रो जिन्दगानी बरै।

**सरगम बेहोसी**

### बुझ्न सक्दिनँ तिम्रा इसारा

सोच्यौ के तिमीले बढी मैले सोचेको भन्दा पनि
भन्न खोज्यौ के तिमीले मैले भनेको भन्दा पनि
यदि इसाराले भन्छौ भने बुझ्न सक्दिनँ तिम्रा इसाराहरू
घायल भैसक्यो यो मन मेरो बुझ्न नसक्दा तिम्रा ती भाषाहरू
टोलाएर तिमीले हेर्दा लाग्छ तिम्रो हेराइ रहस्यमय छ
तिम्ले बोल्दा मलाई तिम्रो शब्दमा माया छ
बुझ्न सकिनँ तिम्रो हेराइ र बोलाइहरू
घायल भैसक्यो यो मन मेरो बुझ्न नसक्दा तिम्रा भाषाहरू।

**सन्तोषी थापा**

### आऊ तिमी

सजाएछु मुटुभित्र तिम्रो माया फूल भनी
अश्रुधारा झर्ने गरी नघोच है काँडा बनी
दुःख पीडा सबै भुल्ने यति चोखो माया हाम्रो
तिम्रै हुन्छु मत प्रिया अर्को जन्म पाए पनि
जस्तो दुःख परे पनि हाँसी-हाँसी बाँच्नुपर्छ
सुनचाँदीभन्दा प्यारो हाम्रो माया छँदै छ नि
माग्न आऊँ तिमीलाई तिम्रो आमाबुबाले त
झुपडीमा तिम्रो हात कैले पनि दिँदैन नि
सँगै बाँच्नुपर्छ हामी सँगै मर्नुपर्छ हामी
जिन्दगी हो तिम्रो मेरो आऊ सही मार्ग छानी।

**ईश्वर विक**

### तिखो धार

देख्ने मात्र संसार होइन नदेखिने पनि संसार हुन्छ
सधैं जित होइन रहेछ जितसँगै हार हुन्छ
मन दुखाउने बाटो कहिल्यै गर्नुहुन्न कसैको नि
केही गर पो देशलाई नत्र तिम्रो भार हुन्छ
आफ्ना लागि मात्र होइन देशकै लागि बाँच्नुपर्छ
केही गरी देखाए मात्र प्रेमी भा'को सार हुन्छ
राम्रो बोल्नु, मिठो बोल्नु प्रियसीको बात नै हो
प्रेममा नाम मात्र होइन, यसमा ठूलो विचार हुन्छ
सधैं सफल हुन्छु भन्नु छैन यो मायाको संसारमा
छोए विष लाग्ने तिखो-तिखो धार हुन्छ।

**सागर पौडेल**

### हूल

देखें धेरै-धेरै माया लाउनेहरूको हुल
कतै नाच्ने कतै गीत गाउनेहरूको हुल
संसारिक रंगमञ्चका पात्रहरू अनेकानेक
कतै तड्पिने कतै तड्पाउनेहरूको हँल
जे सोचिन्छ त्यो हुन्न, त्यो हुन्छ जे सोचिन्न
कतै जुध्ने कतै जुधाउनेहरूको हुल
खुट्टा तान्ने प्रवृत्तिमा धेरै विकास भए छ र त
कतै लड्ने कतै लडाउनेहरूको हुल
सिनेमामा के छ र त्यस्तो कथा त्यस्तो दृश्य
कतै फुट्ने कतै फुटाउनेहरूको हूल।

**उदीर्ण केसी**

## • लघुकथा •




### समाचार

गाउँबाट बेपत्ता भएको हल्लाले सन्जोगको परिवारमा ठूलै कोलाहल मच्चियो। घरबाट निस्किएको सन्जोग बेलुका घरमा नआउँदा सबैका मनमा अनिष्ट नै भयो होला भन्ने शंका उत्पन्न भयो। भोलिपल्टका अखबारमा सन्जोग मरेको समाचार प्रमुखताकासाथ छापिए। सन्जोगको परिवार, आफन्त सबै शोकमा डुबे। उक्त समाचारका कारण सन्जोगको परिवारले क्षतिपूर्ति पाउनुपर्ने मागसहित ठूलै जुलुस निकाल्यो। पर्सिपल्ट सन्जोग टुप्लुक्क घर आइपुग्यो। सबैको होस हवास उडेजस्तै भयो। सन्जोग जिउँदै घर आइपुगेको हल्ला सबैतिर भुसको आगोसरी फैलियो। फेरि अखबारका पानाहरूमा मरेका सन्जोग जिउँदै घर आइपुगे भन्ने समाचार प्रमुखताकासाथ प्रकाशित भयो।

**रेशम कुमार सुनवार**

# इन्जोय पोखरा



**शिव शर्मा**

पोखरा- घुमघामका लागि कहाँ जाने ? धेरैको मुखबाट एउटै जवाफ आउँछ- पोखरा। नवविवाहित जोडीका लागि पहिलो रोजाइ नै पोखरा नै हुन्छ। यहाँको सुन्दरता, सफा तथा स्वच्छ वातावरणले धेरैलाई लोभ्याउने गरेको छ। केही दिनअघि प्रेमविवाह गरेका नेपालगन्जका मनोज घर्तीमगरले हनिमुनका लागि पोखरा रोजे। पोखरामै बसेर पत्रकारिता गर्दै आएका मनोजले एक महिनाअघि स्याङ्जाकी सुष्मा रानामगरसँग प्रेम विवाह गरेका हुन्।

'बेगनास तथा फेवाताल र कास्कीका पर्यटकीय गाउँमा भर्खर मात्र हनिमुन मनाएर फर्किएका मनोजले भने, 'वैवाहिक जीवनलाई अझ प्रगाढ बनाउन हनिमुनले गलको काम गर्छ।' विवाहपछि दम्पती एकान्त ठाउँमा घुमघाम गरेर एक-अर्कोको भावना बुझी दाम्पत्य जीवनलाई चिरस्थायी बनाउनु नै हनिमुनको उद्देश्य भएको उनको भनाइ छ।'

यहाँका आकर्षक तालमा डुङ्गा सयर गर्नुको बेग्लै आनन्दसँगै विभिन्न दृश्यावलोकनका लागि प्रशस्त ठाउँ भएकाले पनि देश-विदेशका हनिमुन जोडीहरूको पहिलो गन्तव्य बनेको हो। विशेष गरी हनिमुन जोडीलाई फेवाताल, बेगनास ताल, पाताले छाँगो, शान्तिस्तूपा, सराङकोट महेन्द्रगुफा, गुप्तेस्वर गुफा आदि स्थानले आकर्षित गर्छ।

त्यस्तै आसपासका धम्पुस, घान्द्रुक, सिक्लेस आदि पर्यटकीय गाउँमा समेत हनिमुन जोडी पुग्ने गरेका छन्। 'संसारभरका मानिस आउने ठाउँमा हामी नआउने त कुरै भएन, भर्खर वैवाहिक जीवनमा बाँधिएर हनिमुन मनाउन काठमाडौंबाट पोखरा आएका एक जोडीले भने, 'यस्तो ठाउँमा हनिमुन मनाउँदाको आनन्द नै बेग्लै छ।' उनीहरू हनिमुनलाई पतिपत्नीको सम्बन्ध बलियो बनाउने माध्यम मान्छन्।

**यहाँका आकर्षक तालमा डुंगा सयर गर्नुको बेग्लै आनन्दसँगै विभिन्न दृश्यावलोकनका लागि प्रशस्त ठाउँ भएकाले पनि देश-विदेशका हनिमुन जोडीहरूको पहिलो गन्तव्य बनेको हो। विशेष गरी हनिमुन जोडीलाई फेवाताल, बेगनास ताल, पाताले छाँगो, शान्तिस्तूपा, सराङकोट महेन्द्रगुफा, गुप्तेस्वर गुफा आदि स्थानले आकर्षित गर्छ।**

आफ्नो वैवाहिक जीवनलाई अटुट राख्न हनिमुनमा रमाउनेहरूको योजना यहीं सहर बन्न थालेपछि पर्यटन व्यवसायीहरू पनि पोखरालाई हनिमुनको सहर बनाउन कस्सिएका छन्। त्यसो त धेरैले पोखरालाई हनिमुन सहर भनेर पनि चिन्ने गरेका छन्।

कतिपयले हनिमुनलाई फोस्रो आडम्बर र देखाउने तडभडकका रूपमा लिँदै पनि आएका छन्। हनिमुन मनाएर मात्र दाम्पत्य जीवन सुखमय हुन्छ भन्ने छैन, शिवालय चोकको विष्णु भट्टराईले भनिन्, खै हामी हनिमुन नगए पनि हाम्रो दाम्पत्य जीवन राम्रो छ।' उनले हनिमुनलाई आधुनिकताको ढवाङ र फजुल खर्चको संज्ञा दिइन्। उनले यसो भने पनि आधुनिक पुस्ता भने विवाहपछि हनिमुन नगए जीवन सार्थक नहुने धारणा राख्छ। केही वर्षअघिसम्म हनिमुनका बारेमा धेरै विवाहित जोडी अनभिज्ञ थिए। अहिले भने विवाहपछि हनिमुन जानुपर्छ भन्ने धारणा विकसित भएको छ। हनिमुनलाई गलत अर्थमा लिन नमिल्ने नवविवाहित जोडीहरू बताउँछन्। हनिमुनका लागि बुटवलबाट आएका एक जोडीले हनिमुनले दाम्पत्य जीवनलाई प्रगाढ र आत्मीयता बढाउन मद्दत गर्ने बताए। 'यो कुनै देखावटी आडम्बर होइन, फेवातालको डुङ्गामा काँधमा काँध मिलाएर बसेका ती जोडीले भने, 'विवाहपछिको हनिमुनले वैवाहिक जीवनमा उमंग ल्याउँछ।'

मंसिर, माघ, वैशाख, असार एवं विवाहको मौसममा यहाँका ताल तथा रमणीय स्थलमा नवजोडीहरू रोमान्टिक पारामा मायाप्रेम साटासाट गरिरहेका देखिन्छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रका लागि पोखरा उत्कृष्ट गन्तव्य हो, पर्यटन व्यवसायी विप्लव पौडेलले भने, 'हनिमुनका लागि त पोखरा स्वर्ग नै हो।' उनले विवाहको सिजनमा देश-विदेशबाट हनिमुन मनाउन आउने जोडीले होटलका कोठाहरू भरिभराउ हुने बताए।

सन् १९९९ अघि पोखरामा भारतबाट हनिमुन मनाउन आउने जोडी प्रशस्त हुने स्थानीय होटल व्यवसायीहरू बताउँछन्। अहिले तेस्रो मुलुकबाट पनि हनिमुनका लागि पोखरा आउने गरेका छन्। त्यसो त खर्चको हिसाबले समेत हनिमुनका लागि पोखरा उपयुक्त मानिँदै आएको छ। होटलहरूले हनिमुन जोडीहरूका लागी विशेष हनिमुन प्याकेजसमेत दिने गरेका छन्। हनिमुनका लागि पोखरा स्वर्ग नै हो, विप्लव पौडेलले भने, 'एकै ठाउँमा बसेर सबै ठाउँ देखिने र सुरक्षित पनि भएकाले हनिमुन जोडीका लागी पोखरा रोजाइमा पर्छ।' उनका अनुसार हनिमुन जोडीहरूले सामान्यतः ६ हजारदेखि १ लाखसम्म खर्च गर्ने गरेका छन्। पौडेलले भने, 'हनिमुन संस्कृतिले पोखराको पर्यटनमा सघाउ पुऱ्याएको छ। हनिमुन हबका रूपमा पोखराको विकास गर्न स्थानीय पर्यटन व्यवसायीहरू लागिपरेका छन्।

# नेपालले खेलकुदमा किन सधैँ हार्छ ?

वर्षभरि अभ्याससमेत नगर्ने र प्रतियोगिता नजिक आएपछि दिनरात अभ्यास गर्ने परम्पराका लागि खेलाडी र सरकार दुवै जिम्मेवार छन् ।

**अचुत पौडेल, भरतपुर**

सायद नेपालको खेलकुदलाई राम्रो सपोर्ट नभएर होला ।

**महेशप्रसाद अवस्थी** (१९), **महेन्द्रनगर**

सम्पादकज्यू, ढाका जानुभएन ? त्यहाँ गए त थाहा भैहाल्थ्यो नि ।

saalen_aryal@yahoo.com

बंगलादेशको ढाकामा देख्नु भएन झन्डै मुक्का हानाहान भएको ।

**टीकाराम अर्याल, गल्कोट**

पूर्वाग्रही, आपसी मनमुटाव वा खिचातानी, उत्तरदायित्वको कमी अनि चाप्लुसी !

**सचिन श्रेष्ठ** (२३), **बाग्लुङ**

सम्पादक दादा, कुनचाहिँ राम्रो काममा कहिले जितेको रेकर्ड छ नेपालले ? सबै राम्रो, उन्नति, प्रगति, देशको नाम राख्ने काममा पनि हामी अगाडि बढ्यौं भने बन्द, हड्ताल, चक्काजाम, कुर्सीको खेल कसले खेल्ने ?

**श्याम कार्की**

किन नहारोस् त ? खेल जित्नलाई त खेलाडीले खेल्नुपर्छ। सोर्स लगाएर देशको प्रतिनिधित्व गर्नेहरूबाट पदकको आशा गर्न सकिन्छ र ?

**सुबोध लामा, गोलबजार**

रङ्गशाला कहिल्यै खाली छैन, तर खै के खै के ?

**विनोद खतिवडा**

राजनैतिक खिचातानी, स्पष्ट खेल नीतिको अभाव, भ्रष्टाचार आदिका कारणले हो कि....?

**उपेन्द्र, कुपण्डोल**

अवसरको कमी र सरकारले खेलप्रति चासो नदेखाउनु अनि खेलाडीहरूलाई मान-सम्मान नगरिनु यसको मुख्य कारण हो ।

**चन्द्र तामाङ**

कसले भन्योखेलकुदमा हार्छ भनेर ? कुर्सीको खेलमा हाम्रा नेताहरूले त सधैं जितिरहेका छन् ।

**विनोद राई**

खेलकुदमा राज्यको लगानी हुनुपर्‍यो नि, राजनीति गर्नेहरूलाई भ्रष्टाचार गर्दै ठिक्क छ ।

**नोदनाथ**

समयमा संविधान लेख्न नसकेर हाम्रा नेताहरू त हारे भने, खेल भन्या त ? राम्रोसँग प्रयास गर्ने समय पनि मिल्दैन ।

**नवीन नवोदित**

राजनैतिक अस्थिरता, जुन समाधान हुन नसक्ने अवस्थामा छ । जबसम्म स्थिर सरकारले खेलकुद र खेलाडीका लागि नियम र उचित बजेट ल्याउँदैन, तबसम्म खेलकुदको विकास हुँदैन ।

**रुद्रप्रसाद दाहाल** (२३), **दोलखा**

राम्रो प्रशिक्षण नपाएर तथा खेलकुदमा हुने राजनीतिले गर्दा खेलाडीहरूको मनोबल घटेर ।

**प्रमोद आले**

देशको राजनीतिक अवस्था, अनुभवको कमी, आर्थिक संकट, अभ्यासको कमी, कमजोर आत्मविश्वासजस्ता कारणले गर्दा ।

**राकेश श्रेष्ठ**

ब्राजिल, अर्जेन्टिना, जर्मनीजस्ता विश्व च्याम्पियनहरू त हार्छन् भने नेपालको त के कुरा ? यद्यपि यसको कारण सरकारको बेवास्ता पनि होला ।

**मीनबहादुर परियार, कोटेश्वर**

देश चलाउने नेताहरू त प्रधानमन्त्रीको चुनावमा ..... अझ बढी लेख्नुपर्छ र सम्पादक ज्यू ?

**बहादुर रानामगर**

राम्रो खेल्न सक्ने खेलाडी छनौट नगरेर प्रतियोगिता स्थल मै मुक्का-मुक्की गर्ने पदाधिकारीहरू लगेपछि नेपालले खेलकुदमा नहारेर के गर्छ त ?

**सुवास अर्धविराम**

यो प्रश्न सरकारसँग सोध्ने हो कि ?

**भट्टराई 'प्रेमी'**

नीति नियममा बसेकाहरूको राजनीतिक विवाद खिचडी संयन्त्र एवं खेलाडीहरूमा अवसर र तालिमको कमी, प्रोत्साहन नहुनु, जीवन सुरक्षाप्रतिको चिन्ता, आर्थिक अभाव अनि अनुशासनहीनता ।

**शालिग्राम खतिवडा**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैँ आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. अश्लील भिडियोको बढ्दो चलनका सम्बन्धमा के भन्नुहुन्छ ?
२. तपाईं एक्लै हुँदा के सोच्नुहुन्छ ?
३. राजनीति राम्रो कि समाजसेवा ? किन ?
४. तपाईंले पछिल्लो पटक कहिले झूटो बोल्नुभयो ?
५. साप्ताहिकको ब्लो-अप तपाईंलाई कस्तो लाग्छ ? किन ?
६. के तपाईंलाई नेपालमा राजतन्त्र फर्किन्छ जस्तो लाग्छ ?
७. नेपालबाट रूढिवाद र अन्धपरम्पराको अन्त्य किन नभएको होला ?
८. मानिस मरेपछि कहाँ जान्छ (पुग्छ) ?
९. नेपालीहरू विदेश जान किन मरिहत्ते गर्छन् ?
१०. पेट भर्ने समस्या नभएको भए के हुन्थ्यो ?

## ● यौन जिज्ञासा र समाधान ●




डा. राजेन्द्र भद्रा

**प्रश्न : म २४ वर्षको भएँ । मेरा दुइवटा समस्या छन् । पहिलो समस्या मेरो लिंग मेरा साथीहरूको भन्दा सानो छ । यसको लम्बाइ ५ इन्च तथा चौडाइ ४ इन्च छ । त्यस कारण मैले आफ्नो लिंगको साइज बढाउनुपर्ने भएको छ । दोस्रो समस्या, म मानसिक रुपमा तयार भए पनि शारीरिक रूपमा यौनसम्पर्कका लागि तयार हुनसक्दिन । यौनसम्पर्कभन्दा पहिले नै मेरो लिंग शिथिल हुन्छ, तर यो समस्या हरेक पटक भने हुँदैन । कुनै-कुनै बेला मात्र यस्तो समस्या हुन्छ । हस्तमैथुनका बेला यो राम्रैसँग उत्तेजित हुन्छ र सामान्य रूपमै कार्य गर्छ । कुनै बेला यौनसम्पर्कका बेलामा वीर्य स्खलन हुनुभन्दा पहिले नै शिथिल हुन्छ । मैले पत्रपत्रिकामा आएका विज्ञापनअनुसार सल्लाह पनि लिए । उनीहरूले मलाई चक्की तथा स्प्रे दिए, जुन एकदमै महँगा थिए तर त्यसको कुनै फाइदा भएन ।**

**-र.**

**उत्तर: के लिंग साथीको जत्रै हुनपर्छ ?**

लिङ्ग एक विशेष अंग हो र यसको सांकेतिक महत्त्व बढी छ । यसलाई पुरुषको 'व्यक्तित्व' वा भनौं उसको 'पौरुषत्व' सँगै जोडिएको मानिन्छ, त्यसैले आफ्नो लिंगप्रति निकै चासो र चिन्ता हुन्छ । कतिपय व्यक्तिले लिंगको लम्बाइ वा मोटाइ सामान्य भए पनि सानो भयो कि भनेर पीर (चिन्ता) गर्छन् र यस्तो स्थितिलाई अंग्रेजीमा Small Penis Syndrome भनिन्छ । सालाखालाको कुरा गर्दा यस्तो ८८ प्रतिशत पुरुषको लिंग उत्तेजित हुँदा ५-७ इन्च लम्बाइको हुने देखिएको छ भने उत्तेजित नहुँदा ३-५ इन्चको हुने देखिएको छ थोरै व्यक्तिको लिंग त्यसभन्दा पनि सानो हुन्छ । तपाईंले आफ्नो नाप ठीकसँगै लिनुभयो होला भन्ने विश्वास गर्छु ।



सामान्यभन्दा सानो भए पनि तपाईंले यौनसम्पर्क तथा हस्तमैथुन सजिलैसँग गर्नुभएको देखिएको छ । महिलाको यौनसुखको केन्द्र भगांकुर हो र यो बाहिरतिरै हुन्छ । फेरि योनिको बाहिरतिरको एकतिहाइ भाग नै विशेष रूपमा यौन संवेदनशील हुन्छ र साधारणतया छोटो भनिने लिंग पनि आफ्नो यौनसाथीलाई यौनसुख दिन पुग्ने नै हुन्छन् । हामी सबैको शरीर, अंग प्रत्यंग एकनासका हुँदैनन् । उदाहरणका लागि उचाइ केही अग्लो वा होचो हुँदैमा जीवनमा आइपर्ने कार्य गर्नै नसक्ने होइन । यो कुरा लिंगमा पनि लागू हुन्छ । तपाईंको कतिपय अंग साथीका भन्दा निकै फरक होलान् तर लिंग भने उत्रै किन चाहियो ? त्यसैले यसलाई साथीसँग दाँज्नु तर्कसंगत छैन ।

**लिंग बढाउने उपाय तथा त्यसका विज्ञापन ?**

संसारभरि प्रयोग गरिने लिंग बढाउने उपायहरूलाई मोटामोटी रूपमा चार प्रकारमा विभाजित गर्न सकिन्छ : १. कसरत तथा हातैले तन्काउने विधि २. तौल वा यन्त्रको सहायताले तन्काउने विधि ३. पम्प प्रयोग गर्ने विधि ४. शल्यक्रिया । यौनसुखका लागि लिंगको नाप बढाउनतिर लाग्नुभन्दा पहिले पर्याप्त विचार पुर्‍याउनुपर्छ । लिंग बढाउने कुरा गर्दा विज्ञापन वा साथीको दबाबमा लाग्नुपर्छ भन्ने छैन । यस्ता विज्ञापनले लिंगको नाप सामान्यभन्दा कम भयो भने त यौनजीवन नै समाप्त भयो कि जस्तो भान पार्ने सूचना दिन्छन् । लामो लिंग हुँदैमा सबै यौनसुख स्वत: र सहज रूपमा पाइन्छ जस्तो कुरा गर्छन् । फेरि सजिलै यी अंगका नापमा परिवर्तन गर्न सकिने कुरा पनि त्यसमा हुन्छ । वास्तवमा यथार्थ केही फरक छ ।

**लिंग उत्तेजना नहुने कारण ?**

चाहिएको बेलामा चाहेजस्तो लिंग उत्तेजित नभै यौनसम्पर्क राख्न नसकेको अनुभव धेरैजसो पुरुषले जीवनको कुनै न कुनै बेला गरेका हुन्छन् । लिंग उत्तेजित नहुनु वा उत्तेजित अवस्थामा आइसकेको लिङ्गलाई सो स्थितिमा राख्न नसक्ने समस्यालाई अंग्रेजीमा impotence वा erectile dysfunction भनिन्छ । राम्रोसँग लिंग उत्तेजित नहुने कारण शारीरिक तथा मानसिक दुवै हुन सक्छन् । लिङ्गको उत्थित हुन सक्ने तन्तुमा रक्तप्रवाहलाई नकारात्मक रुपमा प्रभाव पर्ने कुनै पनि स्थिति लिंग उत्तेजना नहुने सम्भावित कारण बन्न सक्छ । मानिस यन्त्र नभएकाले उसका कार्य एकनासका हुँदैनन् । लिंगको दह्रोपनका लागि मानसिक पक्ष एकदमै महत्वपूर्ण हुन्छ । जीवनमा सबैजसो पुरुषले कुनै न कुनै बेला लिंग उत्तेजना हुन अप्ठ्यारो भएको वा कडापन कम भएको महसुस गरेका हुन्छन् ।

हुनत लिंग उत्तेजित हुन नसक्ने थुप्रै कारण हुन सक्छन् । हस्तमैथुन गर्दा लिंग राम्रैसँग उत्तेजित भएको कुराले तपाईंको शारीरिक पक्ष सामान्य नै भएको देखिन्छ । तनावपूर्ण वा डर भएको स्थितीमा भने लिंग उत्तेजित नै नहुन वा भएको उत्तेजना पनि हराउन सक्छ । नलेख्नु भए पनि, कडा सामाजिक बन्देज भएको हुनाले अविवाहित यौनसम्बन्ध राख्दा वा प्रयास गर्दा एक किसिमको तनाव त हुन्छ नै । समाजवाट लुक्नुपर्ने मात्र होइन, मनमा पनि द्वन्द्वात्मक स्थिति उत्पन्न हुन सक्छ । त्यसमा पनि हतारमा यौनसम्पर्क गर्नुपर्दा वा कसैलाई आफ्नो यौनक्षमता प्रदर्शित गर्नुपर्ने दबाब भए समस्या अझ चर्को हुनसक्छ ।

**यसलाई कम गर्न के गर्नुपर्ला ?**

किशोरावस्था तथा युवा अवस्थामा लिंगको उत्तेजना सजिलै हुन्छ, तर लिङ्गको उत्तेजना चाहेअनुरूप कायम राख्न नसक्दा त्यसका बारेमा निकै चासो तथा चिन्ता हुन्छ । आफ्नो यौन क्षमता प्रदशित गर्नुपर्ने दबाब भएन समस्या अझ बढ्छ । यस्तो स्थितिलाई peformance anxiety भनिन्छ । तपाईंको छोटो पत्रका आधारमा सबै कुरा खुलस्त हुनसकेको छैन । सर्वप्रथम त कारण नै पत्ता लगाउने पर्ने हुन्छ, किनभने त्यसको उपचार वा समाधान त्यसैमा भर पर्छ । कारण थाहा नभै उपचार मिल्यो-मिलेन भन्ने कुरा पनि आएन । तपाईंले सेवन गर्नुभएको औषधी वा स्प्रेको भएका औषधी ( सक्रिय रसायन) के हो भन्ने थाहा नभै त्यसका बारेमा केही भन्न सकिने स्थिति रहेन ।

मुख्य कुरा तनाव, चिन्ता वा भयलाई कम गर्न सक्नुपर्छ । तपाईंले आत्मविश्वास बढाउनतिर लाग्नुपर्छ । विशेष गरेर आफ्नो यौन साथीको सहयोग लिनु आवश्यक हुन्छ । यौनसाथीसँग लिङ्ग उत्तेजित हुने गरेर यौनसम्पर्करहित क्रियाकलापमा पर्याप्त समय बिताए सहयोग पुग्न सक्छ । दुवैले आफ्नै समस्या हो भन्ने मानेर समाधान गर्ने प्रतिबद्धताका साथ प्रयास गरे समस्या समाधान गर्न सकिन्छ । समस्या कायमरहे चिकित्सकसँग सम्पर्क राख्नुपर्छ ताकि समस्याको सही कारण पत्तालाई त्यसैअनुसार उपचार गर्न सकियोस् ।


**सौन्दर्यका सामान**

- Height बढाउने (Yoko Japanese) - 1050/-
- मोटोपन घटाउने (Sauna Belt)
- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
- डण्डीफोर, चाया पोतो हटाउने (Cream)
- धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
- लिङ्ग बढाउने साथै गुप्ताङ्ग टाईट गर्ने ।

Free Home Delivery / 100% Guaranteed

**Worldwide Shopping Centre**
(शंखमुल मार्ग, तयारी पोशाक सघको अगाडी)
Newbaneshwor, 9808301235
Ph. 2290871, Mob. 9841506134



**के तपाईमा यौन सम्बन्धी समस्या छ ?**

**पुरुषहरुमा देखिने**
शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु

**महिलाहरुमा देखिने**
सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु

**मानसिक**
निराशा, उदासिपन, मानसिक डर, भय, दिमागको बोधोपन

सम्पर्क स्थान : **माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक**
पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

**शाखा कार्यालय**
हेटौडा – ०५७–५२६०४६
बुटवल – ०७१–५४८८९३
इटहरी – ०२५–५८४०८८
सप्तरी फतेपुर – ०३१–५५०११२
पोखरा – ०६१–५३९१०४
भरतपुर – ०५६–५२०९६८
दाङ्ग – ०८२–५६२९८३
सर्लाही – ०४६–५३०४८४
बिर्तामोड – ९८४२७५७६०३
धनगढी – ०९१–५२३१५७
सुर्खेत – ०८३–५२३८९२





मुहार केश तौल उचाई स्तन
सम्वन्धी सम्पुर्ण समस्याको समाधान
प्राकृतिक उपचार पद्धती द्वारा
मिराकल फाउण्डेशन नेपाल
The Health & Beauty Solution
विजुलीबजार, नयाँबानेश्वर, काठमाडौं
(सगरमाथा टेलिभिजन अगाडी) 4780678
9851016824, 9808594757



**ADMISSION OPEN**

**BBS** 1st year (TU)

Excellent Academic with university lecturers. Visit the college soon.

**Gillette College**
Kalimati, Kathmandu
Tel: 4279521/4283036



**अनुहार**
को चाया पोतो डण्डिफोर १००% ग्यारेन्टीका साथ हटाउन, अनुहार गोरो बनाउन, चाउरीपन हटाउन , शरीरको उचाई बढाउन, स्तन बढाउन/घटाउन , अनावश्यक रौँहरु हटाउन, सम्पुर्ण TV Shop का सामानहरुको लागि

**Global TV. Product Shop**
पुतलीसडक, (शंकरदेव क्याम्पस अगाडि)
4168115,4168061, 9851014602

# कमजोर तयारी तर पदकको आशा



● हिमेशरत्न बज्राचार्य

नेपाली खेलकुदलाई नजिकबाट चिन्नेको भनाइ सापटी लिने हो भने यसपल्ट पनि एसियाली खेलकुदको तयारी कमजोर रह्यो। नेपालको तयारीअनुसार पदकको आशा गर्न सकिँदैन। यस्तोमा धेरैको चेतावनी छ, नेपालले राम्रो प्रदर्शन गर्नेछ भनेर आश नगरे पनि हुन्छ। बजेट नआएपछिको समस्याले गर्दा सहभागी हुने टिमको आकार नै तय हुन सकेन।

आर्थिक अभावले वैदेसिक प्रशिक्षण समेत सम्भव भएन, भलै अपवादका रूपमा अन्तिम क्षणमा केही खेल र खेलाडी बाहिर जान पाए। फेरि केही खेलमा एसिया विश्वकै शक्तिका रूपमा छ। एसियाली देशकै वर्चस्व रहेका प्रमुख खेलमा नेपालले पदकको आशा गर्नु अन्याय हुनेछ। एसियाली खेलकुदको इतिहास पल्टाउने हो भने यो प्रतियोगिता जति पुरानो छ, नेपालको सहभागिता पनि उत्तिकै पुरानो छ।

नेपालले सन् १९५१ मा भारतमा भएको पहिलो एसियाली खेलकुदमा पनि सहभागिता जनाएको थियो। दुई संस्करण छोडेर नेपालको सहभागिता नियमित छ। यसबीच नेपालले जितेको पदक संख्या भने हातमा गन्न सकिन्छ। नेपालले अहिलेसम्म एक रजत र २० कांस्य गरेर कुल २१ पदक मात्र जितेको छ। यी पदक पनि तीन खेलमा मात्र सीमित छन्, तेक्वान्दो, कराँते र बक्सिङ।

नेपाललाई अहिलेसम्म सर्वाधिक ठूलो सफलता तेक्वान्दोकी सविना राजभण्डारीले दिलाएकी थिइन्, बैंकक एसियाली खेलकुदमा रजत पदक प्राप्त गरेर। यही खेलबाट १३ कांस्य पनि भित्रिएको छ। बक्सिङबाट पाँच र कराँतेबाट दुई कांस्य। यसपल्ट पनि पदकको सर्वाधिक सम्भावना बोकेका दुई खेल तेक्वान्दो र कराँते नै हुन्। नेपालले पदकका लागि सर्वाधिक ठूलो आशा मनिता शाहीबाट गर्न सक्नेछ।

मनिताले महिला ६२ किलोग्राममुनि समूहमा प्रतिस्पर्धा गर्नेछिन्। उनले ढाका सागमा रजत पदकमै चित्त बुझाएकी थिइन्, तर अहिले उनी उच्च लयमा देखिन्छन्। ग्वान्जाउ जानुअघि उनले कोरियन ओपन र अल इन्डिया ओपन दुई ठूलो प्रतियोगितामा स्वर्ण जितेकी छिन्। उनले पछिल्लो पल्ट दोहा एसियाली खेलकुदमा पनि कास्य पदक जितेकी थिइन्।

'मेरा सामु ठूलो अवसरका रूपमा एसियाली खेलकुद आएको छ, पदकका लागि कडा मेहनत गर्नेछु', मनिता दावी गर्छिन्। त्यसबेला तेक्वान्दोकै आयशा शाक्यले पनि कांस्य जितेकी थिइन्। उनी ढाका सागकी स्वर्ण पदक विजेता समेत हुन्। उनले महिला ५३ किलोग्राममुनिको तौल समूहमा खेल्नेछिन्। पुरुषतर्फ अनुभवी कुमार मानन्धरबाट आशा गर्न सकिनेछ। उनले पनि ढाका सागमा रजत पदक जितेका थिए।

कराँतेतर्फ नेपालले सागमा दुई स्वर्णधारी विनोद शाक्य र गंगा अधिकारीबाट आशा राखेका छन्। तर पछिल्लो समयको प्रदर्शन आधार मान्ने हो भने विनोद महर्जनको सम्भावना धेरै मान्ने गरिन्छ। उनी सानो भुलले सागमा स्वर्णबाट चुकेका थिए। उनी पुरुष ६० किलोग्राम तौल समूहमा खेल्दैछन्। 'यसपल्ट बंगलादेशमा जस्तो भूल गर्दिनँ, पदकका लागि कडा रूपमा प्रस्तुत हुनेछु', विनोद भन्छन्।

ढाकामा राजेन्द्र भण्डारीले अविश्वसनीय समयमा म्याराथनमा स्वर्ण जिते, तर पछि दौडलाई रोड रेसमा झारियो। आयोजकको भूलले दौड ४२ किलोमिटरभन्दा कम थियो। जे होस्, त्यसमा राजेन्द्रको समय गजबको थियो। उनले ग्वान्जाउमा पनि त्यस्तै राम्रो समय निकाले, जुन पदकका लागि राम्रो उम्मेदवारी हुनेछ। यसपल्ट समावेश गरिएको महिला क्रिकेटतर्फ पनि नेपालको सम्भावना छ।

धेरै विश्वास गर्न नसकिए पनि आर्चरी, बक्सिङ र सफ्ट टेनिसबाट पनि पदकको आशा गर्न सकिन्छ। टेबल टेनिस, ब्याडमिन्टन, सुटिङ, उसु, जुडो, कुस्ती, भारोत्तोलनमा एसियाली देशकै अन्तर्राष्ट्रिय शक्ति छन्। यस्तो स्थितिमा यी खेलमा नेपालको सहभागितानै सबैभन्दा ठूलो हुन सक्छ, यी खेलबाट पदकको आशा गर्नु अन्याय जस्तै हुनेछ, तर नेपाल पदकविहीन भने हुनुपर्नेछैन। कम्तीमा पछिल्लो एसियाली खेलकुदको इतिहासले यसै भन्छ।

तस्बिरहरू : सुन्दर श्रेष्ठ



# विवादबीच एसियाली खेलकुद

ठूला अन्तर्राष्ट्रिय प्रतियोगिता अगाडि नेपाली खेलकुद विवादमा अल्झिने नियतिजस्तै बनेको छ, अन्यथा यसपल्टको एसियाली खेलकुद-२०१० अपवाद हुने थियो। नेपाली खेलकुदका लागि ओलम्पिकपछि एसियाली खेलकुद सर्वाधिक ठूलो हो, पदक हात पार्ने सम्भावनाका आधारमा ओलम्पिक भन्दा पनि महत्त्वपूर्ण। यसपल्टको एसियाली खेलकुद पनि एकपछि अर्को शृङ्खलाबद्ध विवादबाट अछुतो रहेन्।

एसियाली खेलकुदको तयारी पनि सुरु भएको थिएन, नेपाली खेलकुदका दुई ठूला प्रमुख संस्था फेरि मुखामुख भए। राष्ट्रिय खेलकुद परिषद् र नेपाल ओलम्पिक कमिटीबीच फेरि पुरानै विवाद देखियो। खेल संघहरूमाथिको अधिकारदेखि लिएर त्यसको गठन र विघटनलाई लिएर दुवैमा प्रशस्त मतान्तर प्रकट भयो। परिषद्को जोड प्रचलित नेपाली ऐन कानुनमा थियो, जसले उसलाई अत्याधिक बलियो बनाएको थियो।

अर्कातर्फ ओलम्पिक कमिटीको अडान ओलम्पिक बडापत्र र त्यसले निर्देश गर्ने तथ्यमा आधारित थियो। नेपाली ऐन-कानुन र ओलम्पिक बडापत्र कहिले पनि एकै ठाउँमा रहने सम्भावना देखिएन्। केही साताअघि भएको ओलम्पिक कंग्रेसका बेला यो विवाद चर्किएको थियो, त्यसको सुरुवातमा दुवै पक्ष केही हदसम्म मिलेको पनि देखिए। त्यसयता अर्को विवाद यसपल्टको एसियाली खेलकुदमा सहभागी हुने नेपाली टिमको नेतृत्वलाई लिएर थियो।

साधारणतया ओलम्पिक र एसियाली खेलकुदमा देशको प्रतिनिधित्व सेफ द मिसनले गर्छ र नेपाली कानुनले स्पष्टतः यसको अधिकार परिषद्का सदस्य सचिवलाई दिएको छ, तर नेपाली ओलम्पिक कमिटीले भने ओलम्पिक वडापत्रसमेत मान्न अस्वीकार गर्नेलाई यस्तो अवसर नदिने जिकिरमा कायम रह्यो। अन्ततः सेफ द मिसन खेलकुद मन्त्री गणेश तिवारी नेपाली हुने भए। सदस्य सचिव हरिबाबु चौधरी यो अवसरबाट वञ्चित भए।

एसियाली खेलकुद सुरु हुन एक साता मात्र बाँकी हुँदा यस्तो सहमति भएको थियो। ओलम्पिक कमिटीले यसको घोषणा गर्न आयोजित पत्रकार सम्मेलनमा परिषद्का कोही पनि उपस्थित थिएनन्। सायद परिषद्मा सेफ द मिसनलाई लिएर अझै असन्तुष्टि थियो। यी सबै विवादबीच त्योभन्दा पनि ठूलो र चर्को विवादका रूपमा अर्को विवाद अगाडि आयो- अदालती निर्णयका रूपमा रुक्मशमशेर राणा अध्यक्ष रहेको कमिटी पुनर्जीवित हुनु।

चार वर्षअघि राणाकै मुख्य आथित्यमा ओलम्पिक कमिटीको निर्वाचन भएको थियो र त्यसबाट तत्कालीन महासचिव ध्रुवबहादुर प्रधान अध्यक्ष भए। त्यसलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी तथा एसियाली ओलम्पिक कमिटी दुवैको समर्थन थियो, तर राणा पक्ष अदालतमा गयो र त्यसको निर्णय उनीहरूकै पक्षमा आयो। उनीहरूले तत्कालीन निर्वाचनलाई अवैधानिक भएको दाबी प्रस्तुत गरेका थिए।

यो विवाद चर्किएको भए एसियाली खेलकुदमा नेपालको सहभागितासमेत शंकामा पर्ने थियो। वर्तमान ओलम्पिक कमिटीका केही बैंक खातासमेत रोक्का भए। वर्तमान कमिटीले चलाई रहेको कार्यालय भवन समेत कब्जा हुने डर उत्पन्न भएको थियो। धन्न त्यस्तो केही भएन र कम्तीमा एसियाली सहभागितामाथि नै प्रश्न खडा भएन, तर विवादको यो शृङ्खला रोकिने कुनै छाँट भने देखिँदैन।





## २० खेल १ सय ४२ खेलाडी

एसियायाली खेलकुदलाई लिएर नेपालको तयारी कति धेरै अव्यवस्थित थियो भन्ने सर्वाधिक राम्रो उदाहरण सम्भवतः यसमा सहभागी खेल र खेलाडी संख्यामा रहेको अन्यौल हुन सक्छ। एसियाली खेलकुद सुरु हुनु एक साताभन्दा केही दिन अघि राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव हरिबाबु चौधरी मिडियासामु आए र घोषणा गरे, हाम्रो तयारी पूरा भएको छ।

तर त्यस अवसरमा पनि उनले भन्न सकेनन्, नेपालले कति खेलमा भाग लिंदैछ र कति खेलाडी ग्वान्जाउ जाँदैछन्? बरु उनी आफ्नो जिकिर प्रस्तुत गर्दै थिए, परिषद्को स्वीकृतिबिना खेल्ने संघ र खेलाडीलाई कारबाही हुनेछ। त्यस्ता खेलाडीलाई लिएर देशको कुनै जिम्मेवारी समेत हुनेछैन, सायद पदक जिते, त्यो पनि देशको हुनेछैन। एसियाली खेलकुद सुरु हुन एक साताभन्दा कम समयमा पहिलो पल्ट ओलम्पिक कमिटीले तथ्यांक बाहिर ल्यायो।

नेपाल ओलम्पिक कमिटीका महासचिव जीवनराम श्रेष्ठले आयोजना गरेको पत्रकार सम्मेलनमा ग्वान्जाउमा हुने १६ औं एसियाली खेलकुदमा नेपालका १ सय ४२ खेलाडीले २० खेलमा आफ्नो चुनौती पेस गर्ने दाबी गरियो। त्यसमा परिषद्ले दाबी गरेका केही खेल थिएनन् भने कारबाही गर्ने चेतावनी दिइएका खेल समावेश थिए। सदस्य-सचिवको कारवाही दाबीलाई ओलम्पिक कमिटीमा अध्यक्ष ध्रुवबहादुर प्रधानले गैरजिम्मेवारीको नाम दिएर उडाए।

ओलम्पिक कमिटीको सूची मान्ने हो भने खेलाडी, प्रशिक्षक एवं व्यवस्थापकसमेत गरेर कुल १ सय ९२ ले नेपालको प्रतिनिधित्व गर्नेछन्। सबै खेलले सरकारी अनुदान पाएको छैन्, बरु आठ खेलले आफ्नै खर्चमा एसियाली खेलकुदमा सहभागिता जनाउँदै छन्। कुन खेलले सरकारी अनुदान पाएको छ र कुन खेलले पाएको छैन्, त्यो पनि अन्यौलमै छ। अझ केही खेलका सीमित खेलाडीले सरकारी सहयोग पाएका छन्।


केही आफ्नै खर्चमा खेल्दैछन्। नेपाल सहभागी हुने २० खेल : तेक्वान्दो, टेबलटेनिस, आर्चरी, सुटिङ, ब्याडमिन्टन, क्रिकेट, बक्सिङ, एथलेटिक्स, सफ्ट टेनिस, कराँते, उसु, जुडो, कुस्ती, भारोत्तोलन, कपर्दी, जिम्न्यास्टिक, चेस, लन टेनिस, साइक्लिङ तथा गल्फ हुन्।

# चीनलाई समृद्धि देखाउने अवसर





चिनियाँ व्यापारिक सहर ग्वान्जाउले १६ औं एसियाली खेलकुदको आयोजना गर्दैछ र यो चीनका लाशि आफूले गरेको विकास तथा तयार पारेका भव्य पूर्वाधार



अत्यधिक आर्थिक वृद्धिदर हात पार्ने दुई ठूला देश चीन र भारत संयोगले हाम्रा दुई छिमेकी हुन् । अर्को संयोग के पनि भने दुवै देशले कम समयको अन्तरमा दुई ठूला अन्तर्राष्ट्रिय खेलकुद महोत्सव आयोजना गर्ने अवसर पाए । भारतले हालै कमनवेल्थ खेलकुद आयोजना गरिसकेको छ भने चीनले एसियाली खेलकुद आयोजना गर्दैछ । आर्थिक समृद्धि देखाउने एउटा आधार ठूला खेलकुद प्रतियोगिताको आयोजनालाई पनि मानिन्छ ।

कमनवेल्थ खेलकुद विवादको भुमरीमा फस्यो । खेल सुरु हुन तीन दिन मात्र बाँकी हुँदा खेलाडी बस्ने कमनवेल्थ भिलेज तयार भएको थिएन्, त्यसै बेला चीनले भने एसियाली खेलकुदका लागि तयार एसियाली भिलेज आयोजकलाई हस्तान्तरण गरिसकेको थियो । त्यो एसियाली भिलेज मात्र थिएन, आयोजकको दाबी मान्ने हो भने त्यो एसियाली सिटी थियो ।

यस्तोमा भारतीय मिडिया चीनको उदाहरण दिएर आफ्ना आयोजकको खिल्ली उडाउन पछाडि परेन । जे होस्, आजदेखि बाँकी विश्वलाई देखाउने अवसरका रूपमा अगाडि आएको छ । उनीहरूले दाबी पनि गरिरहेका छन्, यसपल्टको एसियाली खेलकुद साँच्चै भव्य हुनेछ ।

यो भव्यता उनीहरूले दुई वर्षअघि मात्र आयोजना गरेको बेजिङ ओलम्पिकभन्दा पनि भव्य हुने दाबीसमेत गरिएको छ । आजदेखि मंसिर ११ सम्म हुने प्रतियोगिताका लागि चाहिने सबै तयारी पूरा भैसकेको दावी समेत आयोजकको छ । चीनले बाँकी विश्वसामु आफूलाई तीन दशकअघि खुला गर्दा पहिलो विदेशी लगानी ग्वान्जाउमै भएको थियो । त्यसैले पनि चीनका लागि यसपल्टको एसियाली खेलकुदको अलग महत्त्व छ ।

'हामी विश्वलाई आश्चर्यमा पार्न चाहन्छौं, यसपल्टको एसियाली खेलकुदको भव्य आयोजना गरेर', आयोजना कमिटीको प्रचार प्रमुख झिन झिक्विनको दावी छ । त्यो आश्चर्य के हो भने उद्घाटन समारोहमा के हुने त्यसको पूरा विवरण अहिलेसम्म पनि बाहिर ल्याएको छैन् । यो उद्घाटन समारोह मुख्य रंगशालामा नभएर बाहिर पर्ल नदीको किनारामा स्थित रगशालामा हुँदैछ ।

पर्ल नदीले ग्वान्जाउ सहरलाई दुई भागमा विभाजन गर्छ । उद्घाटन समारोह हुने रंगशाला ६ सय मिटरको क्यान्टन टावरको काखमा छ । दुबईको नवनिर्वित टावर अगाडि यो नै विश्वको सर्वाधिक अग्लो थियो । पर्ल नदीको वरिपरि नै चिनियाँ सभ्यता विकास भएको मानिन्छ । यसबाहेक सबै खेल आयोजना स्थल पनि पूर्णतः तयार छन् । यसका लागि १५ अर्ब डलर खर्च गरिएको छ ।

यसमा खेलकुदका लागि तयार भौतिक पूर्वाधारबाहेक बाटो तथा रेल सुरुङको निर्माणसमेत पर्छ । यसपल्टको एसियाली खेलकुदमा ४२ खेल समावेश गरिएको छ र त्यसमा ४ सय ७६ स्पर्धा समावेश छन् । एसियाली खेलकुदको इतिहासमा यो खेल संख्यामा सर्वाधिक हो । यसपल्टदेखि क्रिकेटले समेत प्रतियोगितामा प्रवेश पाएको छ । बक्सिङजस्ता खेलमा पहिलो पटक महिला पनि देखिनेछन् ।

**हिमेश**

## ५ प्रश्न



आज कातिक २६ देखि मंसिर ११ गतेसम्म चीनको ग्वान्जाउमा हुने १६ औं एसियाली खेलकुदको भारोत्तोलनमा प्रतिस्पर्धा गर्ने एक्लो नेपाली हुन्- कमलबहादुर अधिकारी। उनी ६९ किलोग्राम तौल समूहमा सहभागी हुनेछन्। चार वर्षअघि कोलम्बोमा भएको दसौं दक्षिण एसियाली खेलकुद (साग) मा स्वर्ण जिते पनि ढाकामा भएको ११ औं सागमा पदकविहीन भएका थिए। नेपाली सेनासँग आबद्ध ३३ वर्षीय कमलको नाममा दुई राष्ट्रिय कीर्तिमान छन्। उनले ११ औं सागमा स्न्याचतर्फ १ सय १७ किलोग्राम र बेइजिङ ओलम्पिक-२००८ मा १ सय ५४ किलोग्राम उठाएर नयाँ राष्ट्रिय कीर्तिमान बनाएका थिए। सन् २००६ को दोहा एसियाडमा पनि सहभागी अधिकारीसँग चीनतर्फ जानुअघि गरिएको छोटो वार्ता :

**एसियाडमा कस्तो प्रदर्शन गर्ने योजना छ ?**

विश्वका उच्चस्तरीय खेलाडीहरू सहभागि हुने भएकाले एसियाडमा पदक जित्ने आशा गर्न सकिँदैन । त्यसैले मैले प्रदर्शनमा सुधार गर्ने लक्ष्य बनाएको छु । एसियाडको अनुभवले भष्यिमा हुने प्रतियोगितामा राम्रो गर्न सघाउनेछ ।

**११ औं सागमा तीन जनाको प्रतिस्पर्धामा पनि पदक हात लागेन नि ?**

क्लिन एन्ड जर्कमा धेरै भार उचाल्ने लगातारको प्रयास असफल भएपछि निश्चित भएको कांस्य पनि गुमेको थियो । ग्वान्जाउमा यस्तो गल्ती दोहोऱ्याउनेछैन । राम्रो प्रदर्शन गर्दै ढाका सागको दुखद यात्रा बिर्साउन चाहन्छु ।

**एसियाडको तयारी कहिले सुरु गर्नुभयो ?**

तीन महिनाअघि । त्यसअघि पनि हल्का रूपमा नियमित अभ्यास गरिरहेको थिए । टाइफाइडले सताएकाले प्रशिक्षणमा सोचेजस्तो प्रगति गर्न सकिनँ ।

**अभ्यासमा कति भार उठाउँदै हुनुहुन्छ ?**

छनोटमा गरेको प्रदर्शन प्रशिक्षणमा निकै सुधार गरेको छु । स्न्याचतर्फ १ सय १२ केजी र क्लिन एन्ड जर्कमा १ सय ५२ केजीसम्म भार उठाएको छु । मेरो प्रगतिबाट प्रशिक्षक तिलक रावत पनि खुसी हुनुहुन्छ ।

**राष्ट्रिय कीर्तिमानतर्फ ध्यान दिनुभएको छैन ?**

मैले सक्नेसम्म भार उचालेर राष्ट्रिय कीर्तिमान तोड्ने प्रयास गर्नेछु । अहिले लगभग पुरै फिट भैसकेँ । चीनमा हुने दुई साता लामो प्रशिक्षणले मेरो आत्मविश्वास र क्षमता वृद्धि गर्ने आशा छ ।



तस्बिर : सुन्दर श्रेष्ठ

# एसियाड : कराँतेमा नेपालको सम्भावना

● **राजु घिसिङ**

काठमाडौं- एसियाली खेलकुद (एसियाड) को इतिहासमा नेपालले पदक जितेका खेल हुन्, बक्सिङ, तेक्वान्दो र कराँते । विगतको तुलनामा अहिले बक्सिङमा नेपाल धेरै पछाडि परिसकेको छ । त्यसैले एसियाडमा नेपालको पदक मार्शल आर्ट्समै निर्भर हुनेछ ।

अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाललाई पदक दिलाउने खेलमा मार्सल आर्ट अग्रपंक्तिमा छ । मार्सल आर्ट्समध्ये पनि कराँतेबाट सबैले अन्तर्राष्ट्रिय प्रतियोगितामा पदकको आशा गरिरहेका हुन्छन् । कराँतेले यस्तो आशालाई निराशामा कमै बदलेको छ । बंगदलादेशमा भएको ११ औं दक्षिण एसियाली खेलकुद (साग) मा नेपालले कराँतेबाट नै सर्वाधिक सफलता चुमेको थियो ।

ढाका सागमा कराँतेले ३ स्वर्ण, २ रजत र २ कांस्य जितेको थियो । एकपल्ट पुनः कराँतेमाथि अर्को जिम्मेवारी आइपरेको छ । चीनको गोन्जाउमा १६ औं एसियाली खेलुकद (एसियाड) सुरु हुन दुई साता मात्र बाँकी रहेका बेला खेलकुदको कुम्भमेलामा प्रतिस्पर्धा गर्ने आठ कराँते खेलाडी अहिले अभ्यासमा व्यस्त छन् । ११ औं सागका स्वर्ण पदक विजेता विनोद शाक्य यसपल्ट कराँतेमा पदकको खडेरी पर्न नदिने बताउँछन् ।

नेपालका १२ औं एसियाडमा सीता राई तथा १३ औं समरबहादुर गोलेले पदक ल्याए पनि १४ औं र १५ औं एसियाडमा नेपाल पदकविहीन हुनुपरेको स्मरण गर्दै विनोदले भने, 'दुई एसियाडमा खाली हात फर्कनु पऱ्यो । १५ औं एसियाडमा म पहिलो खेलमा नै पराजित भएँ । यसपल्ट पदक ल्याएर खडेरी टार्नेछु ।' सागकी अर्की स्वधामा गंगा अधिकारीले चीनबाट पदक लिएर फर्कने विश्वास व्यक्त गरिन् । एक महिना बिरामी भएकी गंगा अहिले पूर्ण रूपमा ठीक भएकी छिन् ।

'राज्यले ममाथि लगानी गरेको छ, प्रशिक्षक दिएको छ । देशका लागि मैले पदक ल्याउनुपर्छ,' गंगाले भनिन् । सानो गल्तीले सागमा स्वर्ण ल्याउन चुकेका विनोद महर्जन एसियाडमा गल्ती नगर्ने बताउँछन् । 'सानो गल्तीले रजतमा चित्त बुझाउनुपऱ्यो,' विनोदले भने, 'एसियाडमा त्यो गल्ती दोहोऱ्याउदिनँ ।' अर्का स्वर्ण विजेता सुनिल लामालाई हराउँदै छनोट भएका रवीन्द्र दाहाल एसियाडको पहिलो यात्रामा पदक जितेर सम्झनायोग्य बनाउने सोचमा छन् ।

कराँतेको इतिहासमै पहिलोपल्ट एसियाड खेल्न जान लागेका दम्पती कुशल श्रेष्ठ तथा तारा गुरुङ श्रेष्ठ पनि तयारीमा व्यस्त छन् । अनुभवी कुशलले यस पल्टको एसियाडमा राम्रो खेल्ने बताए । उनले कातामा पनि प्रतिस्पर्धा गर्दै छन् । 'बिहान-बेलुकी समय मिलाएर काता र कुमुते दुवैको अभ्यास गरिहेको छु,' कुशलले भने । पछिल्लो सागमा कल्पना बस्नेतको तौल समूह आयोजकले काटेका कारण सहभागी जनाउन पाइनन् ।

'सागका लागि प्रशिक्षण गरे पनि खेल्न पाइएन । एसियाडमा राम्रो गर्छु,' कल्पनाले भनिन् । ११ औं सागकी रजत पदक विजेता अनु अधिकारीलाई हराउँदै छनोट भएकी रोजी नगरकोटीले गोन्जाउमा काता र कुमुते दुवैमा राम्रो गर्ने बताइन् । राजेन्द्र कपाली, दीपक श्रेष्ठ र नावमी कुन्डो (जाइका स्वयं सेवक) गरी तीन प्रशिक्षकले कराँते खेलाडीलाई बिहान ८ देखि १० र बेलुकी ४ देखि ६ बजेसम्म प्रशिक्षण दिइरहेका छन् ।

आठै खेलाडी प्रशिक्षणदेखि सन्तुष्ट छन्, यद्यपि बदलिँदो नियमले समस्या पर्न सक्ने विनोद महर्जनले बताए । प्रशिक्षक राजेन्द्र र दीपक दुई विनोदले नै पदक ल्याउन सक्ने आशामा छन् । सबैले अभ्यासमा मेहनत गरेकाले एसियाडमा राम्रो गर्ने आशामा छन्, प्रशिक्षक दीपक । नेपालले कराँतेका 'पावर हाउस' मानिने जापान, इरान, मलेसिया, थाइल्यान्ड, कोरिया, कुबेत तथा रूसबाट टुक्रिएका कीर्तिस्तान, ताजस्तिानजस्ता राष्ट्रको चुनौती समाप्त पार्नुपर्ने हुन्छ ।

प्रशिक्षक दीपक जापानका खेलाडी अगाडि पर्नेबित्तिकै नेपाली खेलाडीले ५० प्रतिशत कमजोर भैसक्ने बताए । छनोटमा भएको विवाद र कराँते महासंघको व्यवस्थापकीय कमजोरीका बाबजुद कराँते खेलाडी चीनबाट घाँटीमा पदक झुन्डाई फर्कने सुरमा छन् ।

### कराँते टिम

**पुरुष**

विनोद शाक्य (७५ किलोग्राम)
विनोद महर्जन (६० किलोग्राम)
कुशल श्रेष्ठ (६७ किलोग्राम) र काता
रवीन्द्र दाहाल (५५ किलोग्राम)

**महिला**

गंगा अधिकारी (६१ किलोग्राम मुनि)
तारा गुरुङ (६७ किलोग्राम मुनि)
रोजी नगरकोटी (५५ किलोग्राम मुनि) र काता
कल्पना बस्नेत (५० किलोग्राम मुनि)
प्रशिक्षक : राजेन्द्र कपाली, दीपक श्रेष्ठ र नावमी कुन्डो (जाइका स्वयं सेवक)

# मेगा मोडलको अन्तिम दौडमा छ जना

**साप्ताहिक समाचार**

गत अगस्ट महिनामा रियालिटी शोको अवधारणाअन्तर्गत इमेज च्यानलको पर्दामा प्रारम्भ भएको मेगा मोडल छान्ने प्रतियोगिताको अन्तिम दौडमा पुगेका ६ जना प्रतियोगीको निर्क्योल भएको छ । हरेक आइतबार र सोमबार राति ८ बजे शृङ्खलाबद्ध रूपमा प्रारम्भ हुने मेगा मोडल सिजन टुअन्तर्गत अडिसन राउन्ड हुँदै उत्कृष्ट १६ जना र त्यसपछि रियालिटी शो अवधारणाअन्तर्गत इलिमेनसन गरिँदै अन्ततः मेगा मोडलको अन्तिम दाबेदारका रूपमा ६ जना छानिएका हुन् । उत्कृष्ट १६ छानिएपछि

तस्विरहरू : इमेज च्यानल





चितवनको भ्रमणमा पुगेका मेगा मोडलका सहभागीहरूको व्यक्तिगत फोटो प्रोफाइल पनि तयार पारिएको थियो । मोडल सिजन भट्टचनको मेन्टरिङमा बिजोकस् स्कुल अफ फेसनबाट ग्रुमिङ भएका यी प्रतिस्पर्धीहरूले कोरियोग्राफर प्रशान्त ताम्राकारबाट र्‍याम्प मोडलिङसम्बन्धी थप मार्गनिर्देशन प्राप्त गरेका थिए ।

कार्यक्रम अवधिमै मेगा मोडलका सहभागीहरूले 'वाक द वाक' चरणमा र्‍याम्प मोडलका रूपमा आफ्नो प्रस्तुति दिए भने 'फोटोकपी' चरणअन्तर्गत सहभागीले दिइएको म्यागाजिनअन्तर्गतको कुनै पनि फोटो पोजलाई स्टेजमा पुनः प्रस्तुत गर्नुपरेको थियो । यसैगरी 'प्रेसर पोप्स' शीर्षकको चरणमा भने सहभागीहरूले आफ्नो सिर्जनशीलता एवं कल्पनाशीलताको प्रयोग गरी दिइएको कुनै प्रपलाई प्रयोग गरी मोडलिङ गर्नुपरेको थियो । उक्त चरणमा सरप्राइज प्याकेजका रूपमा सहभागीहरूले एक जना पुरुष मोडलसित पोज दिनुपरेको थियो । पुरुष मोडलका बारेमा भने सहभागीलाई पूर्वजानकारी दिइएको थिएन । यी सबै प्रस्तुति र तीन महिनाभन्दा लामो रियालिटी शोअन्तर्गत मेगा मोडल उपाधिका लागि प्रतिस्पर्धा गरिरहेका सहभागीहरूबाट उत्कृष्ट छान्ने अभिभारा भने मोडल सिजन भट्टचन, कोरियोग्राफर प्रशान्त ताम्राकार र ग्ल्यामर फोटोग्राफर राजभाइ सुवालको काँधमा थियो । अन्ततः उत्कृष्ट ६ मा पुगेका प्रतिस्पर्धीहरूमध्येबाट हिजो बिहीबार साँझ सम्पन्न ग्रान्ड फाइनलबाट इमेज मेगा मोडल सिजन टु का विजेताको छनौट भइसकेको छ । मेगा मोडलको मुख्य उपाधि विजेताको अन्तिम दौडमा पुगेका अस्मिता भण्डारी, अमिता जोशी, प्रगति गुरुङ, प्रकृति श्रेष्ठ, रश्मिता महर्जन तथा रोजी गुरुङमध्येबाट एक जना मेगा मोडल विजेता हुनेछिन् भने स्टाइलिस, फोटोजेनिक, बेस्ट वाकको विधामा नोमिनेट भएकामध्येबाट सम्बन्धित विधाका विजेताको नाम पनि घोषणा हुनेछ ।





# भाइटीका महोत्सवमा रमाए विदेशी



तस्विरहरू : सुदर्शन रञ्जित

पोखरा- नेपाली पहिरनमा युवायुवतीहरू देउसी-भैलोको गीत घन्काइरहेका थिए भने अर्कातिर विदेशी पर्यटकहरू सुकुलमा बसेर भाइटीका लगाउन तम्तयार देखिन्थे । यस्तो अवसर भाइटीका महोत्सव नै आयोजना गरेर पश्चिमाञ्चल होटल संघ पोखराले जुराएको हो । टीका लगाउन पर्यटक दाजुभाइ मात्र हैनन, दिदीबहिनीहरू पनि तयारी हुँदै थिए । सुरुमा पर्यटक दाजुभाइको टीका लगाउने चाँजोपाँजो जुऱ्यो । पंक्ति मिलाएर बसेका पर्यटकहरूलाई एसओएस बालग्रामका दिदीबहिनीहरूले निधारमा टीका, शिरमा ढाका टोपी र गलामा मालाको हार पहिराए ।

दिदीबहिनीहरूले चिरिच्याँट्ट पारेर सिंगार्दा पर्यटकहरू एकछिन त दंगिए । दिदीबहिनीहरूले टीका लगाइदिएपछि सगुन पनि दिए । पर्यटकहरू सेलरोटी र मिठाईको स्वाद लिन पनि पछि परेनन् । उनीहरूले टीका लगाएबापत दिदीबहिनीहरूलाई दक्षिणा पनि दिए । पर्यटकहरू नेपाली संस्कृतिको रमझममा भुल्न पाउँदा निकै हर्षित देखिन्थे । टीका लगाउने मात्र हैनन, नलगाउने विदेशीहरू पनि त्यो रमाइलो वातावरण आफ्नो क्यामेरामा कैद गर्न तँछाडमछाड गर्दै थिए । कतिले त भाइटीकाले फेरि-फेरि पनि नेपाल आउने वातावरण बनाएको प्रतिक्रियासमेत दिए । भाइटीकासँगै पर्यटकहरू देउसी भैलो गीतमा कम्मर मर्काउदै नाच्न पनि पछि परेनन् ।

विदेशी दाजुभाइलाई नेपाली दिदीबहिनीले टीका लगाइदिएपछि विदेशी दिदीबहिनीको पालो आयो । उनीहरू परम्परा अनुसार नेपाली दाजुभाइहरूलाई टीका लगाइदिँदा हर्षले गद्गद भए । आकर्षक पहिरनमा सजिएका विदेशी दिदीबहिनीहरूले आफ्ना दाजुभाइ थपिएको महसुस गरे ।

संघले पहिलो पटक २००४ मा पोखरामा भाइटीका महोत्सव गरेको थियो । प्रत्येक वर्ष आयोजना गर्ने संघको उद्देश्य रहे पनि अशान्तिका कारण बीचमा यो महोत्सव हुन सकेको थिएन । पर्यटकहरूलाई नेपाली संस्कृतिको पहिचान दिन र बसाइ लम्ब्याउने उद्देश्यले महोत्सव गर्दै आएको संघका अध्यक्ष विप्लव पौडेलले बताए ।

शिव शर्मा



# चाइल्ड आइकन भोलि

**साप्ताहिक समाचार**

तिहारअघि ट्यालेन्ट राउन्डमा आ-आफ्नो प्रतिभा प्रदर्शन गरेर ट्यालेन्ट एवार्डका लागि प्रतिस्पर्धा गरेका सहभागी बालबालिकाहरू तिहारलगत्तै पुनः प्रतियोगिताको अन्तिम तयारीमा जुटेका छन् । मिडिया ल्यान्डको आयोजना एवं ग्यालेक्सी मोडलिङ एजेन्सीको व्यवस्थापनमा सम्पन्न हुने 'चाइल्ड आइकन-२०१' शीर्षकअन्तर्गतको बालबालिकासम्बन्धी प्रतियोगिताका प्रतिस्पधी बालबालिका मुख्य उपाधिका लागि भोलि अन्तिम प्रतिस्पर्धामा भिड्नेछन् । काठमाडौं, भक्तपुर, ललितपुर, कीर्तिपुरलगायतका स्थानका १ दर्जनभन्दा बढी विद्यालयमा कक्षा १ देखि कक्षा ८ सम्म अध्ययन गर्ने बालबालिकाले सहभागिता जनाएको यो कार्यक्रम मेगा मोडल विजेता स्वस्तिका राजभण्डारीको कोरियोग्राफीमा सञ्चालन हुनेछ ।

# प्रशान्तसँगै नाचे इटहरीवासी



इटहरीमा जारी पर्यटन महोत्सवमा तेस्रो इन्डियन आइडल प्रशान्त तामाङसगैं इटहरीवासीले नाचेर मज्जा लिए । एकमहिनादेखि चलेको महोत्सवको अन्तिम दिन गीत गाउन आइपुगेका तामाङका नेपाली र हिन्दी गीतमा इटहरीबासीले नाचेर मज्जा लिएका हुन् । महोत्सवका अघिल्ला दिनहरूमा राजेशपायल राइ, निमा रुम्बा, बाबु बोगटी, प्रमोद खरेल आदिका गीतमा नाचेका इटहरीबासी सोमबार प्रशान्तका गीतमा नाच्न पाउँदा खुसी देखिन्थे ।

इटहरीकी समिता राईले प्रशान्तका गीतमा रमाउन र नाच्न नै मेलामा आएको बताइन् । एक महिनासम्म मेला हेर्न नआएकी उनलाई प्रशान्तको प्रस्तुती हेर्ने चाहनाले मेलामा तानेको हो । तामाङका गीतमा नाच्न र रमाउन आउनेहरूको संख्याले महोत्सव स्थल नै खचाखच भरिएको थियो । दर्शकको भीड देखेर खुसी भएका प्रशान्तले इन्डियन आइडल बन्दा नेपालीले गरेको माया र सहयोगका लागि आभार व्यक्त गर्दै गाउन सुरु गरे । असारै महिनामा पानी परी रुझाउने गीतबाट दर्शकलाई नचाउन सुरु गरेका गरेका तामाङले क्यानाम फकाउनै गाह्रो, रातो रानी फुलेझैं साँझमा तथा चलचित्र 'गोर्खा पल्टन' को शीर्ष गीत गाउँदा पनि दर्शकले नाचेर मज्जा लिए ।

कार्यक्रमको अन्त्यतिर तामाङले हिन्दी गीत बचना ए हसिनो, दिवानगी दिवानगी आदि गीत गाउँदै, नाच्दै दर्शकलाई मनोरञ्जन प्रदान गरे ।

शेखर ढकाल

होटल तालिम
(१००% रोजगारी मुलक)
कुक (इण्डियन, चाइनिज, कण्टिनेन्टल, इटालियन, मेक्सिकन) वेटर, बारमेन, क्याप्टेन, होटल सुपरभाइजर, रिसेप्सनिष्ट, हाउसकिपीङ्ग आदि ।
* 5 Star होटलका प्रशिक्षक बाट तालिम ।
* बिदेश जानेहरुको लागि स्पेशल कोर्ष ।
* Ex-practical को लागि होटलहरुमा पठाईने ।
अन्तराष्ट्रिय होटल तालिम प्रा.लि.
बालाजु चोक (Vision Institute) संगै
फोन: 01-4384548

हरेक महिलाले जान्नै पर्ने
बेकरी/कूकिङ्ग
अत्यन्त उपयोगी, रोजगारमूलक दुई हप्ते तालिम मंसिर १ गते देखि शुरु हुँदैछ । भर्ना खुल्यो ।

| | |
|---|---|
| ● कण्टिनेण्टल कूकिङ्ग | बिहान ११:०० बजे |
| ● बेकरी | दिउँसो १२:३० बजे |
| ● चाईनिज कूकिङ्ग | दिउँसो २:०० बजे |
| ● भारतीय मिठाई बनाउने तालिम | मंसिर ५ गते देखि १ हप्ता अपरान्ह ३:१५ बजे |

जमलेश्वर इन्स्टिच्यूट
(first & the foremost)
जमल- रानीपोखरी कर्नर, कमलाक्षी टोल
फोन नं. ४२४२६७१ / ९८४००५१३६५

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।